धर्मदेवी नगरपालिका, सङ्खुवासभा

# स्थानीय राजपत्र

खण्डः ६ | सङ्ख्याः ५ | मितिः २०८१/०६/१३

## भाग – २

### धर्मदेवी नगरपालिका, सङ्खुवासभा

# कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

धर्मदेवी नगरपालिका सङ्खुवासभा

# कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०६/१३

**प्रस्तावनाः** धर्मदेवी नगरपालिकाको "कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७६" को परिच्छेद ७ को दफा ३६ बमोजिम कृषि विकास कार्यक्रमलाई कृषकमुखी, व्यवस्थित, पारदर्शी एवम् प्रभावकारी रुपमा कार्यान्वयन गर्न नगर कार्यपालिकाबाट "कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८१" तयार गरी स्वीकृत गरीएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" रहनेछ ।

(२) यो कार्यविधि धर्मदेवी नगर कार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "नगरपालिका" भन्नाले धर्मदेवी नगरपालिका सम्झनुपर्दछ ।

(ख) "कृषि विकास शाखा" भन्नाले धर्मदेवी नगरपालिकाको कृषि विकास शाखा सम्झनुपर्दछ ।

(ग) "सेवा केन्द्र" भन्नाले धर्मदेवी नगरपालिका मातहतको कृषि सेवा केन्द्र सम्झनुपर्दछ ।

(घ) "कार्यक्रम" भन्नाले धर्मदेवी नगरपालिकाको कृषि विकास कार्यक्रम सम्झनुपर्दछ ।

(ङ) "सेवा" भन्नाले कृषि विकास सेवा सम्झनुपर्दछ ।

(च) "समूह" भन्नाले धर्मदेवी नगरपालिका भित्रका तथा साझेदारी स्वामित्वमा रहि नेपाल सरकारको कुनै पनि आधिकारिक निकाय वा धर्मदेवी नगरपालिकामा विधिवत रुपमा दर्ता भएको कृषि कार्यमा संलग्न सक्रीय कृषक समूह सम्झनुपर्दछ ।

(छ) "सहकारी" भन्नाले धर्मदेवी नगरपालिका भित्रका तथा साविकमा डिभिजन सहकारी कार्यालयमा र हाल धर्मदेवी नगरपालिकामा विधिवत रुपमा दर्ता/सूचिकृत भएको सक्रीय कृषि सहकारी सम्झनुपर्दछ ।

(ज) "फर्म" भन्नाले धर्मदेवीनगरपालिका भित्रका तथा एकल वा साझेदारी स्वामित्वमा रहि नेपाल सरकारको कुनै पनि आधिकारिक निकाय वा धर्मदेवी नगरपालिकामा विधिवत रुपमा दर्ता भएको कृषि कार्यमा संलग्न सक्रीय कृषि फर्म सम्झनुपर्दछ ।

(झ) "कार्यदल" भन्नाले नगरपालिकामा गठित कार्यदल सम्झनुपर्दछ ।

(ञ) "कार्यालय" भन्नाले धर्मदेवी नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ट) "कृषक सञ्जाल" भन्नाले धर्मदेवी नगरपालिका भित्र विधिवत रुपमा गठित वडास्तरीय एंव पालिकास्तरीय कृषकहरुको छाता समूह सम्झनुपर्दछ ।

(ठ) "आर्थिक विकास समिति" भन्नाले धर्मदेवी नगरपालिका, नगर कार्यपालिकाको को (कार्य विभाजन) नियमावली-२०७६ को नियम ४ को उपनियम ६ बमोजिम गठन भएको आर्थिक विकास समिति सम्झनुपर्दछ ।

३. **उद्देश्यहरुः** यस कार्यविधिको उद्देश्यहरु देहाय बमोजिम रहने छन् ।

(१) कृषि व्यवसायको उद्यमशीलता प्रवर्द्धन एवं व्यवसायीकरण गर्नका लागि आवश्यक प्रविधि तथा सीपलाई लक्षित वर्गसम्म पुऱ्याउन सहयोग स्वरुप अनुदान तथा टेवा प्रदान गर्ने ।

(२) कृषि व्यवसाय तथा उद्यम व्यवसायहरुको विकास एवं विस्तार गर्न उपभोक्ताहरुलाई उत्प्रेरित गर्ने ।

(३) कृषिजन्य बालीहरुको उत्पादन लागत घटाई स्वदेशी उत्पादनलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाउने ।

(४) कृषि व्यवसायलाई थप रोजगारको अवसर सृजना गरी आयआर्जनमा प्रेरित गर्दै लैजाने।

(५) प्राङ्गारिक खेतीलाई जोड दिँदै प्राङ्गारिक उत्पादन क्षेत्रको रुपमा विकास गर्दै लैजाने ।

(६) स्थानिय स्रोत साधनको उपयोगमा जोड, कृषि जैविक विविधताको संरक्षण, सम्वर्धन एवं दिगो र वैज्ञानिक उपयोग गरी पर्यावरणिय सन्तुलन कायम गर्न सहयोग पुर्याउने ।

(७) सरकारी, गैरसरकारी तथा निजी संस्थाहरुको क्षमता अभिवृद्दि गर्दै श्रोत केन्द्र सुदृढीकरण र दिगो सेवा प्रदान गर्ने ।

(८) एक वडा एक उत्पादन कार्यक्रम मार्फत प्रत्येक वडालाई बाली विशेष क्षेत्रको रुपमा विकास गर्दै लैजाने ।

(९) कृषिजन्य कच्चा पदार्थमा आधारित उद्योगको स्थापना, सामग्री उत्पादन, प्रशोधन, प्याकेजिङ, ब्राण्डिङ तथा बजारीकरणका लागि संघ तथा प्रदेश मातहतका सरकारी निकायहरु तथा गैरसरकारी संस्थाहरुसँग समन्वय तथा सहकार्य गरीयोजना बनाई कार्यान्वयन गर्ने ।

४. **सूचना प्रकाशन, अनुगमन, मूल्याङ्कन, छनौट, सम्झौता तथा कार्यक्रम सञ्चालनः**

कृषि विकास शाखाको कार्यक्रमहरुको योजना निर्माण, छनौट, अनुगमन-मूल्यांकन, सञ्चालित कार्यहरुको समीक्षा जस्ता महत्वपुर्ण कार्यहरुका लागि धर्मदेवी नगरपालिका, नगर कार्यपालिकाको को (कार्य विभाजन) नियमावली-२०७६ को नियम ४ को उपनियम ६ बमोजिम गठन भएको आर्थिक विकास समितिले कार्य गर्ने छ । त्यस्तै बहुपक्षीय कार्यक्रमहरु विषयगत शाखाहरुसँग समन्वय गरी सञ्चालन गरिने छ ।आर्थिक विकास समितिको अनुपस्थितिमा नगरपालिकाको नगर उप-प्रमुखको संयोजकत्वमा गठित कार्यदलले आवश्यक कार्य गर्ने छ ।आवश्यकतानुसार नगर प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रशासन शाखा प्रमुख, लेखा शाखा प्रमुखलाई आमन्त्रित सदस्यको रुपमा समितिमा आमन्त्रण गर्न सकिनेछ ।

कार्यक्रम सञ्चालनका लागि कम्तिमा १५ दिने सार्वजनिक सूचना अनुसूची-१ बमोजिम प्रकाशन गरिनेछ । सूचना प्रकाशन पश्चात् तोकिएको समयसीमाभित्र ईच्छुक आवेदकहरुले अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ । आवेदनहरुको आर्थिक विकास समिति एवं सरोकारवालाहरुबाट स्थलगत अनुगमन गरी अनुसूची-५ बमोजिम मूल्यांकन गरी छनौट गरिनेछ । छनौट भएका लाभग्राहीहरुलाई अनुसूचि-३ बमोजिम कार्यक्रम सम्झौताका लागि ७ दिने सार्वजनिक सूचना प्रवाह गरिनेछ । अनुसूची ४ बमोजिमको ढाँचामा लाभग्राहीहरुसँग सम्झौता गरी कार्यक्रम सञ्चालन हुनेछ ।

५. **संस्थागत विकास कार्यक्रमः** मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहानाहरु भएका न्युनतम् १५ वा सो भन्दा बढी व्यक्तिहरु मिलि आफ्ना निश्चित साझा उद्देश्यहरु सामुहिक प्रयत्नद्वारा प्राप्त गर्न बनाइएको सङ्गठनलाई समूह भनिन्छ ।कृषि विकासका कार्यक्रमहरु, सेवा एवं प्रविधि प्रवाहको सहजताका लागि कृषि कार्यमा संलग्न कृषकहरुको सांगठनिक स्वरुपलाई कृषक समूहको रुपमा लिइएको छ ।कृषि विकासका कार्यक्रमहरु सञ्चालन तथा कार्यान्वयन कृषक समूह, सहकारी, व्यवसायिक फर्म, व्यवसायिक कृषकमार्फत गरिने छ ।

५.१. **कृषक समूह गठन/पुनर्गठन कार्यक्रमः** धर्मदेवीनगर कार्यपालिकाको कार्यालयमा कृषक समूह दर्ता गरिनेछ । दर्ता दस्तुर रु ५००/- लाग्नेछ । समूह दर्ताको लागि कृषक समूहले समूहका सदस्यहरुको विवरण सहितको निवेदन, २ प्रति समूहको विधान, कार्य समितिका पदाधिकारीहरुको नागरीकताको प्रमाणित प्रतिलिपि, कृषक भेला तथा दर्ता गर्ने निर्णयको प्रतिलिपि, सम्बन्धित वडा कार्यालयको सिफारिस समेत पेस गर्नुपर्नेछ । आवश्यक कागजात रुजु गरी उपयुक्त देखिएमा कृषि विकास शाखाले कृषक समूह दर्ता गर्नेछ । दर्ता भएको समूहको अवधि १ वर्षको रहनेछ । यसरी दर्ता भएको समूहको अभिलेख नगरपालिकामा (**समूह दर्ता फाराम नं.१ बमोजिम**) राखिनेछ ।कृषक समूहले आवश्यकताको आधारमा गठित कृषक समूह पुनर्गठन गर्न सक्नेछ र सो को जानकारी नगर कार्यपालिकाको कार्यालयमा ३० दिनभित्रमा गराउनुपर्दछ ।

५.१.१. **कृषक समूह नवीकरण गर्नेः** कृषक समूहले आफ्नो कृषक समूह दर्ता प्रमाण-पत्रको नवीकरण गर्नुपर्नेछ ।यसको लागि कृषक समूहले प्रमाणपत्रको म्याद सकिएको ३५ दिनभित्र निवेदनका साथमा सक्कल प्रमाणपत्रसहित कार्यालयमापेस गर्नुपर्नेछ र सो को लागि रु. १००/- राजश्व नवीकरण शुल्क बापत लाग्नेछ ।म्याद सकिएको ३६ औं दिन देखि एक वर्षसम्म रु. २००/- राजश्व शुल्क लाग्नेछ भने एक वर्षपश्चात प्रत्येक वर्ष रु. १०० का दरले थप राजश्व लाग्नेछ ।कृषक समूहको प्रमाणपत्र ३ वर्षसम्म नवीकरण नगरेमा पुन:नवीकरणगर्न कार्यालय बाध्य हुने छैन। प्रमाणपत्र हराएमा प्रमाणपत्रको प्रतिलिपि लिन पहिलो

वर्ष रु. २०० दस्तुर लाग्नेछ र नलिएको खण्डमा प्रत्येक वर्ष दस्तुर दोब्बर हुँदै जानेछ ।

५.१.२. कृषक समूहको विधानको नमूना अनुसूची ६ बमोजिम हुनेछ । समूह गठन गरी कार्य समितिबाट विधान स्वीकृत गराई दर्ताको लागि २ प्रति समावेश गरि नगर कार्यपालिकाको कार्यालयमा पेस गर्नु पर्नेछ ।

५.१.३. कृषि विकासका कार्यक्रमहरु प्रभावकारी रुपले सञ्चालन गर्नका लागि कृषक समूहको अलावा कृषि सहकारी, व्यवसायिक फर्म, व्यवसायिक कृषक, कृषक सञ्जाल मार्फत पनि गरिनेछ ।नगरपालिका भित्रका तथा साविकमा डिभिजन सहकारी कार्यालय र घरेलु कार्यालयमा दर्ता भई हाल नगरपालिका कार्यालयमा दर्ता भएका फर्म तथा सहकारीहरु सूचिकृत गरी नगरपालिकाको कार्यालयमा अभिलेख राखिनेछ । कृषक समूह, कृषि सहकारी तथा फर्म सबैले स्थायी लेखा नं.(PAN) अनिवार्य रुपमा लिएको हुनु पर्नेछ ।

## ६. तालीम कार्यक्रमः

### ६.१. नगरस्तरीय कृषक तालीमः

६.१.१. **परिचय / पृष्ठभूमीः** नगरपालिका स्तरीय कृषक तालीम भन्नाले नगरपालिकाको कार्यालय वानगर क्षेत्रभित्र सञ्चालन गरिने तालीम सम्झनुपर्दछ । कृषिका विविध विषय विशेष तालीमहरुनगरपालिका स्तरमा १-७ दिनसम्म सञ्चालन गरिनेछ । यस तालीममा बढीमा ३५ जना कृषक सहभागी हुनेछन्।

६.१.२. **कार्यक्रमको उद्देश्यः** कृषकहरुको विषय विशेष ज्ञान सीप अभिवृद्दि गर्नु तालीमको उद्देश्य हुनेछ।

६.१.३. **कार्यक्रमको प्राविधिक पक्ष/ सञ्चालन प्रकृया/ कार्यविधिः**

(१) तालीममा सहभागी छनौट गर्दा, समूहमा योगदान पुर्याएको, आफूले सिकेको कुरा अरुलाई सिकाउन अग्रसर रही नगरको कृषि विकासमा केही गर्छु भन्ने भावना भएको कृषक हुनुपर्नेछ।

(२) तालीममा महिला कृषकलाई प्राथमिकता दिई मिश्रित समूहबाट समेत सकभर महिला सहभागी छनौट गर्नुपर्नेछ।

(३) तालीम व्यवस्थापनमा संलग्न हुने प्राविधिकहरुसँग मिलेर तालीम कार्यक्रम तयार गरी तालीम संयोजकले निम्नानुसार कार्य गर्नुपर्नेछ।

(क) सहभागी हुने कृषकहरुलाई तालीमको जानकारी गराई सहभागी हुन बोलाउने।

(ख) शैक्षिक सामग्रीहरु (श्रव्य दृश्य) को व्यवस्था मिलाउने।

(ग) तालीम कार्यक्रममा फिल्ड भ्रमण, फिल्ड तालीम, फिल्ड अध्ययनको व्यवस्था भएमा सम्बन्धित संस्थाहरुसँग पूर्व सम्पर्क राखी कार्यक्रम निश्चित गर्ने।

(घ) प्रयोगात्मक अभ्यास गर्नुपर्ने भएमा आवश्यक सामग्रीहरुको बन्दोवस्त गर्ने।

६.१.४. नगरपालिका स्तरीय तालीम कार्यक्रमको आर्थिक पक्ष/खर्चको मापदण्ड बमोजिम हुनेछ।

| क्र.स. | नर्म्सको विवरण | ईकाई | दर |
|---|---|---|---|
| १ | कार्यपत्र तयारी वापत पारिश्रमिक | रु. प्रति कार्यपत्र | १२००/- |
| २ | कार्यपत्र प्रस्तुतीकरण वापत पारिश्रमिक | रु. प्रति कक्षा | ८००/- |
| ३ | सहभागीको खाजा (संयोजक,श्रोत व्यक्ति,प्रतिवेदक र सहयोगी कमर्चारीलाई समेत (उद्घाटन तथा समापन समारोहमा एक-एक पटक खाजा थप गर्न सकिने) | रु./सहभागी/दिन | २००/- |
| ४ | शैक्षिक सामग्री (प्रति कार्यक्रम) | रु./सहभागी | १००/- |
| ५ | तालीम सामग्री (रजिष्टर, मेटा कार्ड मार्कर, टेप, स्केल, फोटोकपी पेपरआदि) | एकमुष्ठ रु. | ५०००/- |
| ६ | तालीम सुविधा (तालीम कक्ष तथा भाडामा लिनुपर्ने उपकरणको भाडा) | रु./दिन | प्रचलित बजार दर अनुसार |
| ७ | संयोजक भत्ता (अधिकतम १५ कार्य दिनसम्म प्रतिदिन) | रु./ दिन | ४००/- |
| ८ | सहयोगी भत्ता (अधिकतम १५ कार्य दिनसम्म प्रतिदिन) | रु./दिन | १५०/- |
| ९ | वस्तुगत टेवाः (झोला, पेनड्राइभ,कच्चा पदार्थ, नमुना, इन्धन, पोकावन्दीका सामान, खरिद गर्नुपर्ने सानातिना औजारआदि वितरण) | एकमुष्ठ रु. | प्रचलित बजार दर अनुसार |
| १० | विविध (प्रमाण पत्र, पानी, सरसफाई, ब्यानर ईत्यादिका लागि) | एकमुष्ठ रु. | ५०००/- |
| ११ | प्रतिवेदकको पारिश्रमिक | रु./कार्यक्रम | १०००/- |
| १२ | सहभागी कृषक दैनिक भ्रमण तथा आवास खर्च | रु./सहभागी /प्रतिदिन | दै.भ्र.भ.को |

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

| | | | |
|---|---|---|---|
| | | | प्रचलित दर अनुरुप |
| १३ | सहभागी कृषक भाडा आतेजाते मात्र | रु./सहभागी | प्रचलित दर अनुरुप |

६.१.५. **द्रष्टव्यः**

(१) नगरपालिकास्तरीय कृषक तालीमको हकमा नगरपालिकाबाट स्वीकृत मापदण्डलाई आधार लिई तालीम खर्च गर्नु पर्नेछ।

(२) एउटाकक्षाको अवधि कम्तिमा १ घण्टा ३० मिनेट हुनु पर्दछ।

(३) कार्यपत्र तयार पार्दा प्रशिक्षार्थीहरुको स्तर सुहाउँदो शब्दावलीहरु तथा भाषा प्रयोग गर्नु पर्दछ।

(४) यसरी तयार पारिएको कार्यपत्र भन्नाले कम्तिमा ७५० शब्दको प्रबन्धपत्र सम्झनु पर्दछ।

(५) पारदर्शक पाना,प्रस्तुतीकरण टिपोट वा प्रस्तुतीकरणको प्रयोजनका लागि तयार पारिएको अरु त्यस्तै सामग्रीको छायाँ प्रति कार्यपत्र हुँदैन।

(६) एकपटक प्रस्तुत गरेको कार्यपत्र पुनः प्रयोग गर्न परेको खण्डमा उक्त कार्यपत्रमा आधुनिक प्रविधिहरु समेत समावेश गरी परिमार्जन गरेर मात्र प्रयोग गर्नु पर्नेछ।

(७) प्रस्तुत गरिने कार्यपत्रमा प्रशिक्षार्थीहरुको स्तर, कार्यपत्रको शीर्षक, प्रस्तुतकर्ताको नाम, पद तथा प्रस्तुत गरेको मिति समेत उल्लेख गर्नु पर्नेछ।

## ६.२. घुम्ती स्थलगत कृषक तालीमः

६.२.१. **परिचय / पृष्ठभूमीः** नगरपालिका भित्रका पकेट क्षेत्रहरु तथा कृषक समूहहरुलाई छोटो समय अवधिको कृषक स्तरीय तालीम सञ्चालन जरुरी भएको र पकेट क्षेत्रका तथा अन्य कृषकहरुको समस्या थलो मै समाधान गर्न र समय सापेक्ष नयाँ प्रविधिहरु कृषक समक्ष पुऱ्याउन घुम्ति तालीमको अहम् भूमिका रहेकोले यस किसिमको तालीम पकेटक्षेत्रमा तथा कृषक समूहहरुका बीचमा सञ्चालन गर्न आवश्यक देखिएको छ।

६.२.२. **कार्यक्रमको उद्देश्यः**

(१) बाली, बागवानी, मौरी, च्याउ, माटो व्यवस्थापन, खाद्य तत्व व्यवस्थापन, बाली संरक्षण लगायत अन्य महत्वपूर्ण प्रविधिहरुको समय सापेक्ष प्रसार एवं हस्तान्तरण गर्ने।

(२) सम्बन्धित बालीको पकेट क्षेत्र एवं कृषक समूहहरुलाई आइपरेका समस्याहरुको स्थलगत रुपमै समाधान गर्ने।

(३) कृषकहरुलाई प्रविधि अनुसरण गर्न उत्प्रेरित गर्ने र जागरुक कृषकहरुलाई प्राविधिक ज्ञान दिलाउने।

६.२.३. **कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः**

(१) घुम्तीस्थलगततालीम बढीमा ३ दिनसम्मको हुन सक्ने छ।

(२) घुम्ती स्थलगत तालीम कृषक समूहमा, पकेट क्षेत्रहरुमा सञ्चालन गरिनेछ।

(३) घुम्ती स्थलगत तालीममा बढीमा ३० जना सहभागी र सहभागीहरु मध्ये ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुनु पर्नेछ।

(४) घुम्ती स्थलगत तालीममा सहभागी हुने कृषकहरुले दैनिक भ्रमण भत्ता र होटल बास खर्च पाउने छैनन्।

(५) घुम्ती स्थलगत तालीममा १ दिनमा ४ वटा भन्दा बढि कक्षा राखिने छैन।

६.२.४. घुम्ति स्थलगत तालीम कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स देहाय बमोजिम हुनेछ।

| **क्र.सं.** | **नर्म्सको विवरण** | **ईकाई** | **दर** |
|---|---|---|---|
| १ | कार्यपत्र तयारी वापत पारिश्रमिक | रु. प्रति कार्यपत्र | १२००/- |
| २ | कार्यपत्र प्रस्तुतिकरण वापत पारिश्रमिक | रु. प्रति कार्यपत्र | ८००/- |
| ३ | सहभागीको खाजा (संयोजक, श्रोत व्यक्ति, प्रतिवेदक र सहयोगी कमर्चारीलाई समेत (उद्घाटन तथा समापन समारोहमा एक-एक पटक खाजा थप गर्न सकिने) | रु./सहभागी/दिन | २००/- |
| ४ | मसलन्द (शैक्षिक सामग्री) | रु./सहभागी | १००/- |
| ५ | तालीम सामग्री (रजिष्टर, मेटा कार्ड, मार्कर, टेप, स्केल, फोटोकपी पेपर | रु. | २५००/- |

| | | | |
|---|---|---|---|
| | आदि) | | |
| ६ | तालीम सुविधा (तालीम कक्ष तथा भाडामा लिनुपर्ने उपकरणको भाडा) | रु. | प्रचलित बजार दर अनुसार |
| ७ | संयोजक भत्ता प्रतिदिन | रु. | ४००/- |
| ८ | सहयोगी भत्ता प्रतिदिन | रु. | १५०/- |
| ९ | वस्तुगत टेवा, बीउबिजन, कृषि सामग्रीकच्चा पदार्थ, नमुना, इन्धन, पोकावन्दीका सामान, खरिद गर्नुपर्ने सानातिना औजार,आदि वितरण | रु. | प्रचलित बजार दर अनुसार |
| १० | विविध (प्रमाण पत्र, पानी, सरसफाई, तुल/ब्यानर ईत्यादिका लागि) | रु. | २५००/- |
| ११ | प्रतिवेदकको पारिश्रमिक | रु./कार्यक्रम | १०००/- |

६.२.५. **द्रष्टव्यः**

(१) घुम्ती स्थलगत कृषक तालीमको हकमा नगरपालिकाबाट स्वीकृत मापदण्डलाई आधार लिई तालीममा खर्च गर्नु पर्नेछ ।

(२) तालीम सञ्चालन गर्दा सकेसम्म वडा भित्रका सम्बन्धित बालीको पकेट र कृषक समूहमा नै सञ्चालन गर्नु पर्नेछ ।

(३) तालीम सञ्चालन हुने मिति, समय र स्थान निधो गरी सम्बन्धित सहभागीलाई तालीम अगावैजानकारी गराउनु पर्नेछ ।

## ७. भ्रमण कार्यक्रमः

### ७.१. अन्तर पालिका कृषक भ्रमण कार्यक्रमः

७.१.१. **परिचय पृष्ठभूमि तथा उद्देश्यः** कृषकहरुलाई वरपरका नगरपालिकाका उत्पादन स्थल वा फर्महरुमा भ्रमण गराउँदै त्यहाँका व्यवसायिक बाली उत्पादन कार्यक्रमका नविनतम् कृषि प्रविधिहरुबाट प्रभावित गराई उक्त प्रविधि अवलम्बन गर्न सघाउ पुर्याउनु यस कार्यक्रमको उद्देश्य हुनेछ ।

७.१.२. **कार्यक्रमको प्राविधिक पक्ष/ सञ्चालन प्रकृया / कार्यविधिः**

(१) भ्रमणको लागि केही पढेका, सिक्न सक्ने र सिकाउने भावना भएका कृषक छनौट गरिनेछ ।

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

(२) भ्रमण कार्यक्रम (अवलोकन स्थल, बस्ने स्थान आदि)को तालिका अग्रिम रुपमा तयार गरी भ्रमण गरिने स्थल एवं सम्बन्धित व्यक्तिहरु तय गरी भ्रमण कार्यक्रम आरम्भ गरिनेछ।

(३) भ्रमणलाइ लाभप्रद तुल्याई अन्त्यमा समीक्षा गरिनेछ ।

(४) भ्रमण सुरु गर्न तोकिएको स्थानमा भेला हुन र फर्कन बाटोको म्याद बाहेक कृषक भ्रमणको अवधि ३-५ दिनको हुनेछ।

(५) सहभागी कृषकहरु बढीमा ३० जना हुनेछन् ।

**७.१.३. कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्सः**

| क्र.सं. | नर्म्सको विवरण | ईकाई | दर |
|---|---|---|---|
| १ | बस रिजर्भेशन भाडा तथा व्यवस्थापन | | स्वीकृत दर अनुसार |
| २ | स्थलगत अवलोकन वापत प्रस्तुतकर्ताको पारिश्रमिक(प्रस्तुति वापत) | रु./अवलोकन स्थल | १०००/- |
| ३ | कर्मचारीको दैनिक भ्रमण तथा आवास खर्च | रु./सहभागी/प्रतिदिन | स्वीकृत भ्रमण खर्च नियमावली अनुसार |
| ४ | सहभागीको दैनिक भ्रमण तथा आवास खर्च | रु./सहभागी/प्रतिदिन | स्वीकृत भ्रमण खर्च नियमावली अनुसार |
| ५ | मसलन्द(शैक्षिक सामग्री) | रु./सहभागी | १००/- |
| ६ | प्रतिवेदकको पारिश्रमिक | रु./कार्यक्रम | १०००/- |
| ७ | खाजा खर्च | रु./सहभागी | २००/- |
| ८ | प्राथमिक उपचार | एकमुष्ठ | ५०००/- |
| ९ | विविध खर्च | एकमुष्ठ | ५०००/- |

## ७.२. अन्तर समूह कृषक भ्रमण

**७.२.१. परिचय / पृष्ठभूमिः** उत्कृष्ट कृषक समूहले गरेको कृषि गतिविधि प्रत्यक्ष रुपमा हेरी अन्य समूहलाई उत्प्रेरित गर्न अन्तर समूह कृषक भ्रमण गरिनेछ ।

७.२.२. **कार्यक्रमको उद्देश्यः**

(१) कृषकहरुलाई नगरपालिका भित्रै उत्कृष्ट कृषक समूहको उत्पादन स्थल वा फार्महरुमा भ्रमण गराई विविध गतिविधि अवलोकन गर्ने मौका प्रदान गर्नु।

(२) एउटा समूहका सदस्यहरुलाई नगरपालिका भित्रै अर्को समूहहरुमा भए गरेका गतिविधिहरुको अवलोकन गराई एक आपसमा सिक्ने मौका प्रदान गर्नु ।

(३) नगरपालिकाका विविध समूहहरु बीच आपसी मित्रता अभिबृद्धि गराउनु ।

७.२.३. **कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः** भ्रमणमा लगिने स्थानका कृषक समूहरुलाई अग्रिम खबर गरी उनीहरुलाई आफूले गरेका कृषिजन्य क्रियाकलापहरुको साथै अन्य विकास कार्यबारे बताउन तयारी हुने व्यवस्था मिलाइनेछ । यो कार्यक्रम उल्लेखित अन्तर पालिका कृषक भ्रमणमा जस्तै कार्यविधि अपनाई छोटो रुपमा नगरपालिका भित्रै सञ्चालन गरिनेछ ।

७.२.४. **कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्सः** अन्तर पालिका कृषक भ्रमणको नर्म्स अनुसार खर्चगरिनेछ ।

## ८. प्रकाशन कार्यक्रम

### ८.१. कृषि बुलेटिन प्रकाशनः

८.१.१. **परिचय / पृष्ठभूमिः** नगरपालिकास्तरमा जनचेतना जगाउन, प्रविधि प्रसार गर्न तथा कृषिको व्यावसायीकरण तथा विविधीकरणमा टेवा प्रदान गर्न एवं कृषि सम्बन्धी गतिविधिहरुबारे सरोकारवालाहरुलाई सुसूचित गराउने उद्देश्यले कृषि बुलेटिन प्रकाशन गरिनेछ ।

८.१.२. **कार्यक्रमको उद्देश्यः** स्थानीय स्तरमा कृषकको आवश्यकता अनुसार प्रविधि प्रसारण गर्न तथा नगरपालिकाको कृषि गतिविधिहरुबारे सरोकारवालाहरुलाई सुसूचित गराउने ।

८.१.३. **कार्यक्रमको प्राविधिक पक्ष / सञ्चालन प्रकृया / कार्यविधिः** बुलेटिनमा नगरपालिकास्तरमा सम्भाव्य प्रविधिहरुलाई समेटेर जानकारीमुलक प्रविधि, आगामी सिजनमा गरिने प्रमुख कृषि कर्महरु, अनुसन्धानबाट सिफारिस भएका नयाँ प्रविधि, सफलताको कथा, समस्या समाधानमुलक जानकारी तथा मुख्य-मुख्य कृषि गतिविधि इत्यादि संलग्न गरिनेछ ।बुलेटिन प्रकाशन गर्दा नगरपालिकास्तरमा सम्पादक मण्डल बनाई यथासम्भव बाली, बागवानी, मत्स्य, बाली संरक्षण, बजार, कृषिप्रसार आदि सबै क्षेत्रका जानकारी समेटिनेछ । प्रकाशनलाई यथासम्भव सहभागितात्मक बनाइनेछ ।बुलेटिन न्यूनतम A4 size

paper मा एक पटकमा कम्तिमा १०० प्रति प्रकाशन गरिनेछ । बुलेटिन त्रैमासिक एवं चौमासिक रुपमा प्रकाशन गरिनेछ ।

८.१.४. **कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्सः**

(१) बुलेटिन ४ पेजको लागि बढीमा रु. ४०००/-

(२) वुलेटिन ६ पेजको लागि बढीमा रु. ६०००/-

(३) वुलेटिन ८ पेजको लागि बढीमा रु. ८०००/-

(४) रङ्गिन फोटो राखेर रङ्गिन छपाई गर्दा बढीमा ५०% रकम थप गर्न सकिनेछ।

८.२. **कार्यक्रम तथा प्रगति पुस्तिका प्रकाशन कार्यक्रमः**

८.२.१. **परिचय / पृष्ठभुमिः** नगरपालिकामा सञ्चालित र सम्पादित कार्यक्रमहरु तथा भए गरेका प्रगतिको साथै अन्य विवरणहरु समेत सम्बन्धित सबैलाई जानकारी गराउने उद्देश्यले यस किसिमको प्रकाशन गरिनेछ ।

८.२.२. **कार्यक्रमको उद्देश्यः** नगरपालिकाको कृषि विकास कार्यक्रम तर्फका सबै एकाईहरु (बाली, बागवानी, योजना, प्रसार आदि)लाई समेटी वार्षिक कार्यक्रम, प्रगति, विशेष कार्यहरु र अन्य वस्तुगत विवरणहरु प्रकाशन गर्नु।

८.२.३. **कार्यक्रमको प्राविधिक पक्ष / सञ्चालन प्रकृया / कार्यविधिः** पुस्तिका प्रत्येकआ.व.को प्रथम चौमासिक भित्रमा निकालिनेछ ।कार्यक्रम तथा प्रगति पुस्तिका देहायको निर्दिष्ट ढाँचा अनुरुप प्रकाशन गरिनेछ ।

(१) नगरपालिकाको नक्सा

(२) खण्ड १- परिचयात्मक विवरण ।

(३) खण्ड २-नगरपालिकाको उद्देश्यहरु,कार्यनीतिहरु तथा कार्यक्रमहरु ।

(४) खण्ड ३-नगरपालिकाको कृषि विकास शाखाकोउद्देश्यहरु, कार्यनीतिहरु तथा कार्यक्रमहरु ।

(५) खण्ड ४-विभिन्नप्राविधिक शाखाहरुको कार्यक्रम विवरण ।

(६) खण्ड ५-विभिन्नप्राविधिक शाखाहरुको कार्यक्रम प्रगति लगायत कृषिसँग सम्बन्धित गैर सरकारी संस्था एवं कृषक समूहको विवरण ।

(७) खण्ड ६- कृषि विकास शाखा तथा कार्यक्रमसँग सम्बन्धितसम्पूर्ण तथ्याङ्क।

८.२.४. **कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्सः** वार्षिक कृषि विकास कार्यक्रम तथा तथ्यांक पुस्तिका एक झलक प्रकाशन गर्दा लाग्ने खर्च स्वीकृत नगरपालिकाको स्थानीय दर रेट वा प्रचलित बजार भाउ अनुसार गरिनेछ ।

८.३. बुकलेट प्रकाशन कार्यक्रमः

८.३.१. **परिचय / पृष्ठभूमिः** नगरपालिकास्तरमा कृषकहरुलाई उन्नत खेती प्रविधि, बजार, बाली संरक्षण, कृषि यान्त्रीकरण लगायतका विविध नविनतम् प्रविधिबारे प्राविधिक ज्ञान प्रदान गरी जनचेतना जगाउन, प्रविधि प्रसार गर्न तथा कृषिको व्यावसायीकरण तथा विविधीकरणमा टेवा प्रदान गर्न एवं कृषि सम्बन्धी गतिविधिहरुबारे कृषकहरुलाई सुसूचित गराउने उद्देश्यले बुकलेट प्रकाशन गरिनेछ ।

८.३.२. **कार्यक्रमको उद्देश्यः** नगरपालिकाको कृषि विकास कार्यक्रम तर्फका सबै एकाईहरु (बाली, बागवानी, योजना, माटो सुधार, बाली संरक्षण, कृषि यान्त्रीकरण, प्रसार आदि)लाई समेटी उन्नत कृषि प्रविधि मुलक पुस्तिका प्रकाशन गर्नु।

८.३.३. **कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः** बुकलेटमा उन्नत कृषि प्रविधिहरुलाई समेटेर प्राविधिक एंव जानकारीमुलक प्रविधि, अनुसन्धानबाट सिफारिस भएका नयाँ प्रविधि, सफलताको कथा, समस्या समाधानमुलक जानकारी तथा मुख्य-मुख्य कृषि गतिविधि इत्यादि संलग्न गरिनेछ ।बुकलेट प्रकाशन गर्दा बाली, बागवानी, मत्स्य, माटो संरक्षण, बाली संरक्षण, बजार, कृषिप्रसार आदि सबै क्षेत्रका जानकारी समेटिनेछ । प्रकाशनलाई यथासम्भव सहभागितात्मक बनाइनेछ ।बुकलेट एक पटकमा कम्तिमा १०० प्रति प्रकाशन गरिनेछ।

८.३.४. **कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्सः** बुकलेट पुस्तिका प्रकाशन गर्दा नगरपालिकाको स्वीकृत दर रेट वा प्रचलित बजार भाउ अनुसार खर्च गरिनेछ।

९. **कृषक समूह/कृषि सहकारी संस्थाको प्रस्तावना/मागमा आधारित कार्यक्रमः**

९.१. **परिचय पृष्ठभूमीः** कृषि क्षेत्रमा लगानी आकर्षण गर्न, विभिन्न साझेदारहरुको सीप, दक्षता तथा अनुभवलाई प्रभावकारी रुपमा परिचालन गर्न साझेदारी प्रणाली मार्फत कृषिप्रसार सेवा एवं उत्पादन कार्यमाप्रभावकारिता ल्याउन महत्वपूर्ण योगदान पुऱ्याउने कृषक समूह एवं कृषि सहकारी संस्थाहरुले जम्मा गरेको बचत/हितकोष रकम उल्लेख्य रहेको तर प्रभावकारी परिचालन हुन नसकेको स्थितिमाउक्त रकमलाई कृषि क्षेत्रमा प्रभावकारी रुपमा परिचालन गर्नकृषक समूह, कृषि सहकारी संस्थामार्फत प्रस्तावना तथा मागमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ ।

९.२. **कार्यक्रमको उद्देश्यः**

(१) कृषक समूह एवं कृषि सहकारी संस्थाको हितकोष रकमलाई कृषि क्षेत्रको उत्पादन एवं उपलब्धिमुलक क्षेत्रमा प्रभावकारी परिचालन गर्ने ।

(२) समूह/संस्थाको संस्थागत लगनशीलता, कार्य दक्षता एवं जिम्मेवारीपनको विकास गर्दै क्षमता वृद्दि गर्ने ।

(३) कृषिको व्यवसायीकरणमा टेवा पु-याउने ।

(४) कृषक समूहहरुलाई सहकारीकरण तर्फ उन्मुख गराउने ।

९.३. **कार्यक्रमको प्राविधिक पक्ष / सञ्चालन प्रकृया / कार्यविधिः** कृषकहरुलाई समूहमा सङ्गठित हुन सहयोग पु-याई उनीहरुको समूहलाई नै कृषि प्रसारको सशक्त माध्यमको रुपमा उपयोग गर्ने उद्देश्यले नगरपालिका भित्रका दर्ता भएका कृषक समूह एवं सहकारी संस्थाहरुको प्रस्तावनाको आधारमा समूह/संस्थालाई उत्पादन साधनको आपूर्ति, उत्पादित वस्तुको खरिद बिक्री, सङ्कलन,प्रशोधन,प्रविधिप्रसार तथा समूह/सहकारीमा आधारित खेती विधि सञ्चालन प्रकृयामा सहयोग पु-याउन नगरपालिकाबाट सहयोग प्रदान गरी साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिने छ । समूह/सहकारी संस्थाले पेस गरेका प्रस्तावनाहरु मध्ये उपयुक्त प्रस्तावनाको छनौट गरी सो समूह वा संस्थालाई आर्थिक एवं प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

९.४. **कार्यक्रम सञ्चालन कार्यविधिः**

(१) नगरपालिकाको कार्यालयले वार्षिक कार्यक्रम बजेट प्रस्ताव गर्नेछ ।

(२) एक वर्षको लागि सञ्चालन गर्न सकिने आयोजनाका लागि साझेदारीमा प्रस्ताव पेस गर्न नगरपालिकाबाट सार्वजनिक सूचना प्रवाह गरिनेछ ।

(३) साझेदारी कार्यक्रम प्रस्ताव गर्दा नगरपालिकाबाट सेवा प्रभावकारितामा वृद्दि गर्ने, रोजगारी सिर्जना गर्ने, आय वृद्दि गर्नेतथा प्रविधि प्रसारगर्ने जस्ता कार्यक्रमलाईप्राथमिकता दिनुपर्नेछ ।

(४) कार्यक्रमका लागि समूह/सहकारी संस्थाबाट तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ।

(५) कार्यक्रम सञ्चालनका लागि समूह/संस्था छनौट गर्दा पिछडिएका वर्ग, क्षेत्र, लिङ्ग एवं समुदायका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

(६) समूह/संस्थाको प्रस्तावना कार्यान्वयन सम्बन्धी निर्णय नगरपालिकाबाट स्वीकृत गराउनु पर्नेछ।

(७) आयोजना छनौट र मूल्याङ्कनका आधार नगरपालिकाले विद्यमान कार्यविधि तथा आर्थिक कार्यविधि नियमावली अनुरुप निर्धारण गरी सोही आधारमा गर्नेछ ।

(८) स्वीकृत भएका आयोजनाहरु समूह/संस्था वा उपभोक्ता समिति मार्फत सञ्चालन गरिनेछ ।

(९) कार्यालयबाट उपलब्ध गराउने रकम समूह/संस्थाको बैङ्क खाता मार्फत उपलब्ध गराइनेछ ।

(१०) समूहले आफ्नो रकम जम्मा गरे पछि मात्र कार्यालयबाट रकम उपलब्ध गराइनेछ ।

(११) कार्यक्रम निर्धारित समयसीमा भित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

(१२) समूह/संस्थाले कार्यक्रमको सार्वजनिक परीक्षण गराउनु पर्नेछ ।

(१३) नगरपालिकाबाट उपलब्ध गराइने रकम सम्झौता अनुरुप उपलब्ध हुनेछ । यसका लागि आयोजना स्वीकृत भएपछि कार्यान्वयन गर्नु अघि सम्बन्धित समूह/संस्थासँग कार्यालयले सम्झौता गर्नेछ ।

(१४) कार्यक्रम सञ्चालन तथा कार्यान्वयनका लागि सम्झौता गर्दा उपभोक्ता संस्था र कार्यालयको तर्फबाट अन्तिम कार्यान्वयन योजना तयार गरी दुवै पक्षको उत्तरदायित्व स्पष्ट रुपले तोकिनेछ ।

(१५) कार्यक्रमको अनुगमन मूल्याङ्कन संयुक्त रुपमा गरिनेछ ।

(१६) कार्य सम्पन्न भएपछि समूह/संस्थाले कार्य सम्पन्न प्रतिवेदन पेस गर्नु पर्नेछ ।

(१७) सो प्रतिवेदनको आधारमा कार्यालयको तर्फबाट उपलब्ध गराइने रकम पूर्ण रुपमा भुक्तानी गरिनेछ ।

**९.५. कार्यक्रमको आर्थिक पक्ष खर्च मापदण्ड नर्म्सः**

(१) निवेदक समूह सहकारी संस्थाले कुल कार्यक्रम बजेट आयोजनाको कम्तिमा ५० प्रतिशत रकम बेहोर्नु पर्नेछ ।

(२) कार्यालयबाट कार्यक्रमको औचित्य अनुरुप रु.२५ हजार देखि १ लाख सम्म सहयोग उपलब्ध गराउन सकिनेछ ।

(३) कार्यक्रम कृषक समूह/सहकारी संस्था/कृषि फर्म/कृषक सञ्जाल तथा नगरपालिकाबाट संयुक्त रुपमासञ्चालन गरिने छ ।

**१०. साना सिंचाइ कार्यक्रमः**

१०.१. **परिचय / पृष्ठभूमिः** साना सिँचाइ विशेष कार्यक्रमले बढीमा २५ हेक्टर सम्म सिँचाइ हुनेगरी स-साना अस्थायी बाँध, पैनी, छेकवार, कुलो सुधार, संरक्षण,ह्युम पाइप, पोलिथिन पाइप, पोखरी निर्माण, पम्प,ट्याङ्की, इनार, मोनोब्लक पम्पसेट, सवमर्सिवल पम्प, थोपा सिँचाइ,फोहोरा सिँचाइ, प्लाष्टिक पोखरी आदिको निर्माण, व्यवस्थापन गर्नमानगरपालिकाको तर्फबाट बढीमा रु. १ लाख ५० हजारसम्मको अनुदान दिने र उपभोक्ताको तर्फबाट कम्तिमा२५ प्रतिशत योगदान प्राप्त गरी सञ्चालन गरिने सिँचाइका स-साना स्कीमलाई जनाउँछ । यो कार्यक्रम कृषक सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह/कृषि फर्महरुमा केन्द्रित रहेर कार्यान्वयन गरिनेछ ।

१०.२. **कार्यक्रमको उद्देश्यः** सिँचाइका स-साना स्कीमहरु बनाएर कृषक सहभागिताको आधारमा नगरपालिका भित्रका कृषकहरुलाई बालीमा सिँचाई गरीउत्पादन वृद्दिको माध्यमबाट आय आर्जनमा टेवा पुर्याउनुनै यसको प्रमुख उद्देश्य हो ।

१०.३. **कार्यक्रमको प्राविधिक पक्ष / सञ्चालन प्रकृया / कार्यविधिः**

(क) **सूचना प्रवाहः** नगरपालिकाले साना सिँचाइ विशेष कार्यक्रम सञ्चालन गर्दा अपनाउनुपर्ने आधारहरु तथा कार्यविधिबारे नगरपालिका तथा प्रत्येक वडा कार्यालयहरु मार्फतअनुसूची-१ को ढाँचामा सूचना प्रवाह गरिनेछ।

(ख) **निवेदनः** उपरोक्त कार्यक्रम अन्तर्गत सञ्चालन हुने कुनै पनि सिँचाइ आयोजनाको कार्यान्वयनको लागि सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह/कृषक उद्यमीबाट अनुसूची २ बमोजिम निवेदन/माग फारामनगरपालिकामा पेस गर्नु पर्नेछ ।आयोजनाको मोटामोटी लागत र निवेदक संस्था/समूहले बेहोर्नेप्रतिशत समेत आफ्नो निवेदनमा खुलाउनुपर्नेछ ।

(ग) **छनौट प्रकृयाः** माग भई आएका निवेदनहरुको प्रारम्भिक छनौट गरी नगर कार्यपालिकाको कार्यालयबाट स्वीकृतगरिनेछ । यसरी स्वीकृत भएका आयोजनाहरुको लागत इस्टिमेट रु. ३०,०००/- भन्दा कम रकमको सामग्रीमात्र उपलब्ध गराउने भएमा आयोजनाको लागत तयार गरी नगरपालिकाको कार्यालयबाट स्वीकृति पश्चात्उक्त सामग्रीहरु अनुदान स्वरुप हस्तान्तरण गर्न सकिनेछ । यस्ता सामग्रीहरुमाप्लाष्टिक पोखरी, पाइप, पम्पसेट,प्लाष्टिक, निर्माणसामग्री आदि लिन सकिनेछ । साथैरु. १,५०,०००/- सम्म लागत लाग्ने सम्भावना भएका आयोजनाको हकमा इरिगेशन इन्जिनियरिङ/कृषि इन्जिनियरिङ/इन्जिनियरिङ विषयमा तालीमप्राप्तप्राविधिकहरुले स्थलगत सर्वेक्षण गरी लागत इस्टिमेट तयार गरी स्वीकृतिको लागिनगरपालिकामा पेस गर्नु पर्नेछ । यी सबै किसिमका आयोजनाको लागत इस्टिमेट नगरपालिकाबाट स्वीकृतगरिनेछ । लागत इस्टिमेट तयार गर्दा नियमानुसार कन्टिन्जेन्सी वापतको रकमकट्टी गरिनेछ। यसरी लागत अनुमान वा खर्चको विवरण अनुसार नगरपालिकाले सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह/कृषकसँग खर्च एवं सम्पन्न गर्ने कार्यको बाँडफाँट गरी साना सिँचाइ विशेष कार्यक्रमको अनुसूची-४ को ढाँचा बमोजिम सम्झौता गर्नेछसाथै रकम खर्च गर्दा प्रचलित आर्थिक ऐन नियम अनुसार गर्नुपर्नेछ ।

(घ) **संशाधन परिचालन तथा कार्यान्वयन योजनाः** नगरपालिकाले सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह/कृषकको सहभागितामा कार्यान्वयन योजना तयार पार्नेछ । आयोजना कार्यान्वयनमा सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूह/कृषक र नगरपालिकाको आ-आफ्नो उत्तरदायित्व प्रस्टरुपमा उल्लेख गरिनेछ ।

(ङ) **कार्य सञ्चालनः** नगरपालिकाले प्रचलित ऐन नियम बमोजिम सम्बन्धित सहकारी संस्था/उपभोक्ता समिति वा संस्था/कृषक समूहद्वारा निर्माण कार्य गराउनेछ । निर्माण सम्बन्धी प्रकृयागत एवं व्यवस्थापकीय जिम्मेवारी नगरपालिकाको रहनेछ ।

(च) **कार्य सम्पन्न प्रतिवेदनः** डिजाइन, इस्टिमेट र सम्झौता अनुसार आयोजनाको कार्य पूर्ण रुपले सम्पन्न भई सञ्चालन भएको अवस्थामा कार्य सम्पन्नप्रतिवेदन दिनुपर्नेछ । निमार्ण कार्यको निरिक्षण गरी अन्तिम बिल भुक्तानीको लागि पेस गर्न प्राविधिकबाट वस्तुगत कार्य सम्पन्न प्रतिवेदन तयार गरी नगरपालिकाको कार्यालयमा पेस गर्नु पर्नेछ । बैठकको निर्णय सहित कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि नगरपालिकाको कार्यालयले भुक्तानी दिने व्यवस्था गर्नेछ ।

(छ) **मर्मत / सम्भारः** आयोजना सम्पन्न भई हस्तान्तरण भैसकेपछि सोको ममर्त/सम्भार गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित संस्था/समिति/समूहको हुनेछ।

१०.४. **कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्सः** स–साना अस्थायी बाँध, पैनी, छेकवार, कुलो सुधार, ह्युम पाइप, पोलिथिन पाइप, पोखरी निर्माण, पम्प, ट्याङ्की, मोनोब्लक पम्पसेट, थोपा सिँचाइ, फोहोरा सिँचाइ आदिको निर्माण व्यवस्थापन गर्न बढीमा रु. १,५०,०००/- सम्म खर्च गर्न सकिने छ ।

१०.५. **द्रष्टव्यः** आयोजना छनौट गर्नु अगाडि देहायका आधारहरुलाई ध्यान दिनुपर्नेछ ।

(१) आयोजना छनौट गर्ने सम्बन्धमा नगरपालिका अन्तर्गत वा अन्य निकायबाट गठन एवं दर्ता भई कम्तिमा एक वर्षको अवधि पुरा गरेका, नियमित बैठक बस्नुका साथै नियमानुसार सञ्चालन भइरहेका र कृषिविकासको लागिसक्रीय रहेका संस्थाहरुको लागि मात्र आयोजना छनौट गरिनेछ ।

(२) सतह सिँचाइ तथा पोखरी निर्माण गर्ने सन्दर्भमा सामूहिक सिँचाइलाई केन्द्रित गरिनेछ ।

(३) जनसहभागिताको आधारमा स्थानीय श्रोतको बढी परिचालन गर्न सक्षम उपभोक्ता समिति वा संस्था/कृषक समूहलाई केन्द्रित गरी कार्यक्रम सञ्चालन गर्ने उद्देश्य अनुरुप सहभागी संस्थाले कूल लागतको न्यूनतम २५ प्रतिशत रकम नगद वा श्रमदान वा जिन्सी वा तीनै थरी सहयोगको रुपमा बेहोर्नु पर्नेछ ।

(४) सामूहिक सिँचाइका लागि जाली, पम्प आदि व्यवस्था गरी तत्कालिन सिँचाइ व्यवस्था गरिनेछ ।

(५) आयमूलक कृषि व्यवसायीकरण तर्फ उन्मुख गराउने कार्यक्रम सञ्चालन भएका स्थलहरुमा सिँचाइ सुविधा पुऱ्याउने दृष्टिकोण राखिनेछ ।

(६) यथासम्भव निर्धारित पकेटहरुको उत्पादन कार्यक्रममा टेवा पुग्नेगरी आयोजनाको छनौट हुनेछ ।बाढी पहिरो आदिले क्षति पुऱ्याएका चालु सिँचाइ कुलाहरुमा स-साना दुरीमा ह्युम पाइप र पोलिथिन पाइप व्यवस्था गरी तत्कालिन सिँचाइ समस्या समाधान गर्ने जस्ता सिँचाई विकासका कार्यहरुलाई सहयोग पुर्याइनेछ ।

(७) सहकारी संस्था/उपभोक्ता समिति/कृषक समूहहरुबाट कार्यक्रमको लागि जायज माग आउनुपर्ने र तिनको कार्यान्वयनमा अनिवार्य सहभागिता जनाउनुपर्नेछ ।

(८) प्रतिकूल वातावरणीय असर न्यून पार्ने किसिमका आयोजनाहरुलाई प्रोत्साहित गरिनेछ ।

(९) छनौट भएका आयोजना सोही आर्थिक वर्ष भित्र पुरा हुनुपर्नेछ ।

## ११. युवा लक्षित व्यवसायिक कार्यक्रम

**११.१. परिचयः** देशको कुल ग्राहस्थ उत्पादनको एक तिहाइ भन्दा बढी कृषि क्षेत्रबाट प्राप्त हुने र दुई तिहाई भन्दा बढी जनसङ्ख्या रोजगारी तथा जीविकोपार्जनका लागि यस क्षेत्रमा निर्भर रहने भएकोले अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपुर्ण भूमिका रहेको छ । त्यस्तै उत्पादनशिल युवाहरु वैदेशिक श्रम बजारमा प्रवेश हुने गरेका छन् । यसै सन्दर्भमा युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्दि गर्ने र कृषि क्षेत्रको व्यवसायीकरणबाट आयआर्जन वढाउने उद्देश्यले युवा लक्षित कृषि व्यवसाय कार्यक्रम सञ्चालन गरिनेछ। "युवा लक्षित व्यवसायिक कार्यक्रम" भन्नाले युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न प्रविधि, तालीम तथा बीउ पूँजि सहितको व्यवसायिक तरकारी खेती, मौरीपालन र च्याउ खेती हो ।

**११.२. उद्देश्यः** यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छ

(क) तरकारी, च्याउ र मौरीपालन व्यवसाय सञ्चालनको लागि आवश्यक पर्ने प्रविधि तथा प्रतिस्पर्धी अनुदान प्रदान गर्ने ।

(ख) युवाहरुको लागि स्वदेशमा रोजगारीको अवसरहरु सिर्जना गर्ने ।

(ग) युवाहरुको आय आर्जनमा टेवा पुऱ्याई कृषक परिवारको जीवनस्तरमा सुधार ल्याउने

(घ) कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने ।

११.३. **युवा लक्षित कार्यक्रमः** युवा लक्षित कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(क) युवा लक्षित व्यवसायिक तरकारी उत्पादन कार्यक्रमः तरकारी खेतीको हकमा खेती गरिने स्थल प्राविधिक तथा भौगोलिक हिसाबले उपयुक्त हुनुका साथै हरेक कार्यक्रममा ५ रोपनी क्षेत्रफलमा थोपा सिंचाई सहितको २ ओटा प्लाष्टिक घर अनिवार्य समावेश हुनुपर्नेछ । कृषकले दुई सिजन ५-५ रोपनी क्षेत्रफलमा मौसमी तरकारी बाली लगाउनुपर्नेछ । तरकारीको बीउ, बेर्ना, जैविक मल, प्राङ्गारिक मल, विषादी, कृषि यन्त्र उपकरण, मेशिनरी औजारसम्बन्धी कार्य गर्ने गरी प्रस्ताव पेस गर्न सकिनेछ। घमाईलो, सिँचाईको सुविधा भएको, रोग, किरा तथा शत्रुको प्रकोप कम भएको क्षेत्रलाई व्यवसाय सञ्चालन गर्नका लागि प्राथामिकता दिइनेछ।

(ख) युवा लक्षित मौरीपालन कार्यक्रमः मौरीपालनको हकमा मौरीपालन गरिने स्थल प्राविधिक, भौगोलिक तथा मौरी चरनको हिसाबले उपयुक्त हुनुका साथै हरेक कार्यक्रममा १० वटा मौरीगोला सहितको घार अनिवार्य समावेश हुनुपर्नेछ। मौरीको घार, गोला उत्पादन, मौरीजन्य सामग्री उत्पादन, विक्री वितरण र महको प्रशोधन सम्बन्धी कार्य गर्ने गरी प्रस्ताव पेस गर्न सकिनेछ। मौरी चरनको लागि आवश्यक पर्ने फलफूल, जंगली फूल, च्यूरीको बोटहरु, दक्षिण मोहडा भएको क्षेत्रलाई व्यवसाय सञ्चालन गर्नका लागि प्राथामिकता दिइनेछ।

(ग) युवा लक्षित च्याउ उत्पादन कार्यक्रमः च्याउ खेती गरिने स्थल प्राविधिक, भौगोलिक तथा आर्थिक दृष्टिकोणले उपयुक्त हुनुका साथै साथै हरेक कार्यक्रममा १४ x २२ वर्गफिटका २ वटा टनेल अनिवार्य समावेश हुनुपर्नेछ। टहरा निर्माण, बीउ, प्लाष्टिक, पराल, ड्रम, दाउरा, कृषि चुन, फर्मालिन, रुवा लगायतका सामग्रीहरुमा खर्च हुने गरि प्रस्ताव पेस गर्न सकिनेछ। च्याउ खेतीको हकमा ताजा च्याउ उत्पादनका साथै च्याउको बीउ उत्पादनमा समेत प्रस्ताव पेस गर्न सकिनेछ।

११.४. **युवा लक्षित व्यवसायिक उत्पादन कार्यक्रम छनौटका आधारहरुः** युवा लक्षित व्यवसायिक उत्पादन कार्यक्रम सञ्चालनार्थ युवा कृषक तथा क्षेत्र छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् ।

(क) कार्यक्रम सञ्चालन गरिने स्थल प्राविधिक, भौगोलिक तथा आर्थिक दृष्टिकोणले उपयुक्त हुनुपर्ने छ ।

(ख) कार्यक्रम सञ्चालनको लागी जमिन आफ्नै वा भाडामा लिएर गर्न सकिने छ । व्यवसाय सञ्चालन गर्ने युवा नगरपालिकाको स्थायी बासिन्दा भई एउटै पकेट क्षेत्रमा रही काम गर्न सहमत हुनुपर्नेछ ।

(ग) व्यवसायिक उत्पादन कार्यक्रमको लागि सम्बन्धित युवाहरुले कार्यक्रमको कूल लागतको ५०% भार बेहोर्नु पर्नेछ । उक्त भार रकम/श्रमदान/जिन्सी वा तीनै थरी गरी हुन सक्ने छ ।

(घ) पिछडिएका वर्ग, क्षेत्र, लिङ्ग एवं समुदायका बिदेशबाट फर्केका, बिदेश जान लागेका तथा स्थानिय बेरोजगार युवाहरुलाई प्राथमिकता दिईनेछ ।

(ङ) कार्यक्रम छनौट गर्दा नगरपालिकाको कार्यालयले निर्धारण गरेको पकेट क्षेत्र वा सो आसपासका क्षेत्रलाई प्राथमिकता दिईने छ ।

(च) वातावरणीय अनुकूलका कार्यक्रमहरुलाई प्रोत्साहित गरिनेछ ।

(छ) अन्य सरकारी तथा गैरसरकारी निकायबाट युवा लक्षित व्यवसायिक उत्पादन कार्यक्रम वा यस्तै प्रकृतिको अनुदान कार्यक्रम सञ्चालनका लागि सहयोग नलिएको हुनुपर्नेछ।

(ज) एक पटक अनुदान पाएका कृषक/संगोलमा रहेका कृषक परिवारलाई पुनः सोही कार्यक्रमका लागी अनुदान दिइने छैन ।

(झ) छनौट भएका कार्यक्रमहरु सोही आर्थिक वर्ष भित्र पुरा हुनुपर्नेछ ।

(ञ) कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने च्याउको बीउ, प्लाष्टिक, मौरी गोला सहितका घारहरुको आपूर्ति तोकिएका श्रोत केन्द्रहरुबाट हुनेछ ।

(ट) कार्यक्रम सञ्चालन गर्दा सकभर पकेट क्षेत्र कायम गरिनेछ। मौरीपालनको हकमा १०० मौरी गोला र घार सहितको पकेट हुने गरि कार्यान्वयन हुनेछ । च्याउको हकमा १४×२२ वर्ग फीटका १० वटा प्लाष्टिक घर निर्माण गरिएको पकेट क्षेत्र कायम हुने गरि कार्यान्वयन हुनेछ । तरकारी खेतीको हकमा कम्तिमा ५० रोपनी क्षेत्रफलमा २० वटा प्लाष्टिक टनेल सहितको पकेट क्षेत्र कायम हुने गरि कार्यान्वयन हुनेछ । पकेट क्षेत्र निर्धारण नभएको वा हुन नसक्ने अवस्थामा ईच्छुक कृषक/समूह/फर्म/सहकारी संस्थाहरु समेटेर कार्यक्रम कार्यान्वयन गरिनेछ ।

११.५. **युवा लक्षित व्यवसायिक उत्पाद कार्यक्रम सञ्चालन प्रकृयाः** युवा लक्षित ब्यवसायिक उत्पादन कार्यक्रम देहाय बमोजिम हुनेछ।

**(क) सूचना प्रवाहः** नगरपालिकाले युवा लक्षित व्यवसायिक तरकारी उत्पादन कार्यक्रम सञ्चालन गर्दा अपनाउनु पर्ने आधारहरु तथा कार्यविधी बारे, नगरपालिका, स्थानीय

पत्र पत्रिका, कृषि सेवा केन्द्र, वडा कार्यालय तथा स्थानीय एफ.एम. मार्फत अनुसूचि १ बमोजिमको सूचना प्रवाह गर्नेछ ।

**(ख) आवेदनः** ईच्छुक कृषकले सम्बन्धित वडा कार्यालयमा आवेदनको साथमा तोकिएको ढाँचामा आफूले गर्न चाहने कार्यक्रमको संक्षिप्त कार्ययोजना पेस गर्नुपर्नेछ । वडा कार्यालयमा पेस हुन आएका कार्यक्रमहरु वडा कार्यालयले नगरपालिकामा सिफारिस गरी पठाउनेछ ।

११.६. **छनौट सम्झौता तथा भुक्तानी प्रकृयाः** पेस भएका कार्यक्रमहरु मध्ये छनौट समितिबाट सिफारिस भएका कार्यक्रमहरुलाई नगरपालिकाको कार्यालयबाट स्वीकृत गरी सम्झौता गराई देहाय अनुसार प्रक्रिया बमोजिम अनुदान रकम प्रवाह गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

(क) **कार्य सम्पन्न प्रतिवेदनः** युवा कृषकहरुले कार्यक्रम र सम्झौता अनुसार कार्यक्रम पुर्ण रुपले सम्पन्न भईसकेपछि नगरपालिकामा तोकिए बमोजिमको ढाँचामा कार्य सम्पन्न प्रतिवेदनका साथमा बिल, भर्पाई, सामाजिक लेखा परीक्षण, योजना सञ्चालनको फोटो तथा सम्बन्धित वडा कार्यालयको सिफारिसका साथ भुक्तानीका लागि पेस गर्नुपर्नेछ।

(ख) लाभग्राहीहरुबाट सञ्चालन गरेका क्रियाकलापहरुको स्थलगत अनुगमन गरी सम्झौता बमोजिमका कार्यहरु सम्पन्न भएको पाइएमा अनुदान रकम बैङ्क खातामा उपलब्ध गराइनेछ। तरकारी खेती, च्याउ र मौरी पालनको लागि प्रति कार्यक्रम ५०% अनुदान रकम बढिमा रु. १,००,०००/-(एक लाख) मा नियमानुसारको कर कट्टा गरि उपलव्ध गराइनेछ ।

११.७. विविधः

**(क) अनुगमन तथा मूल्याङ्कनः** नगरपालिकाबाट नियमित अनुगमन गरी अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन अनिवार्य रुपमा तयार गरिनेछ ।

**(ख) कारबाहीको व्यवस्थाः** प्रस्ताव स्वीकृत भएका युवा कृषकहरुले कार्यक्रम र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा प्रचलित ऐन, नियम तथा कानून बमोजिम कारबाही गरी रकम असुल उपर गरिनेछ ।

**(ग) बिमाः** हरेक युवा लक्षित कार्यक्रमले सम्भव भएसम्म बीमा गराउनु पर्नेछ ।

## तरकारी खेती/च्याउ खेति/मौरीपालन सम्बन्धी कार्यक्रमको संक्षिप्त कार्य योजना

उद्यमी युवा / युवतीको नाम थरः ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...
ठेगानाः ... ... ... ... जिल्ला ... ... ... ... ... ... ... नगरपालिका ... ... वडा नं. ... ... ... ... ... ... टोल
सञ्चालन गर्न खोजेको व्यवसायः ... ... ... ... ... ... ... ... ... ... ...
सहयोग स्वरुप माग गरेको अनुदान रकम/लगानीः ... ... ... ... ...
आफ्नो लगानी ... ... ... ... ... ... ... ... ...
आफ्नो पारिवारिक श्रम ... ... ... ... ... ... ...
व्यवसायवाट उत्पादन हुने वस्तु ... ... ... ... ... ... ... ... ...
उत्पादित कृषि बस्तुको परिमाण ... ... ... ... ... ... ... ... ...
बजार योग्य परिमाण ... ... ... ... ... ... ... ... ...
व्यवसायले वातावरणमा नकारात्मक प्रभाव पार्छ/पार्दैन ... ... ... ... ... ...
फर्म/समूह/समिति/सहकारीको नाम ... ... ... ... ... ... ... ... ... ... ...
सम्पर्क नम्बर ... ... ... ... ... ... ... ... ... ... ...
ठेगाना ... ... ... ... ... ... ... ...
व्यवसाय सञ्चालन गरिने स्थान ... ... ... ... ... ... ... ... ... ... ...
सञ्चालन गरिने कार्य विवरणः
क्र.सं.
१.
२.
३.
४.
५.
सञ्चालन गरिने क्रियाकलाप
अनुदान सहयोग रु.....................निजी लगानी रु................... जम्मा लगानी रु..................
व्यवसाय गरेको भए, विगत कति वर्ष देखि .........
व्यवसायको लागि श्रमको व्यवस्थापनः क) पारिवारिक.......... जना ख) बाहिरबाट........जना
ग) दुवै तर्फ वाट ................जना
पेस गर्नेको नाम, थरः दस्तखतः मितिः
पदः
छाप (संस्थाको हकमा)

## तरकारी खेती/च्याउ/मौरीपालन सम्बन्धी कार्यक्रमको प्रगति विवरण पठाउने फारामको ढाँचा

१. उद्यमी/कृषकको नामः ठेगानाः
२. सञ्चालित व्यवसायको नामः ठेगानाः
३. आ.व.
४. प्रगति प्रतिवेदन अवधीः चौमासिक/वार्षिक

| क्र.सं. | कार्य विवरण | ईकाई | लक्ष्य | प्रगति | आई परेका बाधा अड्चनहरु | समाधानका लागि सुझावहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

५. उत्पादित वस्तुको विवरण

| क्र.सं. | (उत्पादित वस्तुको विवरण) | बजारको विवरण | उत्पादनको परिमाण | मूल्य प्रति के.जि. | जम्मा आम्दानी |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

युवा उद्यमीको नामः दस्तखतः मितिः
ठेगानाः सम्पर्क नं.

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

## १२. बाली विकास कार्यक्रमः

### १२.१. प्रदर्शन कार्यक्रम (खाद्यान्न, दलहन, तेलहन, नगदे, तरकारी, फलफूल, च्याउ बालीका लागि नतिजा, तरिका तथा उत्पादन प्रदर्शन कार्यक्रम)

**१२.१.१. परिचय/पृष्ठभूमिः** कुनै नयाँ प्रविधिको महत्व सिद्ध गरी कृषकहरुलाई देखाउन नयाँ प्रविधि र पुरानो प्रविधिको तुलनात्मक परिणाम, विभिन्न उत्पादन पद्धतिहरुबारे कृषकहरुलाई जानकारी गराउन तरिका प्रदर्शन तथा बालीको उत्पादनको क्षमता, अवस्था, हावापानी सुहाउँदो छ या छैन भनि उत्पादनको आधारमा गरिने प्रदर्शनलाई उत्पादन प्रदर्शन भनिन्छ। अनुसन्धानद्वारा प्रमाणित भई सिफारिस गरिएका उक्त प्रविधिहरुलाई कृषकहरु समक्ष पुऱ्याउन प्रदर्शन गरिन्छ। यि प्रदर्शनको मुख्य उद्देश्य उक्त प्रविधिहरु पुराना प्रविधिहरु भन्दा राम्रा छन् भनेर कृषकहरुलाई विश्वास दिलाई उक्त प्रविधिहरु अपनाउन लगाउनु हो। प्रदर्शनमा कृषकले आफ्नै हातले प्रदर्शन गर्ने र आँखाले देख्ने हुनाले यसबारे कृषकलाई बढी विश्वास हुने हुँदा कृषकहरुले उक्त प्रविधिहरु सहजै ग्रहण गर्न सक्दछन् ।

**१२.१.२. कार्यक्रमको उद्देश्यः**

(१) प्रदर्शित प्रविधि स्थानीय हावापानी सुहाउँदो छ भन्ने कुरा देखाउँदै नयाँ प्रविधिको उपयुक्तता सिद्ध गर्नु,

(२) उक्त प्रविधि र पुरानो स्थानीय प्रविधिको नतिजा दाँजेर नयाँ उन्नत प्रविधिहरु कृषकहरुलाई ग्रहण गर्न आकर्षण गर्नु,

(३) उक्त प्रविधिको प्रभाव देखाई कृषकहरुलाई आकर्षित गर्नु,

(४) कृषकहरुको वातावरणमा उक्त प्रविधि प्रयोग गरी ग्रहण योग्य छ भन्ने कुराको विश्वास दिलाउनु।

**१२.१.३. कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः**

(१) प्रदशर्नको लागि जग्गा छनौट गर्दा सकभर सजिलैसँग निरीक्षण गर्न/गराउन सकिने हिसाबमा सडकको छेउछाउमा छानिनेछ । गाईवस्तुले नोक्सान पुऱ्याउने किसिमको हुनु हुँदैन ।

(२) प्रदर्शन कुनै एक खास समस्या, खास बालीलाई लिएर गर्दा बढी प्रभावकारी हुन जान्छ ।

(३) प्रदर्शन सामग्रीको साथमा प्रर्दशन गर्न लागिएको किसिम, प्रदर्शनमा प्रयोग हुने बीउको नाम, जात, बीउ लगाउने समय, मलजल दिने समय, कटानी गर्ने समय, अनुमानित उत्पादन, प्रदर्शनबाट आशा गरिएको उपलब्धी आदि विवरण भएको पर्चा कृषकलाई दिने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) कृषकको नाम, ठेगाना, बीउ लगाईएको समय, प्रयोग भएको मलखादको मात्रा र समय, प्रयोग गरिएका प्रविधिहरु र समय, प्रदर्शन प्रति कृषकको धारणा जस्ता विवरणहरु रेकर्ड गर्नु पर्नेछ ।

(५) सबै सामग्री जुटाई सकेपछि कृषकहरुलाई सहभागी गराई प्रदर्शन कार्य गर्नु पर्दछ र सबै कुराहरुको अभिलेख तयार गरेर राख्नुपर्नेछ । जस्तैः वर्षा भएको दिन, रोग, कीरा लागेको भए सो को विवरण आदि ।

(६) प्रदर्शन प्लटमा निम्न विवरण सहितको बोर्ड राख्ने व्यवस्था गर्नुपर्नेछ।

(१) प्रदर्शनको किसिम,

(२) कृषकको नाम,

(३) बालीको किसिम/जात,

(४) क्षेत्रफल,

(५) मलखादको मात्रा,

(६) आरम्भ गरेको मिति आदि।

(७) प्रदर्शन प्लटमा कृषकहरु जुटाई समय-समयमा अवलोकन भ्रमण गराउनु पर्दछ।

(८) प्रदर्शन प्लटमा प्रदर्शन गरिएको बालीको रेकर्ड विशेष गरी त्यसको सकारात्मक नतिजा अन्य कृषकहरुमा पनि बिस्तार गर्नुपर्नेछ ।

१२.१.४. **कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्सः** एक रोपनी क्षेत्रफलमा प्रदर्शन सञ्चालन गरिनेछ । प्रदर्शनको लागि आवश्यक बीउ र मलखाद बाली अनुसार सिफारिस दर मात्र प्रयोग गर्नुपर्नेछ भने प्रदर्शन स्थलमा साइनबोर्ड राख्नुपर्नेछ। यस्ता सामग्रीहरुको लागि आवश्यक रकम नगरपालिकाको बजार भाउ अनुसार लागत अनुमान तयार गरी सो को आधारमा न्यूनतम लागत तोकी खर्च गर्न सकिनेछ । बाली संरक्षण, विषादीको हकमा जम्मा रु. १०००/-प्रति प्रदर्शन नबढ्ने गरी तथा कुल लागत रु. ३०००/- प्रति कार्यक्रम नबढ्ने गरी खर्च गर्न सकिनेछ ।

### १२.२. उन्नत बीउ कीट वितरण कायर्क्रमः

१२.२.१. **परिचय / पृष्ठभूमिः** कुनै पनि नयाँ/उन्नत बीउहरुको अनुसन्धान केन्द्र तथा कृषकको घरबारीमा जातीय परीक्षण गरी सिफारिस भएका नयाँ जातहरुलाई अथवा भविष्यमा सिफारिस हुन सक्ने नयाँ उन्नत जातहरुलाई कृषकको वातावरणमा पुर्याई यथाशक्य चाँडो विस्तार गर्न र आवश्यक सुधारको लागि कृषकहरुबाट थप जानकारी र प्रतिकृया सङ्कलन गरिने कार्यक्रमलाई उन्नत बीउ कीट वितरण भनिन्छ । उन्नत बीउ कीट वितरण कार्यक्रमको सम्पूर्ण



धर्मदेवी नगरपालिका, सङ्खुवासभा

कार्यान्वयन कृषकले आफ्नै वातावरणमा गर्दछन् । कृषकहरुलाई आवश्यक बीउ तथा प्राविधिक ज्ञान निशुल्क उपलब्ध गराईनेछ ।

१२.२.२. **कार्यक्रमको उद्देश्यः**

(१) कुनै एक स्थानमा लोकप्रिय भएको बालीको बीउ त्यस स्थानको आसपासका कृषकहरुलाई जानकारी दिन सो बीउ प्रसारण गर्नु,

(२) परीक्षण केन्द्रमा उपयुक्त ठहर भएका नयाँ उन्नत जातहरु कृषकको घरबारीमा पुऱ्याई बिस्तार गर्न र सो जातबारे अनुसन्धानकर्ताले कृषकको प्रतिक्रिया लिन,

(३) कृषकलाई हुने सम्भाव्य नोक्सानीबाट जोगाउने र आवश्यक नोक्सानी पुऱ्याउने कुराहरुलाई सुधार गर्न,

(४) कृषकहरुलाई राम्रो जात र प्रविधिहरु उनीहरुलाई नै छनौट गर्ने अवसर दिन,

(५) नयाँ जातबारे कृषक र प्रसार कार्यकर्ताहरुलाई उपयोग गर्न विश्वास बढाउन ।

१२.२.३. **कार्यक्रमको आर्थिक पक्ष /खर्च मापदण्ड/ नर्म्सः** बाली अनुसार बढीमा २ रोपनी क्षेत्रफलमा उन्नत बीउ किट वितरण गर्न सकिनेछ। प्याकिङ खर्च लगायत सामग्रीहरुको लागि आवश्यक रकम स्वीकृत दररेट अनुसार लागत अनुमान तयार गरी सो को आधारमा न्यूनतम लागत तोकी खर्च गर्न सकिनेछ।

१२.३. **बीउबिजन वितरण कायर्क्रमः**

१२.३.१. **परिचय / पृष्ठभूमिः** कृषकहरुले रुचाएर खेती गरिरहेका तथा नेपाल सरकारबाट उन्मोचन एवं पञ्जिकृत भएका उन्नत तथा वर्णशंकर जातका बीउबिजन अनुदानमा उपलब्ध गराई सो बालीहरुको क्षेत्रफल, उत्पादन र उत्पादकत्वमा वृद्दि ल्याउनको लागि सञ्चालन गरिने कार्यक्रमलाई अनुदानमा बीउबिजन वितरण कार्यक्रम भनिन्छ । अनुदानमा बीउबिजन वितरण कार्यक्रमको सम्पूर्ण कार्यान्वयन कृषकले आफ्नै वातावरणमा गर्दछन् ।

१२.३.२. **कार्यक्रमको उद्देश्यः**

(१) कृषकहरुले खेतीपाती गर्दै आईरहेका जातहरुको थप प्रवर्द्धन गर्ने, उत्पादनमा सहयोग गर्ने,

(२) बालीहरुको क्षेत्रफल, उत्पादन र उत्पादकत्वमा वृद्दि ल्याउनको लागि सञ्चालन गरिने।

(३) कृषकलाई हुने सम्भाव्य नोक्सानीबाट जोगाउने र आवश्यक नोक्सानी पुर्याउने कुराहरुलाई सुधार गर्न ।

(४) राम्रो जात र प्रविधिहरु कृषकहरुलाई नै छनौट गर्ने अवसर दिन ।

१२.३.३. **कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्सः** अनुदानमा नेपाल सरकारबाट उन्मोचन एवं पञ्जिकृत भएका उन्नत तथा वर्णशंकर जातका बीउबिजन पुर्ण अनुदानमा उपलब्ध गराईनेछ । खरिद, ढुवानी तथा प्याकिङ खर्च लगायत सामग्रीहरुको लागि आवश्यक रकम स्वीकृत दररेट अनुसार लागत अनुमान तयार गरी सो को आधारमा न्यूनतम लागत तोकि खर्च गरिनेछ ।

**१२.४. नगरपालिका स्तरीय बीउबिजन आत्मनिर्भर कायर्क्रमः**

१२.४.१. **परिचय/पृष्ठभूमिः** कृषि उत्पादनका विविध आवश्यक सामग्रीहरु मध्ये बीउको आपूर्तिलाई सरल र सुलभ रुपमा कृषक स्तरमा उपलब्ध गराई खाद्यान्न बालीको उत्पादन र उत्पादकत्व वृद्दि गर्ने अभिप्रायले बीउ उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ। गुणस्तरीय बीउको प्रयोगबाट मात्र पनि उत्पादनमा १५-२५ प्रतिशत वृद्दि हुने तथ्य सर्वत्र सावित भईसकेको छ। लगभग ९५% नेपाली कृषकहरुमा परम्परागत ढङ्गले खेती गरिएको बालीबाट बीउ सञ्चय गरी धेरै वर्षसम्म सालबसाली प्रयोगमा ल्याउने चलन छ । यस्तो किसिमको बीउ उन्नत जातको भएता पनि बीउको आनुवांशिक गुणस्तरमा ह्रास आई उत्पादनमा कमी भएको पाइन्छ । कृषकले आफैं सञ्चय गरेको बीउमा उमारशक्ति र भौतिक शुद्धता न्यूनतम स्तरमा भएको पाइन्छ। अतः लगभग ९५% कृषकहरुले प्रयोग गर्दै आएको बीउको गुणस्तर सुधार्न सकेमा हालको कृषिको उत्पादनमा करिब २०% ले वृद्दि गर्न सकिन्छ। मूल बीउबाट प्रमाणित बीउ उत्पादन गर्ने र उक्त श्रोत बीउबाट नगरपालिकाका सम्पूर्ण वडालाई पुग्ने गरी उक्त बीउ खायन बाली उत्पादनका लागि ३/४ वर्षसम्म प्रयोगमा ल्याउने तथा ३/४ वर्षपछि पुनः नयाँ बीउ प्रयोग गरिनेछ ।

१२.४.२. **कार्यक्रमको उद्देश्यः**

(१) नगरपालिकालाई बीउमा आत्मनिर्भर बनाउन कृषकहरुको सहभागितामा गुणस्तरीय बीउ उत्पादन कार्यक्रम सञ्चालन गरी उचित मूल्यमा बीउको आपूर्ति समयमा गराउने,

(२) बीजवृद्धि कार्यक्रम मार्फत कृषक समुदायमा गुणस्तरीय बीउको महत्व बारे जानकारी गराउने,

(३) नगरपालिका स्तरीय बीउबिजन आत्मनिर्भर कार्यक्रमबाट उत्पादित गुणस्तरीय बीउ अर्को पुस्ताको बीउ उत्पादन गर्नको लागि सुरक्षित रुपले सञ्चय गर्न कृषक समूहहरुलाई अभिप्रेरित गराउने,

(४) कृषक समूहहरुलाई बीजवृद्दि कार्यक्रम संस्थागत र व्यवसायिक रुपमा सञ्चालन गर्न प्रोत्साहित गर्ने,

(५) गुणस्तरीय बीउको उत्पादन, प्रशोधन, सुरिक्षत भण्डारण एवं चक्लावन्दी/ठूलो क्षेत्रफलमा बीजवृद्दि कार्यक्रम सञ्चालन गर्न कृषक समूहहरुलाई जागरुक बनाउने,

(६) बीउ श्रोत केन्द्रको स्थापना, विकास र विस्तार गर्ने,

(७) बीजवृद्दि सीप, तालीम प्रदान गर्ने ।

**१२.४.३. कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः**

(१) बीजवृद्दि कार्यक्रम तर्जुमा गर्न नगरपालिकाको कृषि विकास शाखाले आवश्यक बीउको परिमाण यकिन गर्न तथ्याङ्क सङ्कलन गर्नु पर्नेछ। तथ्याङ्क सङ्कलन गर्दा, नगरपालिकामा सम्बन्धित बालीले ढाकेको क्षेत्रफल, उन्नत तथा स्थानीय जातको बीउले ढाकेको क्षेत्रफल, प्रमाणित बीउलाई तीन चार वर्षसम्म खाद्यान्न, तरकारी उत्पादनको लागि प्रयोग गर्न सकिने तथ्य, बालीको बीउ दर, उत्पादकत्व आदि पक्षहरुलाई मध्यनजर राखि कुन वर्षमा कति क्षेत्रफलमा मूल बीउबाट प्रमाणित बीउ उत्पादन गर्ने हो सो को निधो गर्नु पर्नेछ । यसरी यकिन गरीएका नयाँ पुस्ताका बीउको आवश्यकता र परिपूर्ति गर्ने कार्य योजना नगरपालिकामा छलफल गरी निर्णय गर्नु पर्नेछ। यसै बमोजिम स्पष्ट आँकडा सहित नगरपालिकामा बीजवृद्दि कार्यक्रम तर्जुमा एवं सञ्चालन गर्नुपर्नेछ ।

(२) सम्पूर्ण आँकडाहरु बाली अनुसार नियमित रुपमा अद्यावधिक गर्नुपर्नेछ। नगरपालिकाको कृषि विकास शाखाले बीउबिजनको महत्व एवं नगरपालिका भित्रका बीउ उत्पादन गर्न सकिने क्षेत्रहरुबारे कृषकहरुलाई जानकारी दिई उनीहरुलाई बीउ उत्पादन कार्यमा लाग्न प्रोत्साहित गर्नु पर्नेछ ।प्रोत्साहित कृषकहरुसँग छलफल गरी सही समयमा सही कृषकहरुको पहिचान गरी कृषक समूह गठन गर्ने र बीउबिजन कार्यक्रममा संलग्न गराउनु पर्नेछ । कृषक छनौट गर्दा बीउ सञ्चय गर्न सक्ने, उत्पादन साधन प्रयोग गर्न सक्ने, सहयोगी भावना भएका किसान वा कृषक समूह छनौट गर्नुपर्नेछ। यस छलफलमा प्राविधिक ज्ञानको साथ साथै बीउ उत्पादक कृषकहरुलाई उत्पादित बीउ खाद्यान्नमा प्रयोग नगरी बेचविखन गर्नुपर्ने, बेचविखन कृषक आफैंले वा कृषक समूहले नै गर्नुपर्ने जानकारी दिनुपर्नेछ।

(३) उक्त सम्बन्धमा नगरपालिकाले बीउ उपलब्धता बारे नगरपालिका भित्र एवं छिमेकी पालिकाहरुमा प्रचार प्रसार र निजी बीउ व्यवसायीसँग समन्वय राखि विक्रीका लागि सहयोग पुर्याई दिन सक्नेछ। विभिन्न हिउँदे र वर्षे बालीहरुको बीजवृद्दि कार्यक्रम सञ्चालन गर्न क्षेत्रफल तोके पश्चात् आवश्यक श्रोत बीउ (मूल बीउ) को जात तथा परिमाण सरकारी वा अन्य विश्वास योग्य स्थानबाट खरिद गरी ल्याउनुपर्नेछ।

(४) छनौट गरिएका कृषकहरुको खेत जग्गामा सिँचाइ सुविधा हुनुपर्नेछ।

(५) बीउ उत्पादनका लागि प्रति कृषक समूह न्यूनतम् पाँच रोपनीको प्लट हुनु पर्नेछ। प्लट छनौट गर्दा समूहको निर्णयबाट एक भन्दा बढी कृषकहरुको प्लट वा एउटा मात्र कृषकलाई समावेश गर्न सकिनेछ।

(६) बीउ उत्पादन, बीउ सङ्कलन, प्रशोधन, सुरक्षित सञ्चय र विक्री वितरण गर्ने तर्फ कृषक वा कृषक समूहलाई प्रोत्साहन गर्न नगरपालिका स्तरीय बीउ विकास प्रवर्धन कोष (Revolving Fund) स्थापना गरी तथा बीउ पूँजी घुम्ती कोष परिचालन गरि सुविधाहरु प्रदान गर्न सकिनेछ ।

(७) कृषक समूहबाट उत्पादित बीउको बेचविखनको आँकडा एवं बीउको स्थिति सम्बन्धित कृषक समूहले नगरपालिकामा नियमित रुपमा बुझाउनु पर्नेछ ।

**१२.४.४. कार्यक्रम सञ्चालनको लागि प्राविधिक सेवा र टेवा (Technical Support)**

(१) बीउ उत्पादन कार्यक्रम सञ्चालन गर्न नगरपालिकाको कृषि विकास शाखाले बीउ उत्पादक कृषक समूहको सहभागितामा कार्य तालिका (Calender of Operation) तयार गरेर नगरपालिका कार्यालयमा पेस गर्नेछ ।कृषि विकास शाखाले प्रदेश स्तरीय बीउबिजनसँग सम्बन्धित कार्यालयसँगको सहकार्यमा समय-समयमा बीउ उत्पादन कार्यक्रमको निरीक्षण, प्राविधिक सहयोग, बीउ उत्पादन समूह बीच समन्वय, उत्पादक कृषक समूहमा जागरुकता बढाउने कार्य गर्ने । कार्य तालिकामा कमसेकम तल दिइएका बुँदाहरु समावेश भएको हुनुपर्नेछ ।

(क) कृषकको नाम, थर, ठेगाना
(ख) बीउ उत्पादन गर्ने थलोको ठेगाना
(ग) माटोको नमुना लिने मिति
(घ) जग्गा तयारीका दिनहरु
(ङ) बीउ रोपाईं, छर्ने मिति
(च) सिँचाइ गर्ने अनुमानित मितिहरु

(छ) गोडमेल गर्ने अनुमानित मितिहरु

(ज) Rouging गर्ने अनुमानित मितिहरु

(२) नगरपालिकाले बीउबिजन प्रयोगशाला, बाली संरक्षण प्रयोगशाला, माटो परीक्षण प्रयोगशाला र सिँचाई कार्यालयहरुको समन्वयमा बीउ उत्पादन गर्ने कृषक समूहको लागि बीउ उत्पादन प्रविधि, भण्डारण, गुणस्तर नियन्त्रण, प्याकिङ र बजार व्यवस्था सम्बन्धी तालीममा सहभागी गराउन सक्नेछ।

(३) बीउ बालीको गुणस्तर नियन्त्रण गर्न नगरपालिकाले बीउबिजन प्रयोगशालाको सहकार्यमा कमसेकम दुई पटक बीउ बाली निरीक्षण गराई प्रथम तथा अन्तिम निरीक्षण फार्महरु भरी पठाउनेछ। बीउबिजन प्रयोगशालाले सम्पूर्ण बीउ उत्पादन क्षेत्र मध्ये कम्तिमा ५-१०% क्षेत्रमा बीउ बाली निरीक्षण गर्नेछ । बीउको गुणस्तर जोगाउनका लागि विशेष गरी बाली कटानी, चुटानी, सुकाउने र भण्डारण अवस्थामा प्राविधिकहरुले निरन्तर निरीक्षण गरी कृषकहरुलाई सुझाव दिनुको साथै बीउको निगरानी राख्नुपर्नेछ ।

(४) बीउ तयार भएपछि भण्डारण गर्नु भन्दा अगाडि बीउको नमुना सङ्कलन गरी बीउ परीक्षणको लागि बीउबिजन प्रयोगशालामा पठाउनुपर्नेछ। सो बाहेक भण्डारण अवस्थामा र बीउ विक्री गर्ने समयमा पुनः बीउ परीक्षणको लागि नमुना सङ्कलन गरी प्रयोगशालामा पठाउनु पर्नेछ र प्रमाणित बीउको लागि निर्धारित गरिएको स्तर मेल खाने उपयुक्त बीउलाई मात्र प्रमाणित बीउको रुपमा विक्री वितरण गर्न कृषकहरुलाई स्वीकृती दिइनेछ। कृषक/कृषक समूहको बीउ प्रमाणीकरणको लागि आवश्यक सम्पूर्ण प्रकृयाहरु पूरा गर्ने कार्यमा नगरपालिकाको कृषि विकास शाखाले सहयोग पुर्याउने छ ।

(५) बीउ उत्पादक कृषकहरुलाई गुणस्तरयुक्त बीउ उत्पादनमा सहयोग पुर्याउन नगरपालिकामा आवश्यकता अनुसार निम्न उपकरणहरु र सामग्रीहरुको व्यवस्था मिलाउनु पर्नेछ अथवा कृषकहरुलाई बढीमा ७५% अनुदानमा उपलब्ध गराउन सकिनेछ।

(क) चिस्यान जाँच गर्ने उपकरण (Moisture Meter)

(ख) बीउ छर्ने समयमा बीउ परीक्षण गर्न Petry Dish तथा Plastic Tray, जसमा माटो वालुवा राखि बीउ परीक्षण गर्न सकिन्छ ।

(ग) बीउको नमुना लिने साधन (Seed Sampler)

धर्मदेवी नगरपालिका, संखुवासभा

(घ) बीउ उपचार गर्ने ड्रम (Seed Treatment Drum)

(ङ) विभिन्न बालीको बीउको नमुनाहरु राख्ने भाँडो(Plastic Container)

(च) नाप्ने फित्ता (Measuring Tape)

(छ) तराजु (Pan type) तथा डिजिटल वेईङ ब्यालेन्स

(ज) हर्मेटिक ब्याग, मेटल बीन आदि

(झ) स्टेशनरी (forcep, pencil, register, field inspection forms) hand lens, नमुना विवरण फाराम आदि।

**१२.४.५. कार्यक्रम सञ्चालनका लागि आवश्यक स्रोत, साधनको व्यवस्थाः**

(१) नगरपालिकाको बीजवृद्दि कार्यक्रम सञ्चालनको लागि बीउको श्रोत नेपाल कृषि अनुसन्धान परिषद् तथा राष्ट्रिय बीउबिजन कम्पनी लिमिटेड अन्तर्गत तोकिएका फर्म/ केन्द्रहरु, डेसिसले तोकिदिएका श्रोत केन्द्रहरु, प्राईभेट श्रोत केन्द्रहरु हुनेछन्। मूल बीउ फार्म वा केन्द्रहरुबाट नगरपालिकाले समयमै उत्पादन स्थलसम्म ढुवानी गर्नु पर्नेछ। कथमकदाचित दैवी प्रकोप अथवा अन्य कारणबाट मूल बीउ बिग्रन गई पर्याप्त मात्रामा उपलब्ध हुन नसकेको खण्डमा प्रमाणित बीउबाट पनि कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(२) बीउ उत्पादक कृषकहरुलाई प्राथमिकता दिई कृषि सामग्री कम्पनी वा प्राइभेट फर्महरुबाट रासायनिक मल उपलब्ध गराउने र आवश्यकता अनुसार कृषकहरुलाई बीउ उत्पादन र व्यवसायको लागि बैङ्क मार्फत ऋण उपलब्ध गराउन सहयोग गर्न सकिनेछ।

(३) बीउ उत्पादनको लागि प्रयोग गरिने श्रोत बीउ, बीउ सुरक्षित भण्डारणको लागि भण्डारणको साधन, बाली संरक्षणका साधनहरु, विषादी छर्ने स्प्रेयर, प्याकेजिङ साधन, सूक्ष्म पोषकतत्वहरु, कृषि चून, प्रशोधनका साधनहरु, औजार-उपकरणहरु, बीउबिजन उत्पादनसँग सम्बन्धित अन्य सामग्रीहरुको मूल्यमा बढीमा ७५% अनुदान सहुलियत प्रदान गर्न सकिनेछ।

(४) श्रोत बीउको ढुवानी (श्रोत बीउ उपलब्ध हुने स्थान देखि नगरपालिका, सम्बन्धित कृषक वा कृषक समूह सम्म) आवश्यक ढुवानी नगरपालिकाले गर्नेछ।

(५) साथै भण्डारण गृह, खलो, खल्यान, सुकाउने स्थल आदिको निर्माणमा लागत अनुमान बमोजिम अधिकतम ७५% अनुदान उपलब्ध गराउन सकिनेछ।

## १३. बागवानी  विकास कार्यक्रमः

### १३.१. फलफूल नयाँ नर्सरी स्थापना कार्यक्रमः

१३.१.१. **परिचय/पृष्ठभूमीः** फलफूल खेतीलाई टेवा पु¥याउन फलफूलका बिरुवाहरु स्थानीय कृषकद्वारा उत्पादन गराई सहज रुपमा बिरुवा उपलब्ध गराउन सञ्चालन गरिनेछ ।

१३.१.२. **कार्यक्रमको उद्देश्यः** नर्सरी स्थापना गरी बोट बिरुवा उत्पादन, प्रसारण तथा आपूर्ति गर्न व्यवसायीहरुलाई सक्षम तुल्याउनु ।

१३.१.३. **कार्यक्रमको प्राविधिक पक्ष / सञ्चालन प्रकृया / कार्यविधिः** फलफूल नर्सरी खेती गर्न इच्छुक कृषकहरुलाई नर्सरी स्थापना गर्नुभन्दा अगाडि निम्न अनुसारको शर्तहरु गराउनु पर्नेछ ।

(१) नर्सरी स्थापना गरेको २ वर्ष देखि वार्षिक बिरुवा उत्पादन क्षमता ५००० भन्दा बढी हुनुपर्ने।

(२) नर्सरी स्थापना गरेपछि कम्तिमा पनि ५ वर्षसम्म सञ्चालन गर्नुपर्ने।

(३) फलफूल बिरुवा उत्पादन गर्दा तोकिए बमोजिमको फलफूल जात, रसायन, रुटस्टक र सायन मात्र प्रयोग गर्नुपर्ने।

(४) माथि उल्लेखित सर्तहरुको अधीनमा रहि सम्झौता पश्चात् इच्छुक कृषकहरुलाई नर्म्समा उल्लेखित सुविधाहरु उपलब्ध गराउन सकिनेछ।

१३.१.४. **कार्यक्रमको आर्थिक पक्ष / खर्च मापदण्ड / नर्म्सः** नर्सरी स्थापनाको लागि प्रयोग गरिने सिकेचर, कलमी चक्कु, बाली संरक्षणका साधनहरु, विषादी छर्ने स्प्रेयर, प्याकेजिङ साधन, प्लाष्टिक सिट, हजारी, सिँचाई पाईप, सिँचाई मोटर, सूक्ष्म पोषक तत्वहरु, कृषि चून, प्रशोधनका साधनहरु, औजार-उपकरणहरु, नर्सरी स्थापनासँग सम्बन्धित अन्य सामग्रीहरु, नर्सरीको लागि आवश्यक सेड हाउस, ग्रिन हाउस, पोली हाउस लगायतका अन्य संरचनाको निर्माणमा लागत अनुमान बमोजिम अधिकतम ७५% अनुदान उपलब्ध गराउन सकिनेछ।

उक्त सामग्रीहरुको मूल्य हिसाब गरी बजेट कार्यक्रम तर्जुमा गर्दा रकम प्रस्तावित गर्नु पर्नेछ।

### १३.२. फलफूल नर्सरी सुदृढीकरण कार्यक्रमः

१३.२.१. **परिचय / पृष्ठभूमिः** नगरपालिका भित्र रहेका फलफूल नर्सरीहरुलाई सुदृढ गराउन आवश्यक देखिएको अवस्थामा यो कार्यक्रम सञ्चालन गरिनेछ।

१३.२.२. **कार्यक्रमको उद्देश्यः** नगरपालिका भित्र भइरहेका नर्सरीहरुलाई सुदृढ गराउँदै लैजानु।

१३.२.३. **कार्यक्रमको प्राविधिक पक्ष / सञ्चालन प्रकृया / कार्यविधिः** नगरपालिका भित्रका नर्सरीहरु के-कस्ता अवस्थामा छन् अनुगमन गरी प्राविधिक टेवा पुर्याउँदा प्रभावकारी हुने देखिएमा यस्ता नर्सरीहरुलाई नर्म्समा तोकिएको सुविधा तथा सेवा उपलब्ध गराई सुदृढीकरण गर्नुपर्नेछ।

१३.२.४. **कार्यक्रमको आर्थि पक्ष खर्च मापदण्ड नर्म्सः** नर्सरी स्थापनाको लागि प्रयोग गरिने सिकेचर, कलमी चक्कु, बाली संरक्षणका साधनहरु, विषादी छर्ने स्प्रेयर, प्याकेजिङ साधन, प्लाष्टिक सिट, हजारी, सिँचाई पाईप, सिँचाई मोटर, सूक्ष्म पोषक तत्वहरु, कृषि चून, प्रशोधनका साधनहरु, औजार-उपकरणहरु, नर्सरी स्थापनासँग सम्बन्धित अन्य सामग्रीहरु, सेड हाउस, ग्रिन हाउस, पोली हाउस लगायतका अन्य संरचनाको निर्माणमा लागत अनुमान बमोजिम अधिकतम ७५% अनुदान उपलब्ध गराउन सकिनेछ।

उक्त सामग्रीहरुको मूल्य हिसाब गरी बजेट कार्यक्रम तर्जुमा गर्दा रकम प्रस्तावित गर्नु पर्नेछ।

### १३.३. नमुना फलफूल बगैंचा स्थापना कार्यक्रमः

१३.३.१. **परिचय/पृष्ठभूमिः** फलफूल खेती कृषकको अर्थोपार्जनका लागि एक आकर्षक व्यवसाय भएको र यसको लागि प्राविधिक ज्ञान, सीपको आवश्यकता पर्ने भएकोले प्राथमिकता रुपमा फलफूल क्षेत्रमा नमुनाको रुपमा बगैंचा स्थापना गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ।

१३.३.२. **कार्यक्रमको उद्देश्यः** प्रदर्शनको रुपमा नमुना बगैंचाहरु स्थापना गरी कृषकलाई पाखो जग्गाहरुमा फलफूल खेती गर्न प्रोत्साहित गराउने ।

१३.३.३. **कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः**

(१) एउटा फलफूल उत्पादन पकेट क्षेत्रमा एउटा मात्र नमुना बगैंचा स्थापना गरिनेछ ।

(२) नगरपालिका भित्रमा बढीमा ९ वटासम्म यस्ता फलफूल बगैंचाहरु सञ्चालन गर्न सकिनेछ ।

(३) वहुसंख्यक कृषकहरुले हेर्न र सिक्न सक्ने गरी प्रदर्शन स्थल एवं कृषक छनौट गरिनेछ।

(४) कृषकहरुको सहभागितामा नर्म्समा उल्लेख भए अनुसारका सुविधाहरु उपलब्ध गराईनेछ।

(५) करिब २ रोपनी क्षेत्रफलमा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

१३.३.४. **कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्सः** बगैंचा स्थापनाको लागि आवश्यक हुने बोट विरुवा, प्रुनिङ सः, सिकेचर, कलमी चक्कु, बाली संरक्षणका साधनहरु, विषादी छर्ने स्प्रेयर, प्याकेजिङ साधन, प्लाष्टिक सिट, हजारी, सिँचाई पाईप, सिँचाई मोटर, सूक्ष्म पोषक तत्वहरु, कृषि चून, प्रशोधनका साधनहरु, औजार-उपकरणहरु, नर्सरी स्थापनासँग सम्बन्धित अन्य सामग्रीहरुको मूल्यमा बढीमा ७५% अनुदान प्रदान गरिनेछ ।

**१३.४. नमुना फलफूल बगैंचा व्यवस्थापन अनुसरण कार्यक्रमः**

१३.४.१. **परिचय / पृष्ठभूमिः** स्थापना गरीएका नमुना फलफूल बगैंचाहरुले उत्पादन नदिएसम्म अर्थात फलफूलहरुको किसिम हेरी २-६ वर्षसम्म नमुना फलफूल बगैंचा व्यवस्थापन अनुसरण गरिनेछ।

१३.४.२. **कार्यक्रमको उद्देश्यः** नमुना फलफूल बगैंचाहरुको रेखदेख तथा अनुसरण गर्नु/गराउनु।

१३.४.३. **कार्यक्रमको प्राविधिक पक्ष / सञ्चालन प्रकृया / कार्यविधिः** अनुसरणको रुपमा नमुना बगैंचामा देखा परेका समस्याहरुको निराकरण गर्न आवश्यक पर्ने कृषि सामग्रीहरु, रासायनिक मल, रोग/कीटनाशक विषादी, निलोतुथो, चून आदिको लागि नर्म्समा उल्लेख भए अनुसारको सहयोग उपलब्ध गराइनेछ।

१३.४.४. **कार्यक्रमको आर्थिक पक्ष / खर्च मापदण्ड / नर्म्सः** नमुना बगैंचाहरुमा उत्पादन नदिएसम्म (२-६ वर्ष) अनुदानमा सुक्ष्म पोषक तत्व, रोग, कीटनाशक विषादी, निलोतुथो, कृषि चुन आदि समेतमा बढीमा प्रथम वर्ष वार्षिक रु.१०,०००/- सम्म खर्च गर्न सकिनेछ । दोस्रो वर्ष रु. १०,०००/- को ७५ प्रतिशत, तेस्रो वर्षमा ५० प्रतिशत, चौथो वर्षमा २५ प्रतिशत र पाचौं वर्षमा कृषक स्वयम् ले नै बेहोर्नु पर्नेछ । कार्यक्रम स्वीकृत दर रेट अनुसार सञ्चालन गरिनेछ।

**१३.५. बगैंचा समस्या निदान प्रदर्शन/ अभियान कार्यक्रमः**

१३.५.१. **परिचय / पृष्ठभूमिः** महामारीको रुपमा फैलिन लागेको रोग कीरा सम्बन्धी समस्या निदान गर्न फलफूल उत्पादन पकेट क्षेत्रहरुमा यो अभियान सञ्चालन गरिनेछ।

१३.५.२. **कार्यक्रमको उद्देश्यः** फलफूलको बोट बिरुवामा रोग कीरा तथा अन्य समस्या निदान गर्न प्रविधि प्रदर्शन गर्नु तथा समस्या निदान प्रदर्शन अभियानको रुपमा सञ्चालन गरी प्रभाव देखाउनु ।

१३.५.३. **कार्यक्रमको प्राविधिक पक्ष / सञ्चालन प्रकृया / कार्यविधिः** रोग कीरा नियन्त्रण गर्न आवश्यक सामग्री/उपकरण आदि नर्म्समा उल्लेख गरिए अनुसार उपलब्ध गराउने व्यवस्था मिलाई आवश्यक देखिएमा समस्या निदान प्रदर्शन अभियानको रुपमा कार्यक्रम सञ्चालन हुनेछ।

१३.५.४. **कार्यक्रमको आर्थिक पक्ष / खर्च मापदण्ड / नर्म्सः** महामारीको रुपमा फैलिन लागेका रोग, कीरा आदि नियन्त्रण कार्यको लागि विषादी, चून, निलोतुथो आदिमा खर्च गरिनेछ। कार्यक्रम स्वीकृत दर रेट अनुसार सञ्चालन हुनेछ।

**१३.६. फलफुल बाली बेर्ना/ बिरुवा वितरण कार्यक्रमः**

१३.६.१. **परिचय / पृष्ठभूमिः** फलफूल खेतीलाई टेवा पुऱ्याउन उन्नत जातका फलफूलका बिरुवाहरु कृषकहरुलाई अनुदानमा वितरण गरी फलफूल बालीले ढाकेको क्षेत्रफल बढाउने, फलफूल बालीको उत्पादन तथा उत्पादकत्व बढाई नगरपालिकालाई फलफूल बालीमा आत्मनिर्भर बनाउने तर्फ उन्मुख गराउनको लागि तथा कृषकहरुलाई फलफूल बालीको व्यवसायिकतामा आकर्षित गराउन गरिने यो कार्यक्रम फलफूल खेतीको सम्भाव्य रहेका वडाहरुमा केन्द्रित रहनेछ।

१३.६.२. **कार्यक्रमको उद्देश्यः**

(१) फलफूल खेती गर्न इच्छुक कृषकलाई अनुदानमा बिरुवा उपलब्ध गराइनेछ,

(२) फलफूल बालीले ढाकेको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व बढाई नगरपालिकालाई फलफूल बालीमा आत्मनिर्भर बनाउने तर्फ उन्मुख गरिनेछ,

(३) कृषकहरुलाई फलफूल बालीको व्यवसायिकतामा आकर्षित गरिनेछ।

१३.६.३. **कार्यक्रमको प्राविधिक पक्ष / सञ्चालन प्रकृया / कार्यविधिः** सार्वजनिक सूचना प्रवाह गरी माग सङ्कलन गरिनेछ। कृषकहरुको मागको आधारमा सिफारिस भएका तथा प्रचलित फलफूल बालीका उन्नत, स्वस्थ बिरुवा/बेर्ना/बीउ नगरपालिकाले बढिमा ७५% अनुदानमा उपलब्ध गराउनेछ। विरुवा रोपणको लागि खाल्डो खन्ने, मलजल गर्ने लगायतका सम्पूर्ण जिम्मेवारी कृषक स्वयंको नै हुनेछ। फलफूल खेती गर्न आवश्यक पर्ने स्वायल डिगर, कृषि चून, जैविक मल, विषादी आदिमा बढीमा ७५% अनुदान उपलब्ध गराईनेछ।\

धर्मदेवी नगरपालिका, शङ्खुवासभा

१३.६.४. **कार्यक्रमको आर्थिक पक्ष / खर्च मापदण्ड / नर्म्सः** सामग्रीको लागत अनुमान स्वीकृत दर रेट अनुसार गरिनेछ।

उक्त सामग्रीहरुको मूल्य हिसाब गरी बजेट कार्यक्रम तर्जुमा गर्दा रकम प्रस्तावित गरिनेछ।

**१३.७. तरकारी प्याकेज प्रदर्शन कार्यक्रमः**

१३.७.१. **परिचय / पृष्ठभूमिः** तरकारी बालीका विविध प्रविधिहरुलाई समेटेर तरकारी खेतीमा संलग्न कृषकहरुलाई नविनतम् प्रविधिहरु सिकाई उक्त प्रविधिहरु प्रति आकर्षित गराउन तरकारी प्याकेज प्रदर्शन कार्यक्रम सञ्चालन गरिनेछ।

१३.७.२. **कार्यक्रमको उद्देश्यः** तरकारी उत्पादक कृषकहरुलाई तरकारी बाली सम्बन्धी नयाँ प्रविधि तर्फ उन्मुख गराउनु।

१३.७.३. **कार्यक्रमको प्राविधिक पक्ष / सञ्चालन प्रकृया / कार्यविधिः** तरकारी खेतीमा संलग्न कृषकहरुलाई तरकारी बालीका विविध प्रविधिहरु समेटेर २ रोपनी क्षेत्रफलमा प्रदर्शन गरिनेछ। कृषकहरुलाई बीउ, बेर्ना, रासायनिक मल, विषादी, साइनबोर्ड आदि नर्म्स अनुसार पुर्ण अनुदानमा उपलब्ध गराई कार्यक्रम सञ्चालन गरिनेछ।

१३.७.४. **कार्यक्रमको आर्थिक पक्ष / खर्च मापदण्ड / नर्म्सः** बेर्ना, बीउ, रासायनिक मल, विषादी, सुक्ष्म तत्व, साइनबोर्ड आदिमा प्रति प्रदर्शन बढीमा रु. ३०००/- सम्म खर्च गर्न सकिनेछ।

**१३.८. तरकारी बालीको बीउबिजन/ बेर्ना /बिरुवा वितरण कार्यक्रमः**

१३.८.१. **परिचय / पृष्ठभूमिः** तरकारी खेतीलाई टेवा पुऱ्याउन वर्णशंकर तथा उन्नत जातका तरकारीका बीउबिजन/बिरुवाहरु कृषकहरुलाई वितरण गरी तरकारी बालीले ढाकेको क्षेत्रफल बढाउने, तरकारी बालीको उत्पादन तथा उत्पादकत्व बढाई नगरपालिकालाई तरकारी बालीमा आत्मनिर्भर बनाउने तर्फ उन्मुख गराउनको लागि तथा कृषकहरुलाई तरकारी बालीको व्यवसायिकतामा आकर्षित गराउन तरकारी खेतीको सम्भाव्य रहेका नगरपालिका भित्रका वडाहरुमा केन्द्रित गरिनेछ।

१३.८.२. **कार्यक्रमको उद्देश्यः**

(१) तरकारी खेती गर्न इच्छुक कृषकलाई अनुदानमा बीउबिजन उपलब्ध गराउनु,

(२) तरकारी बालीले ढाकेको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व बढाई नगरपालिकालाई तरकारी बालीमा आत्मनिर्भर बनाउने तर्फ उन्मुख गराउनु,

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

(३) कृषकहरुलाई तरकारी बालीको व्यवसायिकतामा आकर्षित गर्नु ।

१३.८.३. **कार्यक्रमको प्राविधिक पक्ष / सञ्चालन प्रकृया / कार्यविधिः** सार्वजनिक सूचना प्रवाह गरी माग सङ्कलन गरिनेछ। कृषकहरुको मागको आधारमा सिफारिस भएका तथा प्रचलित तरकारी बालीका वर्णशंकर तथा उन्नत जातका बीउ/बेर्नाहरु नगरपालिकाले पुर्ण अनुदानमा उपलब्ध गराउनेछ।

१३.८.४. **कार्यक्रमको आर्थिक पक्ष / खर्च मापदण्ड / नर्म्सः**

(१) सिफारिस भएका तथा प्रचलित तरकारी बालीका वर्णशंकर तथा उन्नत जातका, स्वस्थ बीउबिजन, बेर्ना पुर्ण अनुदानमा उपलब्ध गराइनेछ।

(२) सामग्रीको लागत अनुमान नगरपालिकाको स्वीकृत दर रेट अनुसार हुनेछ।

**१३.९. तरकारी बालीको सामुदायिक नर्सरी स्थापना गरी बेर्ना / बिरुवा उत्पादन कार्यक्रमः**

१३.९.१. **परिचय / पृष्ठभूमिः** तरकारी खेतीलाई टेवा पुऱ्याउन वर्णशंकर तथा उन्नत जातका तरकारीका बीउबिजन/बिरुवाहरु समूह/सामुदायिक/वडास्तरमा उत्पादन गरी सोहि समूह/समुदाय/वडाका कृषकहरुलाई वितरण गरी व्यवसायिक तरकारी खेती गर्न लगाउने, तरकारी बालीले ढाकेको क्षेत्रफल बढाउने, तरकारी बालीको उत्पादन तथा उत्पादकत्व बढाई नगरपालिकालाई तरकारी बालीमा आत्मनिर्भर बनाउने तर्फ उन्मुख गराउनको लागि तथा कृषकहरुलाई तरकारी बालीको व्यवसायिकतामा आकर्षित गराउन सञ्चालन गरिने यो कार्यक्रम तरकारी खेतीको सम्भाव्य रहेको वडाहरुमा केन्द्रित गरिनेछ।

१३.९.२. **कार्यक्रमको उद्देश्यः**

(१) तरकारी खेती गर्न इच्छुक कृषक वा कृषक समूह वा कृषि सहकारीलाई नर्सरी स्थापना गर्न लगाई उनिहरुले नै उत्पादन गरेका उन्नत तथा वर्णशंकर जातका बिरुवा, बेर्नाको व्यवसायिक खेती गर्न अभिप्रेरित गराउनु।

(२) तरकारी बालीले ढाकेको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व बढाई नगरपालिकालाई तरकारी बालीमा आत्मनिर्भर बनाउने तर्फ उन्मुख गराउनु।

(३) कृषकहरुलाई तरकारी बालीको व्यवसायिकतामा आकर्षित गर्ने।

१३.९.३. **कार्यक्रमको प्राविधिक पक्ष / सञ्चालन प्रकृया / कार्यविधिः** सार्वजनिक सूचना प्रवाह गरी कृषकहरुबाट माग सङ्कलन गरिनेछ। कृषकहरुको मागको आधारमा सिफारिस भएका तथा प्रचलित तरकारी बालीका वर्णशंकर तथा उन्नत जातका बीउबिजन, मलखाद, विषादी, नर्सरीका लागि आवश्यक मिडिया, कृषि सामग्रीहरु पुर्ण अनुदानमा उपलब्ध गराईने छ वा लागत अनुमान तयार गरी लाभग्राहीसँग कार्यक्रम सम्झौता गरी कार्यान्वयन गरिनेछ।

१३.९.४. **कार्यक्रमको आर्थिक पक्ष / खर्च मापदण्ड / नर्म्सः** सामग्रीको लागत अनुमान नगरपालिकाको स्वीकृत दर रेट अनुसार हुनेछ।

## १३.१०. करेसाबारी पोषणको भकारी कार्यक्रमः

१३.१०.१. **परिचय / पृष्ठभूमिः** करेसाबारी भनेको आफ्नो घरको वरपर आफ्नो परिवारलाई पुग्ने गरी तरकारी बाली लगाएर, फलाएर खानको लागि छुट्याईएको जमिन हो। ३-५ जनाको परिवारलाई व्यवस्थित तरिकाले तरकारीहरु लगाउनको लागि १ देखि १.५ रोपनी जमिन पर्याप्त हुन्छ। करेसाबारीमा उत्पादन हुने तरकारीमा घरमै उत्पादन भएको प्राङ्गारिक मल प्रयोग हुने, रासायनिक विषादी, भिटामिनको न्यून प्रयोग हुने हुँदा परिवारको पोषण पुर्तिमा सहयोग गर्नुका साथै मानव स्वास्थ्यमा समेत प्रतिकूल असर पर्न दिँदैन। मौसमी तरकारी बालीका बीउबिजन घरमै लगाएर ताजा, स्वस्थ, पोषणयुक्त तरकारी उत्पादन गरिने भएको हुँदा करेसाबारी पोषणको भकारी पनि भनिएको हो।

१३.१०.२. **कार्यक्रमको उद्देश्यः**

(१) आफु र आफ्नो परिवारलाई पुग्ने आवश्यक तरकारी आफैंले घरमै फलाई पोषणयुक्त तरकारी सेवन गरी स्वस्थ, निरोगी रहनु।

(२) खेर गएको समयको बचत हुने, भान्साबाट निस्केका कुहिने फोहोरको व्यवस्थापन हुने, शारीरिक व्यायाम हुने जस्ता फाईदाहरु प्राप्त हुने।

१३.१०.३. **कार्यक्रमको प्राविधिक पक्ष / सञ्चालन प्रकृया / कार्यविधिः** कृषक/कृषक समूहलाई सिफारिस भएका तथा प्रचलित तरकारी बालीका वर्णशंकर तथा उन्नत जातका बीउबिजन सिडकिटको रुपमा करेसाबारीमा लगाउनका लागि पुर्ण अनुदानमा उपलब्ध गराईनेछ।

१३.१०.४. **कार्यक्रमको आर्थिक पक्ष / खर्च मापदण्ड / नर्म्सः**

(१) तरकारी बालीका वर्णशंकर तथा उन्नत जातका विउबिजन पुर्ण अनुदानमा उपलब्ध गराईनेछ।

(२) सामग्रीको लागत अनुमान स्वीकृत दर रेट अनुसार हुनेछ।

## १४. बाली संरक्षण कार्यक्रमः

### १४.१. कृषक पाठशाला कार्यक्रम / आई.पि.एम. कृषक पाठशाला कार्यक्रमः

१४.१.१. **परिचय / पृष्ठभूमिः** एकीकृत शत्रुजीव व्यवस्थापनको चार सिद्धान्त अनुरुप वातावरणीय सन्तुलन कायम राखी रोग, कीरा तथा झारपात जस्ता बालीका शत्रुहरुको व्यवस्थापन प्रविधिबारे निर्णय लिन सक्ने क्षमता कृषकहरुमा विकास गर्ने उद्देश्यले मौसमी, वर्ष भरी नै वा कुनै एक बालीमा बाली अवधिभरको आई.पि.एम. कृषक पाठशाला कार्यक्रम सञ्चालन हुनेछ । उक्त कार्यक्रम स्थलगत कृषक अन्तरक्रिया गोष्ठी, स्थलगत तालीम सञ्चालन, आई.पि.एम. कृषक पाठशाला दिवस जस्ता कार्यक्रमहरु समावेश गरी सम्पन्न हुनेछ । आधुनिक कृषि प्रविधि प्रसार गर्न सशक्त माध्यम तथा स्थलको रुपमा उभिएको कृषक समूहलाई नै आधार बनाई बाली अवधिभर कृषक पाठशालाको रुप दिई यिनीहरुकै माध्यमबाट आई.पि.एम. प्रविधिलाई व्यवहारिक, प्रयोगात्मक तथा खोजपूर्ण सिकाईको विकास गर्दै स्थलगत रुपमा कार्यक्रम सञ्चालन गरिनेछ।

१४.१.२. **कार्यक्रमको उद्देश्यः** कृषिमा प्रमाणित भएका उन्नत प्रविधिहरु स्थलगत रुपमा सहभागितात्मक कृषि प्रसारको माध्यमबाट कृषि प्राविधिकहरुले कृषकहरुमा र अन्ततोगत्वा कृषकबाट कृषकहरुमा नै जानकारी तथा चेतना जगाई प्रविधि हस्तान्तरणमा कृषक स्वयंलाई आ–आफ्नो खेतबारीमा कृषि पर्यावरण विश्लेषण (Agro Ecosystem Analysis) गराई बाली संरक्षण गर्दा दिगो रुपमा पर्यावरणलाई जोगाई कृषि उत्पादनमा वृद्दि ल्याई खाद्य सुरक्षामा सहयोग गरी कृषक स्वयंलाई दक्ष बनाउनु यस कार्यक्रमको मूल उद्देश्य रहेको छ ।

१४.१.३. **कार्यक्रमको प्राविधिक पक्ष / सञ्चालन प्रकृया / कार्यविधिः**

कृषक पाठशाला सञ्चालन गर्नु अगाडि आई.पि.एम. सहजकर्ता (IPM Facilitator) / आई.पि.एम. कृषक सहजकर्ता (IPM Farmer Facilitator), जनप्रतिनिधि, सेवा केन्द्र प्रमुख, शाखा प्रमुख समेत स्थलमा गई नगरपालिका भित्रका समूह, अगुवा कृषक, सक्रीय कृषकहरुको समेत सहभागिता हुने गरी २५-३० जनाको कृषक समूह छनोट गर्न २ पटक अन्तरक्रिया गोष्ठी गर्नु पर्नेछ ।अन्त्यमा छनौट भएका कृषकहरु भेला गराई प्रशिक्षकहरुबाट योजना तर्जुमा गोष्ठी सञ्चालन गरी बाली, बालीका जातहरु, पाठशालामा सञ्चालन गरिने तुलनात्मक अध्ययनको तरिका, खेतबारीको निरीक्षण तथा छनौट, प्रत्येक हप्ता सञ्चालन हुने समय, पाठशालाको समय तालिका, विषयवस्तुको

बारेमा छलफल सञ्चालन हुनेछ । सो पश्चात् १६ हप्तासम्म पाठशाला कार्यक्रम सञ्चालन हुनेछ ।

तुलनात्मक अध्ययन तथा परीक्षणहरु सञ्चालन गर्न करिब ५०० वर्ग मिटर जग्गा/खेतबारीको छनौट गर्न कृषकहरु जम्मा भई छलफल गरी स्थानको निर्धारण हुनेछ ।१ वर्ष भरि बढिमा ३ बालीमा वा कुनै एक बालीमा बाली अवधिभर कृषक समूहले निर्धारण गरेको हप्ताको एक दिन अध्ययन र तालीम सञ्चालन हुनेछ ।हरेक बालीमा, बाली नभित्र्याउँदै अन्य कृषकहरुमा यस प्रविधिको विस्तार गर्ने उद्देश्य राखि आमन्त्रित पाहुना र अन्य कृषकहरुलाई अध्ययन स्थलमा भ्रमण, स्थलगत निरीक्षण, सांस्कृतिक कार्यक्रम नजर गराई कृषक दिवस मनाउँदा तथा अन्तिम बाली पछिको कृषक दिवसमा सहभागी कृषकहरुलाई प्रमाणपत्र वितरण सहितको एक समापन समारोह सञ्चालन हुनेछ।

पाठशालाको गोष्ठी देखि समापन सम्म प्रत्येक पटक दुई सेसन राखिनेछ र सो को सहजीकरण गर्न बढीमा दुई जना सहजकर्ता रहनु हुनेछ ।

आई.पि.एम. कार्यक्रमलाई कृषक स्तरमा पुर्याई निरन्तरता र दिगोपना दिन अर्को वर्ष देखि अनुसरण (Followup) कार्यक्रम सञ्चालन गर्न र यसको लागि कृषक र विज्ञान (Farmer & Science) कार्यक्रम, पोष्ट हार्भेष्ट प्रविधि सम्बन्धी विविध कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

**१४.१.४. कार्यक्रमको आर्थिक पक्ष / खर्च मापदण्ड / नर्म्सः**

| **कृषक पाठशाला सञ्चालन लागत अनुमान तेरिज (प्रति कार्यक्रम)** | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **क्रियाकलापहरु** | **सहभागी संख्या** | **दर रु.** | **जम्मा रकम** |
| १ | स्थलगत कृषक अन्तर्कृया गोष्ठी (२ पटक) - आई.पि.एम को महत्व, बाली पात्रो र आधारभुत तथ्याङ्क सङ्कलन, समूहको महत्व, लैङ्गिक विश्लेषण, समस्या पहिचान, कार्यक्रम कार्य योजनाको तयारी | | | |
| क | पहिलो पटक अन्तरक्रिया गोष्ठी गर्न- चियापान तथा खाजा खर्च | ४० | २०० | ८००० |
| ख | दोस्रो पटक अन्तरक्रिया गोष्ठी गर्न- चियापान तथा खाजा खर्च | ४० | २०० | ८००० |
| ग | २ पटकको गोष्ठी कार्यक्रमको लागि चाहिने रजिष्टर, कपी, स्केल, डटपेन, सिसाकलम, मार्कर, चार्टपेपर, मास्किङ टेप | ८० | १०० | ८००० |

| | | | | |
|---|---|---|---|---|
| | आदि। | | | |
| घ | अन्तरक्रिया गोष्ठी गर्न प्रशिक्षक भत्ता- २ पटक | ४ | १६०० | ६४०० |
| ङ | यातायात खर्च-२ पटक | ४ | २०० | ८०० |
| | **जम्मा** | | | **३१२००** |
| २ | पहिलो बालीको लागि IPM FFS सञ्चालन गर्न १ दिने PLANNING गोष्ठी गर्न | | | |
| क | खाजा खर्च (२५ जना कृषक र २ जना प्रशिक्षक) | २७ | २०० | ५४०० |
| ख | अन्तरक्रिया गोष्ठी गर्न प्रशिक्षक भत्ता- १ पटक | २ | १६०० | ३२०० |
| ग | स्टेशनरी | २५ | १०० | २५०० |
| घ | यातायात खर्च-२ पटक | २ | २०० | ४०० |
| | **जम्मा** | | | **११५००** |
| ३ | पहिलो बालीको लागि स्थलगत कृषक पाठशाला सञ्चालन गर्न | | | |
| क | खाजा खर्च (२५ जना कृषक र २ जना प्रशिक्षक) - १६ पटक | ४३२ | २०० | ८६४०० |
| ख | पाठशाला सञ्चालनको लागि बीउबिजन, बेर्ना, कम्पोष्ट मल, मलखाद, सिँचाई, बोर्ड तथा अन्य सामग्रीहरु, प्लाष्टिक ड्रम, साईन बोर्डहरु, विषादी, जैविक विषादी, सुक्ष्म पोषक तत्वहरु, हर्मोनहरु, पेग, स्केल ठुलो, रंगिन कलम, ब्राउन पेपर, गमला, पोलिथिन ब्याग, जालीकपडा, मार्कर, फोटोकपी पेपर, मास्किङ टेप, गम, भाइल, पेग आदि । | | एकमुष्ठ | १०००० |
| ग | प्रशिक्षक भत्ता- १६ पटक | ३२ | १६०० | ५१२०० |
| घ | यातायात खर्च-१६ पटक | ३२ | २०० | ६४०० |
| | **जम्मा** | | | **१५४०००** |
| ४ | पहिलो बालीको लागि कृषक दिवस सञ्चालन गर्न | | | |
| क | आमन्त्रित जनप्रतिनिधि कार्यालय प्रमुख सहभागी तथा अन्य कृषकहरु चियापान खर्च | ५० | २०० | १०००० |
| ख | कार्यक्रम व्यवस्थापन खर्च | | एकमुष्ठ | ५००० |
| ग | प्रशिक्षक भत्ता १ पटक | २ | १६०० | ३२०० |
| घ | यातायात खर्च १ पटक | २ | २०० | ४०० |
| ५ | पहिलो बालीको लागि प्राविधिक प्रतिवेदन तयार गर्न | | | १००० |
| | **जम्मा** | | | **१९६००** |
| | **कुल जम्मा** | | | **२१६३००** |

**१४.२. गोठे मलमूत्र तयार गर्ने प्रविधि (भकारो सुधार प्रदर्शन) कार्यक्रमः**

१४.२.१. **परिचय / पृष्ठभूमिः** यस कार्यक्रममा गहुँत सङ्कलन टयाङ्की निर्माण गरी यसको सङ्कलन तथा संरक्षण गरिन्छ । गहुँतलाई बालीमा सोझै प्रयोग गर्न तथा भकारोमा मिसाई गोठेमलको गुणस्तर बढाउने कार्य गरिन्छ । भकारोबाट गहुँत मिसाउनको अलावा गोठेमलबाट प्रमुख खाद्यतत्व मध्येको नाइट्रोजन तत्व चुहावट हुन नदिनको लागि छापो दिने, मल तर्काउने गरिन्छ । यस अन्तर्गत वस्तुभाउको लागि गोठ बनाउँदा मुत्र नचुहिने अर्थात चुहिएर खेर नजाने खालको बनाउन कृषकलाई प्रेरित गरिनेछ । स्थानीय स्तरमा पाउने ढुंगा, छपनी, ईट्टा आदि प्रयोग गरी कृषक कै सहभागितामा गहुँत बग्ने खालको गोठको भुइँ निर्माणमा जोड हुनेछ साथै बगेको गहुँतलाई नाली मार्फत सङ्कलन टयाङ्कीमा जम्मा गर्न टयाङ्की र नालीको व्यवस्था गर्न उत्प्रेरित गरिनेछ।

१४.२.२. **कार्यक्रमको उद्देश्यः** गोठबाट गोबर तथा गहुँतलाई संरक्षण गरी गहुँतलाई सोझै बालीमा प्रयोग गर्न तथा गोठेमलको रुपमा प्रयोगमा ल्याई मलको गुणस्तर बढाउने ।

१४.२.३. **कार्यक्रमको प्राविधिक मापदण्डः**

(१) मुत्र सङ्कलनको लागि गोठ सुधार (इट्टा, ढुङ्गा, बालुवा, सिमेन्ट आदि)

(२) गोठेमल खाडल/थुप्रो माथि छहारीको व्यवस्था

(३) साईनबोर्डः २.५ फिट लम्बाई २ फिट चौडाई

१४.२.४. **कार्यक्रमको आर्थिक पक्ष / खर्च मापदण्ड / नर्म्सः**

(१) प्रत्येक आयोजनालाई रु. २५०००/- को दरले लागत स्टिमेट बमोजिम ५०% अनुदान सहयोग रकम वा सो बराबरको सामग्रीहरु अनुदानमा उपलब्ध हुनेछ ।

(२) कार्यक्रम नगरपालिकाको स्वीकृत दर रेट अनुसार सञ्चालन गरिनेछ ।

**१४.३. आकस्मिक बाली संरक्षण कार्यक्रमः**

१४.३.१. **परिचय / पृष्ठभूमिः**

कृषकहरुले लगाएको बालीहरुमा विभिन्न रोग, किरा तथा अन्य शत्रुहरुले सताईरहेका हुन्छन् । जसको कारणबाट कृषकहरुले लगाएको बालीमा क्षति पुगेर उत्पादमा ह्रास ल्याउने, रोग लागेका, किराले खाएका बालीहरु सजिलै बजारमा बिक्रि नहुने हुँदा व्यवसाय घाटामा गई कृषकहरुलाई कृषि कर्म प्रति वितृष्णा उत्पन्न हुने हुन्छ । कृषकहरुले लगाएको बालीमा केहि प्रतिशत देखि

पुर्ण रुपमा क्षति पुग्न गई नोक्सान बेहोर्नुपर्ने हुन जान्छ ।कृषकहरुमा रोग किरा तथा तिनिहरुको उचित नियन्त्रणको तौर-तरिका थाहा नहुनु, विषादीको बारेमा पर्याप्त ज्ञान नहुनु, खुद्रा विषादी बिक्रेताले पनि सेवा भाव भन्दा पनि व्यवसायिक उद्देश्य राखी जथाभावी विषादी विक्री वितरण गर्नु आदि कारणले कृषकहरुलाई समस्यामा पार्दै आईरहेको अवस्था छ ।अहिलेको अवस्थामा प्रकोपको रुपमा देखिएका फौजी किरा, सलह किरा जस्ता विनाशकारी किरा तथा वर्षेनी देखिने अन्य रोग किराका समस्याहरुले गर्दा कृषक थलिएका छन् ।

कृषकहरुको खेतबारीमा देखिएका हानिकारक रोग, किरा तथा शत्रुहरुलाई नियन्त्रण गर्ने उद्देश्य राखी पूर्ण अनुदानमा सिफारिस भएका विषादीहरु, सुक्ष्म पोषक तत्वको वितरण, सहि प्राविधिक ज्ञान प्रदान गर्ने यो कार्यक्रम सञ्चालन गरिनेछ ।कृषकहरुलाई विषादी मात्र वितरण गरेर हैन कि सो को प्रयोग गर्ने उचित समय, तरिकाको बारेमा जानकारी गराउन सकियो भने मात्र यसको सहि सदुपयोग भई कृषकहरुको बाली जोगिन्छ भन्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन हुनेछ ।

१४.३.२. **कार्यक्रमको उद्देश्यः**

(१) कृषकहरुको खेतबारीमा कृषि क्षेत्रको विपद्को रुपमा देखिएका हानिकारक रोग, किरा तथा शत्रुहरुलाई नियन्त्रण गर्ने ।

(२) कृषकहरुलाई रोग किराहरुको बारेमा जानकारी दिई सहि समयमा, सहि विधिबाट नियन्त्रण गर्न सचेत गराउने ।

१४.३.३. **कार्यक्रमको प्राविधिक पक्ष / सञ्चालन प्रकृया / कार्यविधिः** कृषकहरुले आफ्ना खेतबारीमा देखिएका समस्याहरुको नमुना, फोटो वा समस्याहरुको विवरणको आधारमा अथवा स्थलगत निरीक्षण गर्नुपर्ने अवस्था देखिएमा सो पश्चात् कृषकहरुलाई नेपाल सरकारले सिफारिस गरेका विषादी, सुक्ष्म पोषक तत्व पुर्ण अनुदानमा उपलब्ध गराउन सकिनेछ । साथै सो समस्यामा प्रयोग हुने विषादी, सुक्ष्म पोषक तत्वको उपलब्धता कृषि विकास शाखामा हुन नसकेको अवस्थामा कृषकलाई खरिद गरी प्रयोग गर्नको लागि सिफारिस दिइनेछ ।

१४.३.४. **कार्यक्रमको आर्थिक पक्ष / खर्च मापदण्ड / नर्म्सः**

(१) सुक्ष्म पोषक तत्व, विषादीहरु कृषि विकास शाखा मार्फत कृषकहरुलाई पूर्ण अनुदानमा वितरण गरिने छ ।

(२) सामग्रीको लागत अनुमान स्वीकृत दर रेट अनुसार हुनेछ ।

## १५. घरदैलो प्राविधिक सेवाः

**१५.१. परिचयः** कृषकहरुको घरदैलोमा पुगेर बालीको उत्पादनको अवस्था बुझ्ने, उनिहरुको समस्या बुझ्ने, बालीनालीको अवस्थाबारे जानकारी लिने, अन्तरक्रिया गर्ने तथा आवश्यक प्राविधिक परामर्श सेवा उपलब्ध गराउनको लागि यो कार्यक्रम सञ्चालन हुनेछ।

**१५.२. कार्यक्रमको उद्देश्यः**

(१) कृषकहरुको खेतबारीमा गई प्राविधिक सेवा उपलब्ध गराउने।

(२) बालीनालीको उत्पादन, उत्पादकत्वबारे जानकारी लिने।

(३) बालीमा देखिएका समस्याहरु, आवश्यकताहरु बुझि सोहि अनुसार समाधानका उपायहरु खोज्ने, कार्यक्रम तर्जुमा गर्ने।

**१५.३. कार्यक्रमको प्राविधिक पक्ष / सञ्चालन प्रकृया / कार्यविधिः** एकपटकमा घरदैलो सेवा कार्यक्रम सञ्चालन गर्दा कम्तिमा ५ कृषक घरपरिवारमा पुग्नु पर्नेछ । सो क्रममा उनिहरुको आवश्यकता, समस्या, सफलताका कुराहरु बारे जानकारी लिने तथा आवश्यक परामर्श उपलब्ध गराउनुपर्ने छ ।

**१५.४. कार्यक्रमको आर्थिक पक्ष / खर्च मापदण्ड / नर्म्सः**

(१) कृषक घर दैलो सेवा सञ्चालन गर्दा घर दैलोमा पुग्ने प्राविधिकलाई यातायात तथा खाजा खर्च वापत प्रति दिन रु. ७००/- उपलब्ध गराईनेछ ।

(२) कृषक घर दैलो कार्यक्रमको बजेटबाट रु. १ लाखमा नबढ्ने गरी कृषकहरुलाई पुर्ण अनुदानमा वितरण गर्नको लागि बीउ सिडकिट, विषादी, साना कृषि सामग्रीहरु समेत खरिद गर्न सकिनेछ ।

## कृषक घर दैलो कार्यक्रम
## कृषक वस्तु स्थिति विवरण फारमको नमुना

| | | | | | |
|---|---|---|---|---|---|
| कृषकको नाम थरः | | ठेगानाः | | | मितिः २०८१/१०/११ |
| सम्पर्क नं.: | परिवार सङ्ख्याः | जग्गाको कुल क्षेत्रफलः | | | दस्तखतः |
| **खेती गरिएको बालीहरु (जात समेत)** | **समस्या** | **कृषिले गरेको प्रयासहरु** | **सिफारिस समाधनको उपायहरु** | **बालीको क्षेत्रफल** | **उत्पादन** |
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| सिंचाई स्रोत र अवस्थाः | | | | | |
| प्राविधिक ज्ञानको अवस्थाः | | | | | |
| बाली बिमाः | ( ) गरेको | ( ) नगरेको | | | |
| वितरित बीउ /विषादीः | | | | | |
| सिफारिस गरिएको बीउ/विषादीः | | | | | |
| कृषकबाट प्राप्त सुझावहरुः | | | | | |
| प्राविधिकको नामः | | कर्मचारी सङ्केत नं.: | | पदः | |
| कार्यालयको नामः | | सम्पर्क नं.: | | दस्तखतः | |
| सल्लाह तथा सुझावः | | | | | |

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

## १६. कृषक परामर्श सेवाः

**१६.१. परिचयः** कृषकहरुले बालीहरुको उत्पादनको क्रममा विविध समस्याहरु देखिन्छ र समाधानको लागि कृषि विकास शाखामा सम्पर्क गर्ने, परामर्श गर्ने तथा समाधानका उपायहरुको खोजि गर्न आईरहेका हुन्छन् । समस्यामा परेका कृषकहरुलाई उचित प्राविधिक परामर्श, सल्लाह तथा सुझाव दिएर उनिहरुको समस्याहरुको निराकरण गर्नु कृषि विकास शाखाको कर्तव्य हुन आउँदछ । यसै क्रममा कृषकहरुको समस्यालाई सम्बोधन गर्ने र बालीहरुको क्षति हुनु पुर्व नै उचित परामर्श सेवा प्रदान गर्ने उद्देश्यले कृषक परामर्श सेवाको सुरुवात गरिएको हो ।

**१६.२. उद्देश्यः**

(१) कृषकहरुको बालीमा देखिएका समस्याको समाधान गर्नको लागि प्राविधिक परामर्शका साथै उचित उपचारका साधनहरुको वितरण गर्नु ।

(२) कृषकहरुको बालीमा देखिएका समस्याको समाधानका लागि उचित उपचार विधिको सिफारिस गर्नु ।

**१६.३. कार्यक्रमको प्राविधिक पक्ष / सञ्चालन प्रकृया / कार्यविधिः** कृषि विकास शाखामा प्राविधिक समस्याहरु लिएर आउने कृषकहरुको समस्याहरुको समाधान गर्नको लागि उहाँहरुको समस्याहरु विस्तृत रुपमा जानकारी लिने तथा सकेसम्म उचित, सरल उपायहरु आफू तथा माथिल्लो निकायहरुको परामर्शमा आवश्यक सुझावहरु उपलब्ध गराउनु पर्नेछ।साथै उपलब्ध भए सम्म तत्काल नियन्त्रणको लागि घरदैलो परामर्श सेवा, विषादीहरुको वितरण जस्ता कार्यहरु समेत सञ्चालन गर्नुपर्ने छ ।

**१६.४. कार्यक्रमको आर्थिक पक्ष / खर्च मापदण्ड / नर्म्सः** कृषक परामर्श सेवा कार्यक्रमको बजेटबाट कृषकहरुलाई पूर्ण अनुदानमा वितरण गर्नको विषादी, स्प्रेयर, कृषि चून लगायतका सामग्रीहरु खरिद गर्न सकिनेछ ।

**कृषक परामर्श सेवा कार्डको नमुना**

| | | | |
|---|---|---|---|
| कृषकको नाम थरः | | ठेगानाः | मितिः |
| लगाएको बालीः | जातः | क्षेत्रफलः | सिंचाईको अवस्थाः |
| अन्यः | | | |
| देखिएका समस्याहरुः | | | |
| प्राविधिकको नामः | कर्मचारी सङ्केत नं.: | | पदः |
| कार्यालयको नामः | सम्पर्क नं.: | | दस्तखतः |

## १७. कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रमः

### १७.१. कार्यक्रमको उद्देश्यः

(१) कृषि यान्त्रीकरणको माध्यमबाट कृषि क्षेत्रको व्यवसायिकता, समयको उपयोगितामा वृद्दि गर्ने,

(२) यान्त्रीकरणको माध्यमबाट बालीको उत्पादन, उत्पादकत्वमा वृद्दि ल्याउने तथा उत्पादन लागत घटाउने,

(३) कृषकहरुमा कृषि यान्त्रीकरण सेवा पुर्याउने,

(४) व्यवसाय गरिरहेका सक्रीय कृषक तथा युवा जनशक्तिलाई  कृषि पेशामा आकर्षित गराउने।

**१७.२. अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः** नगरपालिकामा दर्ता तथा सूचिकृत भएका कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म ।

### १७.३. संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः

(१) मसमूह/संस्था/फर्म/कम्पनी दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(२) PAN वा  VAT प्रमाणपत्रको प्रतिलिपि।

(३) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

(४) समूह/संस्थाको हकमा निर्णयको प्रतिलिपि

(५) निवेदन पत्र

(६) समूह/संस्था/फर्मको हकमा गत आ.व. को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि

(७) समूह/संस्था/फर्मको हकमा गत आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(८) आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणापत्र

१७.४. सहजीकरण सेवा तथा सुविधाः

| क्र.सं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजीकरण सेवा तथा सुविधा | सञ्चालनको प्रकृया |
|---|---|---|---|---|
| १ | विभिन्न कृषि यन्त्र उपकरण खरिद तथा वितरण | जग्गा तयारी देखि उत्पादन प्रशोधन सम्मका कृषि यन्त्र उपकरण खरिद तथा वितरण | बढीमा ७५ प्रतिशत अनुदानमा मिनि टिलर, थ्रेसर, पावर स्प्रेयर, फगर मेशिन, विडर मेशिन, हार्भेष्टर, थ्रेशर, कम्बाईन हार्भेष्टर, उखु पेल्ने मेशिन, कफी प्रशोधनका मेशिनरीहरु लगायतका कृषि कार्यमा प्रयोग हुने औजार-उपकरणहरु | सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम |

**१७.५. कार्यक्रम सञ्चालनका आधारभूत पक्ष तथा मूल्याङ्कनका आधारहरुः** कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमका कार्यहरु गरिनेछः

(१) समूह/संस्था/फर्म छनौटको लागि सार्वजनिक सूचना प्रवाह,

(२) आर्थिक विकास समिति र कृषि विकास कार्यदलको समन्वयमा लाभग्राहीहरुको स्थलगत अनुगमन गरी आवश्यकताको पहिचान र कार्यक्रमको उपयुक्तताको जाँच

(३) लाभग्राहीहरुको मुल्याङ्कन तथा छनौट

(४) कार्यक्रम सम्झौताको लागि सार्वजनिक सूचना प्रवाह तथा कार्यक्रम सम्झौता

(५) सम्झौता गरिने समूह/संस्थाको हकमा उपकरण प्रयोग तथा मर्मतको योजना तथा कृषि यन्त्र उपकरण प्रयोगको सहुलियत भाडादर (प्रचलित दररेट भन्दा कम्तिमा १५ देखि २५ प्रतिशत कम) मा सदस्य/कृषकहरुलाई उपलब्ध गराउने प्रतिवद्धता समेत माग गरिने छ ।

(६) कृषि यन्त्र उपकरणहरु खरिद गर्दा कृषि यन्त्रसँग सम्बद्ध सम्पूर्ण एट्याचमेन्ट सहितको सेट नै खरिद गरिनेछ/गर्नुपर्नेछ ।

(७) मर्मत सम्भार र स्पेयर पार्टस् सम्बन्धी व्यवस्था अनुदानग्राही स्वयंले गर्नु पर्नेछ।

**१८. मौरीपालन व्यवसाय प्रवर्द्धन कार्यक्रमः**

**१८.१. कार्यक्रमको उद्देश्यः**

(१) मौरीपालन व्यवसायको माध्यमबाट न्युन आय भएका कृषकहरुको लागि जीविकोपार्जनको स्रोतको रुपमा विकास गर्ने,

(२) मौरीपालन व्यवसाय सञ्चालन गर्नको लागि थप जग्गा-जमिनको आवश्यकता नपर्ने हुनाले एउटै जमिनबाट दोहोरो फाईदा पुग्नुको साथै मौरीपालन व्यवसायले परागसेचनमा सहयोग गरी उत्पादनमा ३०-६० प्रतिशत वृद्दि गर्ने,

(३) मौरीपालन व्यवसायको माध्यमबाट अनियन्त्रित विषादीको प्रयोगमा कमि ल्याउने,

(४) व्यवसाय गरिरहेका सक्रीय कृषक तथा युवा जनशक्तिलाई मौरीपालन व्यवसायमा आकर्षित गराउने,

(५) लोप हुँदै गएका फापर, जुनेलो, आलस लगायतका फूल फुल्ने बालीहरुको प्रवर्द्धन हुने,

(६) तोरी बालीले ढाकेको क्षेत्रफलमा वृद्दि भई उत्पादन र उत्पादकत्व बढ्न जाने ।

१८.२. **अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः** नगरपालिकामा दर्ता तथा सूचिकृत भएका कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म ।

१८.३. **संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(१) समूह/संस्था/फर्म/कम्पनी दर्ता तथा नवीकरणको को प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(२) PAN वा VAT प्रमाणपत्रको प्रतिलिपि

(३) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

(४) समूह/संस्थाको हकमा निर्णयको प्रतिलिपि

(५) निवेदन पत्र

(६) समूह/संस्था/फर्मको हकमा गत आ.व.को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि

(७) समूह/संस्था/फर्मको हकमा गत आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(८) आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणापत्र ।

१८.४.सहजीकरण सेवा तथा सुविधाः

| क्र.सं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजीकरण सेवा तथा सुविधा | सञ्चालनको प्रकृया |
|---|---|---|---|---|
| १ | सेरेना जातको मौरीपालन प्रवर्द्धन कार्यक्रम | सेरेना जातको मौरी घार, गोला तथा मौरीपालमा प्रयोग हुने औजार उपकरण खरिद तथा वितरण | बढीमा ७५% प्रतिशत अनुदानमा मौरी घार, गोला तथा मौरीपालमा प्रयोग हुने औजार उपकरण (मह मदानी, घुम्टि, पन्जा, रानु गेट, कृत्रिम आधारचाका, धुँवादानी, एप्रोन, ह्याट लगायत अन्य) | सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम |

**१८.५. कार्यक्रम सञ्चालनका आधारभूत पक्ष तथा मूल्याङ्कनका आधारहरुः** मौरीपालन प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमका कार्यहरु गरिनेछः

(१) समूह/संस्था/फर्म छनौटको लागि अनुसुची १ बमोजिम सार्वजनिक सूचना प्रवाह

(२) आर्थिक विकास समिति र कृषि विकास कार्यदलको समन्वयमा लाभग्राहीहरुको स्थलगत अनुगमन गरी आवश्यकताको पहिचान र कार्यक्रमको उपयुक्तताको जाँच

(३) लाभग्राहीहरुको मूल्याङ्कन (अनुसूची २ बमोजिम) तथा छनौट

(४) कार्यक्रम सम्झौताको लागि सार्वजनिक सूचना प्रवाह(अनुसूची ३ बमोजिम) तथा कार्यक्रम सम्झौता(अनुसूची ४ बमोजिम)

(५) अनुदानग्राहीले चरनको लागि उपयुक्त बाली लगाउने, विषादीको प्रयोग नगर्ने वा तुलनात्मक रुपमा सुरक्षित विषादीको सावधानी पूर्वक प्रयोग गर्ने प्रतिवद्धता समेत माग गरिनेछ।

(६) कार्यक्रम पश्चात् घार मर्मत सम्भार र गोला व्यवस्थापन सम्बन्धी व्यवस्था अनुदानग्राही स्वयंले गर्नुपर्नेछ।

(७) प्रत्येक लाभग्राहीले कम्तिमा ५ घार मौरीपालन गर्नुपर्नेछ। क्लष्टरमा सञ्चालन गर्ने कृषक समूह/सहकारी वा फर्महरुलाई पहिलो प्राथमिकताको क्रममा छनौट गरिनेछ।

## १९. व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रमः

### १९.१. कार्यक्रमको उद्देश्यः

(१) व्यवसायिक तरकारी खेतीको माध्यमबाट न्यून आय भएका कृषकहरुको जीविकोपार्जनमा सुधार ल्याउने,

(२) नगरपालिकालाई तरकारी बालीमा आत्मनिर्भर बनाउन सहयोग पुग्ने,

(३) प्रतिस्पर्धात्मक व्यवसायिक खेती गराई सस्तो, सुलभ दरमा कृषकको घरसम्म तरकारी बालीहरु पुर्याउने,

(४) व्यवसाय गरिरहेका सक्रीय कृषक तथा युवा जनशक्तिलाई तरकारी खेती व्यवसायमा आकर्षित गराउने,

(५) तरकारी बालीले ढाकेको क्षेत्रफलमा वृद्दि भई उत्पादन र उत्पादकत्व बढ्न जाने।

**१९.२. अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः** नगरपालिकामा दर्ता तथा सुचिकृत भएका कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म।

**१९.३. संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(१) समूह/संस्था/फर्म/कम्पनी दर्ता तथा नवीकरणको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(२) PAN वा VAT प्रमाणपत्रको प्रतिलिपि

(३) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

(४) समूह/संस्थाको हकमा निर्णयको प्रतिलिपि

(५) निवेदन पत्र

(६) समूह/संस्था/फर्मको हकमा गत आ.व. को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि

(७) समूह/संस्था/फर्मको हकमा गत आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(८) आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणापत्र

**१९.४. सहजीकरण सेवा तथा सुविधाः**

| क्र.सं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजीकरण सेवा तथा सुविधा | सञ्चालनको प्रकृया |
|---|---|---|---|---|
| १ | व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम | उन्नत तथा वर्णशंकर जातका नेपाल सरकारबाट उन्मोचन तथा सुचिकृत भएका तरकारी बालीहरुको बीउबिजन, उत्पादन सामग्रीहरु खरिद तथा वितरण | बढीमा ७५ प्रतिशत अनुदानमा उन्नत तथा वर्णशंकर जातका बीउबिजन तथा तरकारी खेतीमा प्रयोग हुने औजार उपकरण (प्लाष्टिक टनेल, मल्चिङ सिट, नेट, हजारी, स्प्रेयर, ट्रे, पोलि व्याग, विषादी लगायत अन्य) | सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम |

१९.५. **कार्यक्रम सञ्चालनका आधारभूत पक्ष तथा मूल्याङ्कनका आधारहरुः** तरकारी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमका कार्यहरु गरिनेछः

(१) समूह/संस्था/फर्म छनौटको लागि अनुसुची १ बमोजिम सार्वजनिक सूचना प्रवाह

(२) आर्थिक विकास समिति र कृषि विकास कार्यदलको समन्वयमा लाभग्राहीहरुको स्थलगत अनुगमन गरी आवश्यकताको पहिचान र कार्यक्रमको उपयुक्तताको जाँच

(३) लाभग्राहीहरुको मुल्याङ्कन (अनुसूची ५ बमोजिम) तथा छनौट

(४) कार्यक्रम सम्झौताको लागि सार्वजनिक सूचना प्रवाह(अनुसूची ३ बमोजिम) तथा कार्यक्रम सम्झौता (अनुसूची ४ बमोजिम)

(५) कार्यक्रम पश्चात् बाली तथा सामग्रीहरुको व्यवस्थापन सम्बन्धी व्यवस्था अनुदानग्राही स्वयंले गर्नुपर्नेछ।

(६) कम्तिमा २ रोपनीमा तरकारी व्यवसाय सञ्चालन गर्ने कृषक समूह/सहकारी वा कृषकहरुलाई मात्र छनौट गरिनेछ ।

२०. **च्याउ खेती प्रवर्द्धन कार्यक्रमः** नगरपालिकामा व्यवसायिक च्याउ खेतीको सम्भावना, आवश्यकतालाई मध्यनजर गरी कृषकहरुलाई च्याउ खेतीतर्फ आकर्षित गर्ने, प्रविधि प्रसार गर्ने र कन्ये, गोब्रे, मिल्की, सिताके, किङ मसरुम जस्ता च्याउ बालीको खेती विस्तार गर्नका लागि च्याउ खेती प्रवर्द्धन कार्यक्रम मार्फत बढीमा ७५% सम्म अनुदानमा च्याउको स्पर(बीउ), उत्पादनका सामग्रीहरु उपलब्ध गराउनु हो ।

२०.१. **कार्यक्रमको उद्देश्यः**

(१) व्यवसायिक च्याउ खेतीको माध्यमबाट न्यून आय भएका कृषकहरुको जीविकोपार्जनमा सुधार ल्याउने ।

(२) नगरपालिकालाई च्याउ बालीमा आत्मनिर्भर बनाउन अग्रसर हुने।

(३) व्यवसाय गरिरहेका सक्रीय कृषक तथा युवा जनशक्तिलाई च्याउ खेती व्यवसायमा आकर्षित गराउने।

(४) च्याउ बालीले ढाकेको क्षेत्रफलमा वृद्दि भई उत्पादन र उत्पादकत्व बढ्न जाने ।

२०.२. **अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः** धर्मदेवी नगरपालिकामा दर्ता तथा सुचिकृत भएका कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म।

२०.३. **संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(१) समूह/संस्था/फर्म/कम्पनी दर्ता तथा नवीकरणको को प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(२) PAN वा VAT प्रमाणपत्रको प्रतिलिपि

(३) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

(४) समूह/संस्थाको हकमा निर्णयको प्रतिलिपि

(५) निवेदन पत्र

(६) समूह/संस्था/फर्मको हकमा गत आ.व. को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि

(७) समूह/संस्था/फर्मको हकमा गत आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(८) आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणापत्र।

२०.४.सहजीकरण सेवा तथा सुविधाः

| क्र.सं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजीकरण सेवा तथा सुविधा | सञ्चालनको प्रकृया |
|---|---|---|---|---|
| १ | च्याउ खेती प्रवर्द्धन कार्यक्रम | नेपाल सरकारबाट सिफारिस भएका च्याउका जातहरुको बीउबिजन, उत्पादन सामग्रीहरु खरिद तथा वितरण | बढीमा ७५ प्रतिशत अनुदानमा सिफारिस बिउबिजन तथा च्याउ खेतीमा प्रयोग हुने औजार उपकरण (टनेल, चुन, नेट,प्लाष्टिक, जुटको बोरा, सिँचाई पाईप, हजारी, स्प्रेयर, विषादी लगायत अन्य) | सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम |

२०.५. **कार्यक्रम सञ्चालनका आधारभूत पक्ष तथा मूल्याङ्कनका आधारहरुः** च्याउ खेती प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमका कार्यहरु गरिनेछः

(१) समूह/संस्था/फर्म छनौटको लागि अनुसूची १ बमोजिम सार्वजनिक सूचना प्रवाह

(२) आर्थिक विकास समिति र कृषि विकास कार्यदलको समन्वयमा लाभग्राहीहरुको स्थलगत अनुगमन गरी आवश्यकताको पहिचान र कार्यक्रमको उपयुक्तताको जाँच

(३) लाभग्राहीहरुको मुल्याङ्कन (अनुसूची ५ बमोजिम) तथा छनौट

(४) कार्यक्रम सम्झौताको लागि सार्वजनिक सूचना प्रवाह(अनुसूची ३ बमोजिम) तथा कार्यक्रम सम्झौता(अनुसूची ४ बमोजिम)

(५) कार्यक्रम पश्चात् बाली तथा सामग्रीहरुको व्यवस्थापन सम्बन्धी व्यवस्था अनुदानग्राही स्वयंले गर्नुपर्नेछ।

(६) कम्तिमा १ वटा टनेल निर्माण गरी व्यवसाय सञ्चालन गर्ने कृषक समूह/सहकारी वा  कृषकहरुलाई मात्र छनौट गरिनेछ।

२१. **बीउ पूँजी घुम्ति कोष परिचालन कार्यक्रमः** नगरपालिका भित्रका कृषक समूहलाई कृषि विकासको प्रमुख आधार स्तम्भको रुपमा लिई गठित कृषक समूहहरुको प्रबर्द्धन, सुदृढीकरण तथा सशक्तीकरणका लागि कृषि विकासका कार्यक्रमहरु सञ्चालन गर्न, उन्नत प्रविधिको उपयोग गरि बढी भन्दा बढी उत्पादनमा जोड दिन, सामूहिक खेतीका कार्यहरु सञ्चालन गर्नका लागि आवश्यक बीउ पूँजी उपलब्ध गराउन आवश्यक छ । बालीहरुको २ सिजनको उत्कृष्ट व्यवसायिक योजना भएका, सामूहिक भावनाका साथ क्रियाकलापहरु सञ्चालन गरिरहेका कृषक समूहहरु कोष प्राप्तिका लागि प्राथमिकतामा रहनेछन् ।

**२१.१. कार्यक्रमको उद्देश्यः**

(१) बीउ पूँजी प्राप्त गरि सामूहिक खेती गर्ने ।

(२) वार्षिक व्यवसायिक खेतीको योजना बनाई मल, बीउ, आवश्यक सामग्री, पूर्वाधारहरुको बिकासका लागि बीउ पूँजीको प्रयोग गर्ने ।

(३) प्रतिष्पर्धात्मक व्यवसायिक खेती गराई सस्तो, सुलभ दरमा कृषकको घरसम्म तरकारी बालीहरु पुर्याउने ।

**२१.२. अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः** नगरपालिकामा दर्ता तथा सूचीकृत भएका कृषक समूहहरु ।

**२१.३. संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(१) समूह/संस्था/फर्म/कम्पनी दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(२) PAN वा VAT प्रमाणपत्रको प्रतिलिपि।

(३) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

(४) समूह/संस्थाको हकमा निर्णयको प्रतिलिपि

(५) निवेदन पत्र

(६) समूह/संस्था/फर्मको हकमा गत आ.व. को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि

(७) समूह/संस्था/फर्मको हकमा गत आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(८) आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणापत्र

**२१.४. सहकजीकरण सेवा तथा सुविधाः**

| क्र.सं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजीकरण सेवा तथा सुविधा | सञ्चालनको प्रकृया |
|---|---|---|---|---|
| | बीउ पूँजी घुम्ती कोष परिचालन | समूहको वार्षिक कार्य योजनाको आधारमा रु. १ | सक्रीय कृषक समूहको माग, निर्णय, व्यवसायिक बालीको वार्षिक उत्पादनको कार्य | नगरपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, |

| | | | | |
|---|---|---|---|---|
| | कार्यक्रम | लाखसम्म बीउ पूँजी घुम्ती कोष उपलब्ध गराउने | योजना, सम्बन्धित वडाको सिफारिस समेतका आधारमा बिना धितो, बिना ब्याज एक आर्थिक वर्ष(असार १५) सम्मका लागि बीउ पूँजी घुम्ती कोष प्रदान गर्ने । | २०८१ बमोजिम |

२१.५. **कार्यक्रम सञ्चालनका आधारभूत पक्ष तथा मूल्याङ्कनका आधारहरुः** बीउ पूँजी घुम्ती कोष सञ्चालनका लागि देहाय बमोजिमका कार्यहरु गरिनेछः

(१) समूह छनौटको लागि अनुसुची १ बमोजिम सार्वजनिक सूचना प्रवाह

(२) आर्थिक विकास समिति र कृषि विकास कार्यदलको समन्वयमा लाभग्राहीहरुको स्थलगत अनुगमन गरी आवश्यकताको पहिचान र कार्यक्रमको उपयुक्तताको जाँच

(३) लाभग्राहीहरुको मूल्याङ्कन(अनुसूची ५ बमोजिम) तथा छनौट

(४) आवेदक मध्येबाट उत्कृष्ट व्यवसायिक योजना भएका कृषक समूहहरुलाई मात्र छनौट गरिने छ ।

(५) कार्यक्रम सम्झौताको लागि सार्वजनिक सूचना प्रवाह(अनुसूची ३ बमोजिम) तथा कार्यक्रम सम्झौता(अनुसूची ४ बमोजिम)का लागि बोलाईने छ ।सम्झौता पश्चात बीउ पूँजी सम्बन्धित समूहको खातामा उपलब्ध गराईने छ ।

(६) छनौट भएका कृषक समूहहरुले व्यवसायिक योजना बमोजिम नै बीउ पूँजी खर्च गर्नुपर्नेछ । खर्चको विवरण प्रत्येक त्रैमासिक रुपमा कृषि विकास शाखा तथा सम्बन्धित वडा कार्यालयमा पेस गर्नुपर्नेछ । तोकिए बमोजिमको काम नगरेको, गरेको काम सन्तोषजनक नरहेको पाईएमा तुरुन्त सम्झौता रद्द गरिनेछ र सो पश्चात् सम्झौता रद्द भएको मितिले १५ दिन भित्र सम्पुर्ण बीउ पूँजी रकम नगरपालिकाको आन्तरिक राजश्व खातामा फिर्ता गर्नुपर्नेछ । अन्यथा कानून बमोजिम कारबाहीको प्रकृया अगाडि बढाईने छ ।

(७) सम्झौता बमोजिम काम सम्पन्न गरीसकेका समूहले वार्षिक कार्य योजनाको सामाजिक लेखा परीक्षण, वार्षिक कार्य प्रतिवेदन सहित बीउ पूँजी कोष नगरपालिकाको आन्तरिक राजश्व खातामा फिर्ता गर्नुपर्नेछ ।

(८) एक पटक बीउ पूँजी प्राप्त गरेको समूहले पुनः ३ आर्थिक वर्ष पछि मात्र बीउ पूँजी कोष प्राप्त गर्नका लागि आवेदन दिन सक्नेछन् ।तर समूहले बीउ पूँजीलाई सन्तोषजनक तरिकाले परिचालन गरी आयआर्जनका क्रियाकलापहरु सञ्चालन गरेको पाईएमा पुनः बीउ पूँजी उपलब्ध गराउन बाधा पर्ने छैन ।

२२. **बाली बीमाको प्रिमियममा थप अनुदान कार्यक्रमः** कृषकहरुले बालीहरुको खेती गर्ने क्रममा विभिन्न कारणहरुले बालीहरुको हानी–नोक्सानी हुने अवस्था आउन सक्दछ, जसले गर्दा कृषि बाली उत्पादन गर्ने कृषक, समूह, सहकारी तथा व्यावसायिक संस्थाहरुले आर्थिक क्षति बेहोर्नु पर्ने हुन्छ । अतः खेती गरिएको बालीहरुको विभिन्न कारणहरुबाट हुने हानी नोक्सानीबाट हुने आर्थिक क्षतिको निराकरणका लागि गर्ने बीमालाई बाली बीमा भनिन्छ । बाली बीमा निर्जिवन बीमा अन्तर्गत पर्दछ । नेपालमा २०६९ साल माघ १ गते देखि सञ्चालनमा रहेको बाली बीमालाई औपचारिक तथा कानूनी रुपमा लिइन्छ । नेपाल सरकारको निर्णय अनुसार कृषि बीमा गर्दा लाग्ने बीमा शुल्कको ८०% (असि प्रतिशत) अनुदान रकम नेपाल सरकारले उपलब्ध गराउने व्यवस्था रहेको छ । यति हुँदा हुँदै पनि कृषकहरु बाली बीमामा आकर्षित हुन नसकेको अवस्थामा नगरपालिकाले कृषकहरुलाई बाली बीमामा आकर्षित गरी बालीमा हुने सम्भावित क्षतिबाट बचाउनका लागि बाली बीमाको बीमा शुल्कमा थप अनुदान कार्यक्रम सञ्चालन गर्न लागेको हो ।

२२.१. उद्देश्यहरुः

(१) कृषकहरुको काबु भन्दा बाहिरको परिस्थितीबाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरणमा सहयोग गरी कृषकहरुलाई ब्यवसायिक खेतीतर्फ आकर्षित गर्न सहयोग गर्ने,

(२) कृषि तथा पशुपालनको ब्यवसायीकरणको लागी जोखिम न्यूनीकरण गरी कृषकले कृषि उपजमा गरेको लगानीलाई सुरक्षित गर्न सहयोग गर्ने,

(३) कृषि क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको लगानी आकर्षित गर्न सहयोग गर्ने ।

२२.२. **बीमा शुल्कमा थप अनुदान वितरण व्यवस्थाः** नेपाल सरकारको निर्णय अनुसार कृषि बीमा गर्दा लाग्ने बीमा शुल्कको ८०% (असि प्रतिशत) अनुदान रकम नेपाल सरकारले उपलब्ध गराउने व्यवस्था रहेको छ । कृषकले बेहोर्नुपर्ने २०%(बीस प्रतिशत) बीमा शुल्कमा कृषकले बीमा गरेको प्रमाणको आधारमा नगरपालिकाले थप ५०% अनुदान उपलब्ध गराउने छ ।

२२.३. **बाली बीमा शुल्कमा थप अनुदान कार्यक्रम कार्यान्वयन समितिः** बाली बीमा शुल्कमा थप अनुदान कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा देहाय बमोजिमका सदस्यहरु रहेको कार्यान्वयन समिति रहने छ ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| योजना/प्रशासन शाखा प्रमुख | - सदस्य |
| पशु सेवा शाखा प्रमुख | - सदस्य |
| कृषि बिकास शाखा प्रमुख | - सदस्य सचिव |

२२.४. **समितिको बैठकः** समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ। समितिको सचिवालय धर्मदेवी नगर कार्यपालिकाको कार्यालयमा रहनेछ ।

२२.५. **समितिको काम, कर्तव्य र अधिकारः**

(१) बाली बीमा कार्यक्रम कार्यान्वयनको सम्बन्धमा देखिएका विवाद एवं समस्याहरु समाधान गर्ने ।

(२) बाली बीमा अनुदानको लागी आवश्यक पर्ने बार्षिक बजेट रकम अनुमान गरि कार्यपालिकामा प्रस्ताव पेस गर्ने ।

(३) बाली बीमा गर्ने कृषकलाई बीमा शुल्कमा थप ५० प्रतिशत रकम अनुदान उपलब्ध गराउने ब्यवस्था मिलाउने ।

(४) बीमक कम्पनीहरुबाट जारी बीमालेख बमोजिम कृषकहरुलाई सहज रुपमा दाबी भुक्तानी उपलब्ध गराउन ब्यवस्था मिलाउने ।

(५) बाली बीमा सम्बन्धी अन्य कार्यहरु गर्ने ।

२२.६. **बीमा शुल्क थप अनुदान उपलब्ध गराउने प्रकृयाः**

(१) बाली बीमा शुल्कमा दिइने अनुदान रकम बार्षिक बजेट तथा स्वीकृत कार्यक्रमको सीमा भित्र रहि प्रदान गरिनेछ ।

(२) बाली बीमा गरेका कृषकहरुले बीमा गरेको एक महिनाभित्र तोकिएको ढाँचामा आवेदन दिनुपर्नेछ ।

(३) कृषकले निवेदनका साथमा बीमालेखको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र तथा बीमा गरेको बाली तथा पशुधनको फोटो बीमा समितिमा पेस गर्नुपर्नेछ । यसरी पेस हुन आएका कागजातहरु समितिले अध्ययन गरि भुक्तानीको ब्यवस्था मिलाउने छ ।

(४) बीमा गरिने बाली तथा पशुधन बीमाको बीमाङ्क रकम निर्धारण, बीमा प्रिमियम रकम निर्धारण, दाबी भुक्तानी प्रक्रिया तथा बीमा सम्बन्धी अन्य व्यवस्थाहरु बाली तथा पशुपन्छी बीमा निर्देशन, २०६९ र सम्बन्धित बीमालेखमा उल्लेख भए बमोजिम हुनेछ ।

२२.७. **अनुगमन सम्बन्धी व्यवस्थाः** बिमा शुल्कमा थप अनुदान कार्यक्रम अर्न्तगत बाली बीमाको सदुपयोग र प्रभावकारिताबारे नगरपालिका, आर्थिक विकास समिति, बाली बीमा शुल्कमा थप अनुदान कार्यक्रम कार्यान्वयन समिति तथा कृषि विकास शाखाबाट हुनेछ। कृषि बिकास शाखा बाली बीमा सम्बन्धी कार्यहरुको समन्वयका लागी सम्पर्क बिन्दुको रुपमा रहनेछ ।

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

## २३. नगरस्तरीय स्थलगत घुम्ती बाली उपचार शिविर कार्यक्रमः

बाली उपचार शिविर एउटा यस्तो थलो हो जहाँ कृषकहरुले बालीमा लागेका रोग, कीरा तथा अन्य समस्याको समस्याग्रस्त बोट बिरुवाका नमुना ल्याई बाली उपचार बिशेषज्ञहरुबाट समस्या पहिचान तथा समाधानको उपायहरुबारे निःशुल्क सल्लाह प्राप्त गर्दछन् ।धैरै जना कृषकहरुलाई पायक पर्ने ठाउँ वा घरदैलोमा नै बाली उपचार विशेषज्ञहरु गएर बाली बिरुवाको रोग कीरा तथा अन्य समस्याहरुको पहिचान तथा निदान गर्ने भएकाले यसबाट कृषकहरु प्रत्यक्ष रुपमा लाभान्वित हुने गर्दछन् ।

कृषकको बालीमा रोग, कीरा तथा अन्य समस्याहरुको सहि पहिचान गरी समयमै उपयुक्त व्यवस्थापनका उपायहरु दिलाउनु नै यसको प्रमुख उद्देश्य रहेको छ। जसले गर्दा जथाभाबी रासायनिक विषादीको प्रयोगलाई कम गरी वातावरण संरक्षणमा सहयोग पुर्याउनुका साथै बाली बिरुवाहरुको उत्पादन र उत्पादकत्व वृद्दि गर्न मद्दत पुग्दछ।

### २३.१. उद्देश्यः

(१) कृषकहरुले लगाएको बाली बस्तुहरुमा रोग-किरा, शत्रुहरुको पहिचान गरी समयमै उपयुक्त प्रविधिको सिफारिस गर्ने,

(२) सुरक्षित विषादीको प्रयोगमा जोड दिइने हुँदा मानव स्वाथ्य तथा वातावरणमैत्री हुन सक्ने।

२३.२. **कार्य सञ्चालन र प्रक्रियाः** कृषकहरुले लगाएको बाली वस्तुको स्थलगत रुपमा १ दिने बाली उपचार शिविर सञ्चालन गरिने छ । कार्यक्रम सञ्चालन हुनु पुर्व कृषकहरु लक्षित गरेर सम्बन्धित वडा कार्यालयको समन्वयमा सूचना प्रवाह गरिनेछ। कृषकहरुले ल्याएको नमुनालाई बालि उपचार दर्ता किताबमा अभिलेखीकरण गरी नमुना परीक्षण एवं प्राविधिक सल्लाह सुझावसहित सम्भव भएसम्म बाली उपचारका लागि विषादीसुक्ष्म पोषक तत्व सम ,उपचारका लागि आवश्यक सामग्रीहरु ,ेत निःशुल्क वितरण गरिनेछ ।

२३.३. **आर्थिक पक्षः** बाली उपचार शिविरको खर्च देहाय बमोजिम हुनेछ ।

| क्र.सं. | प्रति कार्यक्रम खर्च विवरण | | | | जम्मा |
|---|---|---|---|---|---|
| | क्रियाकलापहरुको विवरण | इकाई | परिमाण | दर | |
| १ | प्रचारप्रसार – जिङ्गल, माईकिङ, रेडियो, एफ.एम, सवारी साधन, ब्यानर | पटक | १ | ३००० | ३००० |
| २ | शिविर सञ्चालन सामग्री (एप्रोन, क्याप, ब्याग, भाईल, केमिकल, चक्कु, कैंची, लेन्स आदि) | पटक | १ | ३००० | ३००० |
| ३ | कृषि अधिकृत वा विज्ञ बढीमा | जना | २ | १६०० | ३२०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | शिविर सहजकर्ता सहायक कर्मचारी बढीमा | जना | २ | ११०० | २२०० |
| ५ | शिविर सहयोगी | जना | १ | ५०० | ५०० |
| ६ | शिविर सञ्चालनकर्ताको लागि यातायात तथा खाजा खर्च | पटक | १ | ५००० | ५००० |
| ७ | स्टेशनरी (स्पाईरल, पेन, रजिष्टर, कलम, मार्कर, मास्किङ टेप, चार्ट पेपर, ब्राउन पेपर, फोटोकपि पेपर, साईनपेन, तथ्यपत्र तथा PMDG छपाई, जानकारीमुलक फ्लेक्स, सुझाव पर्चा, फ्याक्ट सिट आदि) | पटक | १ | ५००० | ५००० |
| ८ | सहभागीहरुलाई चिया, पानी, खाजा | जना | ३५ | २०० | ७००० |
| ९ | विषादी तथा अन्य नियन्त्रणका सामग्री | पटक | १ | २५००० | २५००० |
| १० | प्रतिवेदन | पटक | १ | १००० | १००० |
| ११ | संयोजक | जना | १ | ४०० | ४०० |
| १२ | प्रति शिविर जम्मा खर्च | | | | ५५३०० |

**नोटः** नगरपालिका भित्र बालीहरुमा रोगको प्रकोप देखिएको अवस्थामा, नियन्त्रणका लागि थप विषादीहरुको आवश्यकता भएमा लागत स्टिमेट स्वीकृत गराई कार्यान्वयन गर्न सकिने छ ।

**२४. माटो परीक्षण शिविर सञ्चालन तथा स्वाएल हेल्थ कार्ड वितरण कार्यक्रमः**

२४.१. **परिचयः** माटो बालीको घर हो। अनि कृषकहरुको गाँस, वास र कपासको आधार त्यहि माटोमा हुर्कने बाली हुन् । बालीको उचित वृद्दि र विकासको लागि माटोको स्वास्थ्य अवस्थाले महत्वपूर्ण भुमिका खेलेको हुन्छ । बाहिरी आँखाले माटोको रङ, बनोट हेरेर माटोको स्वस्थता मापन गर्न सकिँदैन । बढ्दो जनसंख्याको खाद्यान्नको माग धान्नको लागि रासायनिक मलको उपयोग बढ्यो । खेती कार्यको लागत घटाउन तथा सहज र सरल बनाउन यन्त्र, उपकरणको प्रयोग बढ्न थाल्यो । जमिन खण्डीकरण हुन थाले । पशुवस्तु पाल्ने क्रम घट्न थाल्यो । यि सबै कारणको प्रत्यक्ष असर माटोमा पर्यो । माटोको अम्लीयपना बढ्नु, जमिन रुखो हुनु, वर्षायाम सकिने बित्तिकै माटोमा सुख्खापन बढ्नु र बिरुवाको वृद्दि विकास रोकिनु यसैका उपजहरु हुन् । माटोमा आज हाम्रो मात्र नभै भोलिका हाम्रा सन्ततिको पनि उत्तिकै हक छ । तसर्थ हामीले आजैबाट यसको उचित व्यवस्थापन गरि स्वस्थतालाई जोगाई राख्नुपर्दछ ।

धर्मदेवी नगरपालिका शङ्खुवासभा

२४.२. **उद्देश्यः** यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छ ।

(क) माटोमा रहेको विद्यमान खाद्यतत्व पहिचान, सम्बन्धित समस्याहरुको समाधान गर्दै प्राङ्गारिक श्रोतको प्रबर्द्धन गरि कृषि उत्पादनमा सुधार ल्याउने,

(ख) माटोको भौतिक एवं रासायनिक गुणको जानकारी लिने र विज्ञ विशेषज्ञको सल्लाह अनुरूप माटोमा आवश्यक तत्वहरुको उपलब्धता बढाई माटोको गुणमा सुधार ल्याउने ।

२४.३. **माटो परीक्षण तथा व्यवस्थापनका लागि तालीम कार्यक्रमः** कार्यालयको स्वीकृत बजेट भित्रबाट सबै वडाका कृषकहरु लक्षित गरि माटो परीक्षण पुर्व तथा परीक्षण पश्चात् माटो परीक्षण तथा माटोको उचित व्यवस्थापनका लागि तालीम कार्यक्रम सञ्चालन गरिने छ । तालीम कार्यक्रम नगर स्तरीय कृषक तालीम वा घुम्ती स्थलगत कृषक तालीमको खर्चको मापदण्डलाई आधार मानेर सञ्चालन गरिनेछ ।

२४.४. **माटो व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गरिनेः** माटो परीक्षण पश्चात् प्राप्त नतिजाको आधारमा कृषकहरुको खेतबारीको माटो व्यवस्थापनका लागि टोल-टोलमा अभियान सञ्चालन गरिनेछ । उक्त अभियान मल वितरक संस्थाहरु, कृषि सहकारी संस्थाहरु, कृषक समूहहरु, व्यवसायिक कृषक, अगुवा कृषक समेतको संलग्नतामा सञ्चालन गरिनेछ । माटो व्यवस्थापनका उपायहरु सहितको होर्डिङ बोर्ड, फ्लेक्स बोर्डको प्रदर्शन गर्नुको साथै बुकलेट, पर्चा, पम्पलेट समेत वितरण गरिनेछ । माटो परीक्षण गर्ने कृषकहरुलाई बढीमा ७५% अनुदानमा कृषि चून, जिप्सम, सुक्ष्म पोषक तत्व, जैविक मल वितरण गरिनेछ ।

२४.५. **लक्षित वर्गः** नगरपालिकाको सबै वडाका कृषकहरु सहभागी हुन पाउनेछन् ।

२४.६. **कृषक लक्षित सार्वजनिक सूचना प्रकाशनः** नगरपालिकाले माटो परीक्षण गर्न इच्छुक कृषकहरु लक्षित गरेर सार्वजनिक सूचना प्रकाशन गर्नेछ । उक्त सूचनामा माटो परीक्षणको कार्यतालिका समेत समावेश गरि प्रकाशित गरिनेछ। नगरपालिकाबाट प्रकाशन भएको सूचना अनुसार माटो परीक्षण गराउन चाहने कृषकहरुले तथ्याङ्क फारम भरी सम्बन्धित वडा कार्यालयमा बुझाउनुपर्नेछ ।

२४.७. **वडा कार्यालयले माटोको नमुदा दर्ता गरी नगरपालिकामा सिफारिस गर्नेः** कृषकहरुबाट प्राप्त माटोको नमुना सम्बन्धित वडा कार्यालयले तोकिएको ढाँचामा दर्ता गरी नगरपालिकामा माटोको नमुना सहित सिफारिस गरी पठाउनुपर्नेछ ।

२४.८. **कृषि विकास शाखाले लगत विवरण राखी माटो परीक्षण गर्नेः** कृषि विकास शाखाले वडाबाट आएका माटोको नमुनाहरुको लगत राखी माटो परीक्षण गर्नेछ ।माटो परीक्षण दुई तरिकाले गर्न सकिनेछ ।

(क) **रि-एजेन्ट/किट बक्सबाट माटो परीक्षणः** मल तथा माटो परीक्षण प्रयोगशाला झुम्का, कृषि ज्ञान केन्द्र, संखुवासभा, माटो विज्ञ, कृषि विकास शाखाका प्राविधिक तथा कृषि प्राविधिकहरु मार्फत रि-एजेन्ट/किट बक्सबाट माटो परीक्षण गरिनेछ ।

(ख) **मोबाइल भ्यानबाट माटो परीक्षणः** मल तथा माटो परीक्षण प्रयोगशाला, झुम्कासँगको समन्वय तथा प्राविधिक सहयोगमा मोबाइल घुम्ती भ्यानको सहायताले माटो परीक्षण गरिनेछ ।

२४.९. **परीक्षण गरिने विधाहरुः** सङ्कलित नमुनाको Routine Analysis (पि.एच., प्राङ्गारिक पदार्थ, नाईट्रोजन, फस्फोरस, पोटास र माटोको बुनोट परीक्षण) गरी सोहि तत्वहरुको विश्लेषण गरी प्रमाणपत्रमा समावेश गरिनेछ ।

२४.१०. **माटो परीक्षण गरी नतिजा उपलब्ध गराउनेः** नगरपालिकाले माटो परीक्षण पश्चात् परीक्षणको नतिजा कृषकहरुलाई तालीम/गोष्ठी/अन्तरक्रिया कार्यक्रम राखी जानकारी गराउनेछ ।

२४.११. **माटो स्वस्थताको प्रमाणपत्र कृषि चून, मलखाद सिफारिस पत्र जारी गर्नेः** नगरपालिकाको कृषि विकास शाखाले माटो परीक्षणको नतिजाको आधारमा कृषकको माटो स्वस्थताको प्रमाणपत्र तथा कृषि चून, मलखाद सिफारिस पत्र जारी गरी सम्बन्धित वडा कार्यालयमा पठाउने छ र कृषकले सम्बन्धित वडा कार्यालयबाट सिफारिस पत्र बुझ्नेछन् ।

२४.१२. **अनुगमन तथा मूल्याङ्कनः** माटोको नमुना सङ्कलन, तालीम कार्यक्रम सञ्चालन तथा माटो परीक्षण कार्यको नियमित अनुगमन नगरपालिकाले गरी आवश्यक निर्देशन तथा पृष्ठपोषण गर्नेछ ।

२४.१३. **कार्यक्रमको आर्थिक पक्ष /खर्च मापदण्ड/ नर्म्सः**

(क) रि-एजेन्टबाट माटो परीक्षण गर्दा

| क्र.सं. | नर्म्सको विवरण | ईकाई | दर |
|---|---|---|---|
| १ | रसायन(रि-एजेन्ट खरिद) | १ सेट(बढीमा १०० नमुनाको लागि) | १००००/- |
| २ | सवारी भाडा | रु./दिन | स्वीकृत दररेट वा प्रचलित बजार भाउ अनुसार |
| ३ | माटो परीक्षण गर्ने विज्ञ वा कर्मचारी दैनिक भ्रमण तथा आवास खर्च | रु./सहभागी/प्रतिदिन | स्वीकृत भ्रमण खर्च नियमावली अनुसार |

| | | | |
|---|---|---|---|
| ४ | माटो परीक्षण गर्ने विज्ञ वा कर्मचारीको यातायात खर्च | रु./सहभागी/प्रतिदिन | स्वीकृत दररेट वा प्रचलित बजार भाउ अनुसार |
| ५ | मसलन्द(शैक्षिक सामग्री) | रु./सहभागी | १००/- |
| ६ | प्रतिवेदकको पारिश्रमिक | रु./कार्यक्रम | १०००/- |
| ७ | खाजा खर्च | रु./सहभागी | २००/- |
| ८ | विविध खर्च | एकमुष्ठ | ५०००/- |
| ९ | कार्यक्रम अनुगमन, निरीक्षण | | ५०००/- |

(ख) मोबाईल भ्यानबाट माटो परीक्षण गर्दा

| क्र.सं. | नर्म्सको विवरण | ईकाई | दर |
|---|---|---|---|
| १ | रसायन(रि-एजेन्ट तयारी) | १ सेट (बढीमा ५० नमुनाको लागि) | १५०००/- |
| २ | सवारी भाडा वा ईन्धन | रु./दिन | स्वीकृत दररेट वा प्रचलित बजार भाउ अनुसार |
| ३ | माटो परीक्षण गर्ने विज्ञ वा कर्मचारी दैनिक भ्रमण तथा आवास खर्च | रु./सहभागी/प्रतिदिन | स्वीकृत भ्रमण खर्च नियमावली अनुसार |
| ४ | माटो परीक्षण गर्ने विज्ञ वा कर्मचारीको यातायात खर्च | रु./सहभागी/प्रतिदिन | स्वीकृत दररेट वा प्रचलित बजार भाउ अनुसार |
| ५ | मसलन्द(शैक्षिक सामग्री) | रु./सहभागी | १००/- |
| ६ | प्रतिवेदकको पारिश्रमिक | रु./कार्यक्रम | १०००/- |
| ७ | खाजा खर्च | रु./सहभागी | २००/- |
| ८ | विविध खर्च | एकमुष्ठ | ५०००/- |
| ९ | कार्यक्रम अनुगमन, निरीक्षण | | ५०००/- |

धर्मदेवी नगरपालिका, संखुवासभा

## माटोको नमुना सङ्कलन फारम (कृषकले भर्ने)

**नाम थरः** … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … …

**ठेगानाः** सङ्खुवासभा जिल्ला, धर्मदेवी नगरपालिका, वडा नं. … …, … … … … … … … … … … … … … टोल

खेत/बारी … … … किता नं. … … … … … … … … खेत/बारीको नामः … … … … … … … … … … … … …

पहिले लगाएको बालीको नाम … … … … … … … … … … … … जात … … … … … … … … … … … … उत्पादन … … … … … … … … … … … … कि.ग्रा प्रति रोपनी

लगाउन चाहेको बालीको नाम … … … … … … … … जात … … … … … … … … … … … … …

कृषि चुन प्रयोग गरेको भएः प्रति रोपनी … … … … … … … … कि.ग्रा., कहिले … … … … … … … …

प्राङ्गारिक मल प्रयोगः प्रति रोपनी … … … … … … … … कि.ग्रा/डोको, कहिले … … … … … … … … …

रासायनिक मल प्रयोगः प्रति रोपनी युरियाः डि.ए.पी. / एस.एस.पीः पोटास … … … … … … … … … … … … … कि.ग्रा, कहिले … … … … … … … … … … … … …

माटोको प्रकार(स्थानीय नाम लेख्ने):

पानीको निकासः भए/नभएकोः … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … …

सिंचाई सुविधा भए/नभएकोः … … … … … … … … … … … … … स्रोत … … … … … … … … … … … … … … …

माटो जाँच गर्नुपर्ने कारणः … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … …

माटोको नमुना बुझाएको मितिः

कृषकको दस्तखतः सम्पर्क नं.: … … … … … … … … … … … … …

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

## माटोको नमुना दर्ता किताब (वडा कार्यालयमा)

| दर्ता नं. | दर्ता मिति | कृषकको नाम थर | ठेगाना | कित्ता नं. | सम्पर्क नं. | लगाउन चाहेको बाली | प्रयोग गरेको रासायनिक मल(कि.ग्रा./रोपनी) | | | प्राङ्गारिक मल (कि.ग्रा./रोपनी) | माटो जाँच गर्नुपर्ने कारण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | युरिया | डि.ए.पी/ एस.एस.पी | पोटास | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

## वडा कार्यालयको सिफारिसको ढाँचा

मितिः ... ... ... ... ... ... ... ... ... ... ...

विषयः माटो परीक्षणका लागि नमुना पठाइएको बारे ।

श्री धर्मदेवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मुढे शनिश्चरे, सङ्खुवासभा ।

प्रस्तुत विषयमा मिति ... ... ... ... ... ... ... ... ... ... ... देखि मिति ... ... ... ... ... ... ... ... ... ... ... सम्म दर्ता नं. ... ... ... ... ... ... ... ... ... ... ... ... देखि ... ... ... ... ... ... ... ... ... ... ... सम्म दर्ता कायम भएका तपसिल बमोजिमको विवरणका ... ... ... ... ... ... ... ... ... ... ... जना कृषकहरुको माटो परीक्षणको लागि प्राप्त नमुना समेत संलग्न गरि यसै पत्रसाथ पठाइएको बेहोरा अनुरोध छ ।

तपसिलः

| क्र.स | दर्ता नं. | दर्ता मिति | कृषकको नाम थर | ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

...............
वडा अध्यक्ष

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

## माटो परीक्षण नतिजाको समष्टिगत प्रतिवेदन किताब

| प्रमाणपत्र नं. | सिफारिस मिति | कृषकको नाम थर | ठेगाना | कित्ता नं. | सम्पर्क नं. | माटोको पि.एच | माटोको बुनोट | खाद्यतत्वको अवस्था | | | प्राङ्गारिक पदार्थ % | सिफारिस गरिएको बाली |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ना. % | फस्फोरस कि.ग्रा प्रति हे. | पोटास कि.ग्रा प्रति हे. | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

**धर्मदेवी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मुढे शनिश्चरे, सङ्खुवासभा**

**विषयः** माटो स्वस्थताको प्रमाणपत्र तथा कृषि चून, मलखाद सिफारिस पत्र ।

सङ्खुवासभा जिल्ला धर्मदेवी नगरपालिका वडा नं. ... ... का कृषक श्री ... ... ... ... ... ... ... को माटोको नमुना नं. ... ... बमोजिमको जग्गाको माटोको नमुना विश्लेषण गरि निम्नानुसार सिफारिस गरिएको छ ।

| क्र.सं. | लगाउने बाली | माटोको किसिम | माटोको पि.एच. | सिफारिस कृषि चून/रोपनी | माटोमा उपलब्ध | | | सिफारिस मलखाद(कि.ग्रा.)/ रोपनी | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | नाइट्रोजन | फस्फोरस | पोटास | नाःफःपो | प्राङ्गारिक |
| | | | | | | | | | |
| | | | | | | | | | |

दर्ता प्रमाणपत्र नं.: ... ... ... ...
जारी मितिः .... ... ... ... .... ... ... ...

जारी गर्नेको नामः .... ... ... ... .... ... ... ... .... ... ... ...
पदः .... ... ... ... .... ... ... ... .... ... ... ... ... .... ... ... ...
दस्तखतः .... ... ... ... ... ... ... ... .... ... ... ... .... ... ... ...

**कृषकले ध्यान दिनुपर्ने कुराहरुः**
माटोको उर्वराशक्ति वृद्धिको लागि गोबर मलका साथै हरियो मलका रुपमा कोशेबाली, कम्पोष्ट, पिना, हाडको धुलो, रगतको धुलो, कुखुराको सुली प्रयोग गर्नुपर्दछ । नाइट्रोजन, फरस्फोरस तथा पोटासको मात्रा विश्लेषण गर्दा कम देखिएमा सिफारिस मात्राको पुरै भाग, मध्यम देखिएमा आधा भाग तथा अधिक आएमा एक चौथाई भाग प्रयोग गर्नुपर्दछ । माटोको पि.एच. ५.५ भन्दा कम आई माटो अम्लिय देखि कृषि चून सिफारिस गरिएमा कृषि चून एकै पटक प्रयोग नगरी पहिलो वर्ष आधा भाग तथा दोस्रो वर्ष आधा भाग गरेर प्रयोग गर्नुपर्दछ ।

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

## अनुसूची (१)
## धर्मदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
## मुढे शनिश्चरे, सङ्खुवासभा

**विषयः** ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... कार्यक्रम सम्बन्धी सूचना।

यस कार्यालयको आ.व. ... ... ... ... ... ... ... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ... ... ... ... ... ... ... मार्फत तपसिल बमोजिमको क्रियाकलापहरु सञ्चालन गरिने भएको हुँदा ईच्छुक कृषक समूह / जल उपभोक्ता समिति / सहकारी संस्था / कृषि फर्म / समितिले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र तोकिएको ढाँचा अनुसार आवश्यक कागजात सहित माग आवेदन दर्ता गर्नु हुन जानकारी गराईन्छ । तोकिएको कार्यक्रममा कृषक समूह / कृषि सहकारी / कृषि फर्म / जल उपभोक्ता समिति / व्यवसायिक कृषकलाई क्रमशः प्राथमिकता दिईने छ ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने बेहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।

**तपसिलः**

| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | सञ्चालन गरिने मुख्य-मुख्य क्रियाकलापहरु | कृषकको लागत साझेदारी | लक्षित वर्ग |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**प्रस्तावका साथ संलग्न हुनुपर्ने कागजातहरुः-**

(१) वडा कार्यालयबाट उपलब्ध हुने माग आवेदन फाराम
(२) सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र
(३) खेती गरिने जग्गा जमिनको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भए कम्तिमा
(४) वर्षको सम्झौतानामाको प्रतिलिपि, ऐलानी भएमा ऐलानी प्रमाणित कागजात
(५) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि
(६) निर्णय प्रतिलिपि

(नोटः कार्यक्रमको प्रकृति अनुसार केहि थपघट गर्नुपरेमा आर्थिक विकास समितिबाट निर्णय गरे बमोजिमको ढाँचा अनुसार हुनेछ । )

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

अनुसूची (२)

**धर्मदेवी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय,**

**मुढे शनिश्चरे, सङ्खुवासभा**

**............................................ कार्यक्रममा सहभागिताको लागि निवेदन**

**मितिः** … … … … / … … / … …

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
धर्मदेवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मुढे शनिश्चरे, संखुवासभा ।

**बिषयः** … … … … … … … … … … … … … … … … … … कार्यक्रम उपलब्ध गराई पाउँ भन्ने बारे ।

महोदय,
धर्मदेवी नगरपालिका, कृषि विकास शाखाको मिति … … … … … … … … … … … … … … … … … को सूचना नं. … … … … … … … … … … … बमोजिमको … … … … … … … … … … … … … … … … … कार्यक्रमबाट अनुदान पाउनको लागि नियमानुसार कागजात संलग्न गरी निबेदन पेस गरेको छु/छौं ।

**संलग्न कागजातहरुः**

(१) फर्म/संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि
(२) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,
(३) निर्णयको प्रतिलिपि,
(४) संस्थाले खटाएको आधिकारिक व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(५) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

निबेदकको
नामथरः … … … … … … … … … … … … … … … … …
दस्तखतः … … … … … … … … … … … … … … … …
सम्पर्क नं.: … … … … … … … … … … … … … … …

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

**प्रस्तावना पत्रः**

(१) फर्म/संस्थाको पृष्ठभूमिः

(२) फर्म/संस्थाको नामः २. ठेगानाः

(३) फर्म/संस्था दर्ता मितिः

(४) लाभान्वित जनसंख्याः दलित ( ) जनजाती ( ) मिश्रित ( ) अन्य ( ) कुल जम्मा ( )

(५) सदस्य संख्याः

(६) बैठक प्रकृया र नियमित बैठक बस्ने मितिः

(७) हितकोष/वचत रकम रु. ८. हितकोष/वचत परिचालन प्रकृयाः

(८) सञ्चालन गर्न चाहेको कार्यक्रमको नामः

(९) कार्यक्रम सञ्चालन स्थलः

(१०) कार्यक्रमबाट लाभान्वित हुने परिवार संख्याः

(११) कार्यक्रमबाट प्राप्त हुने प्रतिफलः

(१२) समूह/संस्थाले गर्न चाहेको कार्यक्रमको संक्षिप्त विवरण (क्रियाकलापहरु): … … … … … … … …
… … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … …

(१३) माग गरेको कार्यक्रमलाई लाग्ने जम्मा बजेट रु. … … … … … … … … … … … … … … … … … … … … … …

(१४) समूह/संस्थाको आफ्नो कोषबाट बेहोरिने रकम रु. … … … … … … … … … … … … … … … … … … … …

(१५) समूह/संस्थाले माग गरेको आर्थिक सहयोग रु. … … … … … … … … … … … … … … … … … … … … …

… … …
अध्यक्ष

(नोटः कार्यक्रमको प्रकृति अनुसार केहि थपघट गर्नुपरेमा आर्थिक विकास समितिबाट निर्णय गरे बमोजिमको ढाँचाअनुसार हुनेछ । )

अनुसूची (३)

धर्मदेवी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,

मुढे शनिश्चरे, सङ्खुवासभा

**… … … … … … … … … … … … … … … … कार्यक्रम सम्झौताको लागि सूचना**

मितिः … … … … / … … / … …

**विषयः** कार्यक्रम सम्झौता सम्बन्धी सूचना।

धर्मदेवी नगरपालिका ,नगर कार्यपालिकाको कार्यालय, मुढेशनिश्चरे, संखुवासभाको आ.व. … … … को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सञ्चालन हुने तपसिलमा उल्लेखित कृषि विकास कार्यक्रमका लागि देहाय बमोजिमका लाभग्राहीहरु छनौट भएको हुँदा तोकिएको कागजात सहित सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र कृषि विकास शाखामा आई कार्यक्रम सम्झौता गर्नुहुन अनुरोध गरिन्छ ।

**………………………. कार्यक्रमका लाभग्राहीहरुको विवरण**

| क.सं. | लाभग्राहीको नाम | ठेगाना | सम्पर्क नं. | परिमाण | अन्य |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**संलग्न हुनुपर्ने कागजातहरुः-**

(१) वडा कार्यालयबाट सम्झौताको लागि सिफारिस पत्र

(२) सम्झौताको लागि निवेदन

(३) संस्थाको हकमा निर्णयको प्रतिलिपि

(४) लागत साझेदारीको कार्यक्रमको हकमा सम्बन्धित संस्थाको खातामा लागत साझेदारी वापत

(५) रकम जम्मा गरेको भौचर समेत पेस गर्नुपर्नेछ।

(६) तोकिएको समयमा कार्यक्रम सम्झौता नगरेमा कार्यक्रममा सहभागी गराउन नसकिने समेत जानकारी गराईन्छ ।

## अनुसूची (४)
## धर्मदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
## मुडेशनिश्चरे, सङ्खुवासभा

**धर्मदेवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मुढेशनिश्चरे, सङ्खुवासभा बाट आ.व. ... ... ... मा सञ्चालन हुने कृषि विकास शाखा तर्फको ... ... ... ... ... ... ... ... ... ... ... ... ... कार्यक्रम सम्बन्धी सम्झौता-पत्र**

धर्मदेवी नगरपालिकाको आ.व. ... ... ... ... ... ... को वार्षिक नीति तथा कार्यक्रमको आर्थिक विकास तर्फको कृषि विकास कार्यक्रममा ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... कार्यक्रम अन्तर्गतको जिल्ला सङ्खुवासभा, धर्मदेवी नगरपालिका वडा नं. ... ... को श्री ... ... ... ... ... ... ... (यस पछि दोस्रो पक्ष भनिने) र धर्मदेवी नगरपालिका (यस पछि प्रथम पक्ष भनिने) बिच योजना सञ्चालनका लागि कार्य सम्पन्न गर्न/गराउन देहाय बमोजिमको शर्त पालना गर्ने गरी यो सम्झौता-पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं/दियौं।

(१) परियोजना स्थलको विवरण

- (क) धर्मदेवी नगरपालिका वडा नं . ... ..., संखुवासभा
- (ख) क्षेत्रफलः ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...
- (ग) सम्पन्न हुने मिति :............... साल ............ महिनाको .......... गते ।

(२) ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... अन्तर्गत सञ्चालन हुने क्रियाकलाप सम्बन्धी विवरण

- (क) कार्यक्रमको नामः
- (ख) कार्यक्रमको किसिम :लागत साझेदारी
- (ग) कार्यक्रमको कुल लागत :
- (घ) कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुने कृषक परिवार संख्या ... ... ... जनसंख्या ... ... ... ... समुदाय :ब्राह्मण/क्षेत्रि/दलित/जनजाति/सबै

(३) सम्झौताका शर्तहरु

- (क) यो सम्झौतापत्र देहाय बमोजिम स्पेशिफिकेशन र लागत अनुमान अनुसारको पूर्वाधार निर्माण/बीउबिजन/कृषि औजार/मल/सामाग्री/विषादी खरिद एवं व्यवस्थापन गरिने छ ।
- (ख) सम्झौता पत्रमा हस्ताक्षर गरेको मिति देखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ, हस्ताक्षर भएपछि तत्काल काम सुरु गर्नु पर्नेछ र तोकिएको समय अवधि भित्र सम्पन्न गर्नुपर्नेछ।
- (ग) दोस्रो पक्षले लागतमा तोकिएको सहभागिताको रकम नगदै वा अन्य किसिमले सहभागिताको सुनिश्चितता गर्नु पर्नेछ तथा यसै परियोजनाको लागि आफ्नै संस्थाको स्रोत बाहेक अन्य कुनै सरकारी, गैरसरकारी संघ संस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ।
- (घ) दोस्रो पक्षले परियोजना अन्तर्गत क्रियाकलापहरु सञ्चालन गर्दा प्रथम पक्ष वा सम्बन्धित प्राविधिकले दिएको निर्देशन अनुसार गर्नुपर्नेछ । कार्य सम्पन्न प्रतिवेदन सम्बन्धित प्राविधिकबाट तयार गरि/गराई प्रत्यक्ष लाभान्वित कृषकहरुको

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

बैठक निर्णयबाट अनुमोदन गराएर, प्रथम पक्षको प्रतिनिधि र अन्य सरोकारवालाहरुको उपस्थितिमा सार्वजनिक सुनुवाई गरेर बील, भर्पाई, फोटोहरु, प्रतिवेदन पेस गरेपछि मात्र सम्झौता बमोजिमको अनुदान रकम रु......................................................./- (अक्षरुपी रु. .......................................................) मा नबढ्ने गरि नियमानुसारको कन्टेन्जेन्सी र अग्रिम आयकर कट्टा गरी लाभग्राहीलाई वा सामान आपूर्तिकर्ता/मेशिनरी उपकरण आपूर्तिकर्तालाई सोझै भुक्तानी दिईनेछ ।

(ङ) दोस्रो पक्षले सम्झौता बमोजिमको डिजाईन, इष्टिमेट अनुसार परियोजना सम्पन्न गरी सञ्चालनमा ल्याउनुपर्ने छ । लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पुर्ण जिम्मेवारी सम्बन्धित दोस्रो पक्षले बेहोर्नु पर्नेछ ।

(च) दोश्रो पक्षले परियोजनाको निर्माण कार्य शुरु गर्नु भन्दा पूर्व, परियोजना निर्माण कार्य सञ्चागलन हुदै गरेको र परियोजना सम्पन्न भैसकेपछिको फोटोहरु अन्तिम भुक्तानीको लागि पेस गरिने बिल भर्पाइका साथमा अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।

(छ) प्रथम पक्ष र दोस्रो पक्षबीच कुनै विवाद आएमा कार्यालयको निर्णय नै अन्तिम हुनेछ ।

(ज) यो सम्झौतामा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित कानून बमोजिम हुनेछ ।स्थानीय आवश्यकता अनुसार दुबै पक्षको सहमतिमा माथि उल्लेखित सर्तहरुमा फेरबदल गर्न सकिनेछ।

(झ) संलग्न फारामहरु

- परियोजनाको स्वीकृत क्रियाकलापहरु र लागत अनुमान
- परियोजनाबाट प्रत्यक्ष लाभान्वित हुने कृषकहरुको नामावली तथा विवरण

**उपरोक्त बमोजिम कार्य गर्न मञ्जुर छौं भनी दस्तखत गर्नेः**

| **प्रथम पक्षको तर्फबाट** | **दोस्रो पक्षको तर्फबाट** |
|---|---|
| नाम थरः … … … … … … … … … … … … … … … …<br>पदः … … … … … … … … … … … … … … … … … …<br><br>दस्तखत र मितिः<br><br>कार्यालयको छापः | नाम थरः … … … … … … … … … … … … … … … …<br>पदः … … … … … … … … … … … … … … … … … …<br><br>दस्तखत र मितिः<br><br>संस्थाको छापः |
| **साक्षीः** | **साक्षीः** |
| नाम थरः … … … … … … … … … … … … … … … …<br>पदः … … … … … … … … … … … … … … … … … …<br><br>दस्तखत र मितिः | नाम थरः … … … … … … … … … … … … … … … …<br>पदः … … … … … … … … … … … … … … … … … …<br><br>दस्तखत र मितिः |

(नोटः कार्यक्रमको प्रकृति अनुसार सम्झौता-पत्रमा थपघट गर्नुपरेमा आर्थिक विकास समितिबाट निर्णय गरे बमोजिमको ढाँचाअनुसार हुनेछ । )

धुर्दिकोट नगरपालिका, रुकुम्

अनुसूची ५
धर्मदेवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
मुढे शनिश्चरे, सङ्खुवासभा

........................................... कार्यक्रमको प्रस्ताव मूल्याङ्कन फाराम

| क्र.स | द.नं. | आवेदकको नाम | ठेगाना | मूल्याङ्कनका आधारहरु | | | | | पूर्णाङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पेस गरेको कार्य योजना (२०) | व्यवसाय प्रतिको अनुभव (२०) | सो स्थानमा व्यवसायको सम्भाव्यता (सिँचाई, भूगोल, प्रस्तावित बाली, बजार,श्रम आदि)(२०) | वास्तविक लक्षित वर्ग (२०) | स्थलगत अनुगमनबाट प्राप्त प्रतिवेदन (२०) | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

छनौट समितिका पदाधिकारीहरुको नाम, थर, पद, दस्तखत र मितिः
१.

२.

(नोटः कार्यक्रमको प्रकृति अनुसार छनौटको मापदण्ड थपघट गर्नुपरेमा आर्थिक विकास समितिबाट निर्णय गरे बमोजिमको ढाँचाअनुसार हुनेछ ।)

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

## अनुसूची ६

## कृषक समूहको विधानको नमूना

**प्रस्तावनाः** कृषिजन्य वस्तुको उत्पादन, उत्पादकत्व बढाउन, उत्पादन सामग्री सुलभ बनाउन, उत्पादित सामग्रीको बिक्री वितरण, भन्डारण व्यवस्थापन गरी उन्नत बीउ एवं आयवृद्दि, बचत सङ्कलनबाट आत्मनिर्भर हुनको लागि धर्मदेवी नगरपालिकाको सहयोगमा श्री ... ... ... ... ... ... ... ... कृषक समूह गठन गरियो ।

१. **प्रारम्भिकः**

१.१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस समूहको नाम “श्री ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... कृषक समूह, २०...... रहने छ ।

(ख) यो विधान धर्मदेवी नगरपालिकाबाट प्रमाणित भएपछि तुरुन्त लागू हुनेछ ।

१.२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो विधानमाः

(क) "समूह" भन्नाले यस विधानमा उल्लेखित कृषि कार्यद्वारा कृषि उपजको उत्पादन, उत्पादकत्व बढाई आयआर्जनमा संलग्न कृषकहरुको जमातलाई जनाउनेछ ।

(ख) "सदस्य" भन्नाले कृषक जो ........................................ कृषक समूहको उद्देश्य अनुसार उत्पादन, उत्पादकत्व बढाउन विधानको दफा ३ बमोजिम सदस्यता लिएको व्यक्तिलाई जनाउनेछ ।

(ग) "कार्य समिति" भन्नाले “विधान अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष तथा सदस्य पदाधिकारीहरुलाई जनाउनेछ।

(घ) "साधारण सभा" भन्नाले यस विधानको दफा ४ बमोजिम गठित सभालाई जनाउनेछ।

१.३. **समूहको छापः** ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... लोगो अंकित गोलो घेराभित्र यस समूहको नाम, ठेगाना “श्री ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... कृषक समूह, ... ... ... ... ... साल हुनेछ ।

१.४. **समूहको कार्यालयः** यस समूहको कार्यालय संखुवासभा जिल्ला धर्मदेवी नगरपालिका वडा नं. ... ... ... मा रहनेछ ।

१.५. **समूहको दर्ताः** कृषक समूह नगरपालिकाको कार्यालयमा दर्ता गर्नुपर्नेछ। साथै अनिवार्य रुपमा आन्तरिक राजश्व कार्यालयमा समेत दर्ता गरी स्थाई लेखा नम्बर (PAN) लिनुपर्नेछ।

धर्मदेवी नगरपालिका, संखुवासभा

२. **उद्देश्य र फर्मः**

२.१. **उद्देश्यः** समूहको मुख्य उद्देश्य देहाय अनुसार हुनेछ।

(क) कृषि व्यवसायलाई आधुनिकीकरण एवं विविधीकरण गरी उत्पादकत्व, उत्पादन वृद्दिका लागि एक जुट भई काम गर्ने,

(ख) सदस्यहरुको आर्थिक तथा सामाजिक जिवनस्तर उठाउने,

(ग) सदस्यहरुमा स्वावलम्बनको ज्ञान, पारस्परिक सहयोग र मितव्ययितताको भावनाको विकास गर्ने ।

(घ) समूहको विधानको बुंदा २.१ बमोजिमका उद्देश्यहरु प्राप्त गर्न यो समूहले देहाय बमोजिमका कार्यहरु गर्नेछ ।

(१) उन्नत प्रविधिबाट खेती गरी उत्पादन एवं उत्पादकत्व बढाउने,

(२) बीजवृद्दि गरी आत्मनिर्भर हुने,

(३) उन्नत प्रविधि अपनाउने,

(४) कृषि उत्पादनबाट आयवृद्दि गर्ने,

(५) समूह मार्फत बजार व्यवस्थापन गर्ने,

(६) कृषकहरुद्वारा उत्पादित वस्तुको बजार मूल्यमा एकरुपता ल्याउने,

(७) उचित भण्डारणको नविनतम् प्रविधि अवलम्वन गर्ने,

(८) सदस्यहरुको सिप विकासका लागि कार्यक्रमहरु तर्जुमा गरी सञ्चालन गर्ने,

(९) समूहको वार्षिक कृषि योजना तयार गरी लागू गर्ने,

(१०) वार्षिक बाली पात्रो बनाई सोहि अनुसार सामूहिक खेती गर्ने, बिक्री वितरण र भण्डारण गर्ने,

(११) सघन कृषि विकास कार्यक्रम, पकेट प्याकेज कार्यक्रम लगायतका कृषि विकासका कार्यक्रमलाई सघाउ पुर्याउने,

(१२) हितकोष सङ्कलन, परिचालन, सदस्यहरुलाई ऋण सेवा उपलब्ध गराउने,

(१३) अन्य कृषि विकासका कार्यक्रमहरु सञ्चालन गर्ने ।

३. **सदस्यताः** एउटै उद्देश्य, समान आर्थिक अवस्था भएका र यस समूहको विधानको परिधि भित्र रहने इच्छा भएका व्यक्तिहरु समूहको सदस्य हुनेछन् ।

३.१. **सदस्यको लागि योग्यताः**

(क) आफैं खेतीपाती गरेको/गर्न सक्षम भएको,

(ख) समूहको उद्देश्य अनुरुप कार्य गर्न ईच्छुक भएको,

(ग) समूहको विधान अनुसार कार्य गर्न मन्जुरी भएको,

(घ) कृषक–कृषक बीच आपसी सहयोग बढाउन ईच्छुक भएको,

(ङ) सदस्यताको लागि १८ वर्ष उमेर पुगेको हुनुपर्ने छ ।

३.२. **साधारण सदस्यः** सदस्यता शुल्क रु. ... ... तिरेर साधारण सदस्यताको निवेदन दिई कार्य समितिको निर्णय बमोजिम साधारण सदस्यता प्राप्त गर्न सक्नेछ। यस्तो सदस्यले मासिक बचत रु. ... ... प्रत्येक महिना जम्मा गर्नुपर्नेछ । समूह गठन भईसकेपछि कुनै पनि योग्यता पुगेको व्यक्तिले समूहको सदस्यता लिन चाहेमा समूहमा आवद्ध प्रति सदस्य बराबर उक्त मितिसम्म सञ्चित हितकोष र सोको ब्याज साथै नियमानुसारका अन्य शुल्क बुझाई सदस्यता प्राप्त गर्न सक्नेछ ।

३.३. **सदस्यता कायम नरहने अवस्था (सदस्यको अयोग्यता)** : कार्य समितिले निम्न अवस्थामा सदस्यहरुलाई सदस्यताको लागि अयोग्य ठहर्याइ सदस्यता समाप्त गर्न सक्नेछ ।

(क) तोकिएको मासिक बचत तथा अन्य तिर्नुपर्ने रकम ३ महिना सम्म नतिरेमा ।

(ख) विधानको उद्देश्य विपरीत कार्य गरेमा वा समूहको रकम वा कागजात हिनामिना गरेमा वा अन्य कुनै कारणले कार्य समितिबाट निष्कासन गरेमा ।

(ग) सदस्यताबाट राजीनामा दिएमा (सदस्य रहन नचाहेको लिखित निवेदन कार्य समितिले सदर गरेमा)

(घ) अपराधिक कार्यमा संलग्न भएको दोष प्रमाणित भएमा ।

(ङ) कृषि पेसा त्यागी अन्य कार्य गर्न थालेमा ।

(च) मृत्यु भएमा ।

(छ) समूहको सिद्धान्त वा प्रतिष्ठामा आँच आउने कार्य गरेमा ।

(ज) कानुन विपरीत कार्य गरेमा ।

## ४. साधारण सभा तथा कार्य समितिः

४.१. **साधारण सभाः** यस समूहको सदस्यता प्राप्त सम्पूर्ण सदस्य साधारण सभाको सदस्य हुने छन् ।साधारण सभा समूहको उच्चतम निकाय हुनेछ । यसले विधान पारित एवं संशोधन गर्न सक्नेछ । साधारण सभा वर्षमा एक पटक बस्नेछ तर आवश्यकता अनुसार जुनसुकै बेला साधारण सभा बोलाउन सकिनेछ ।

४.२. **साधारण सभाको अधिवेशनः** कार्य समितिले तोकेको मिति र समयमा यस समूहको सचिवले अध्यक्षको परामर्श लिई सम्पूर्ण सदस्यलाई साधारण सभाको स्थान, समय, मिति तथा एजेन्डाको जानकारी गराउनु पर्नेछ ।

४.३. **साधारण सभाको काम, कर्तव्य र अधिकारः**

(क) कार्य समितिको निर्वाचन गर्ने तथा गठन गर्ने ।

(ख) विधान संशोधन गर्ने ।

(ग) वार्षिक बजेटको अनुमोदन गर्ने ।

(घ) समूहको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

(ङ) समूहको वार्षिक कार्य योजना बनाउने ।

(च) समूहले कार्य योजना बनाउँदा कम्तिमा ६० प्रतिशत कृषि कार्यक्रम बनाउने ।

(छ) कानुनले तोके बमोजिम अन्य कार्य गर्ने ।

४.४. **साधारण सभाको गणपुरक सङ्ख्याः** समूहको साधारण सभाको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्यहरुको उपिस्थितमा हुनुपर्नेछ । तोकिएको संख्यामा उपस्थिति नभए ७ दिन भित्र अर्को सभा बोलाउनु पर्नेछ । यसमा कुल साधारण सदस्यको ३३ प्रतिशत उपिस्थिति भएमा पनि यो सभाको बैठक बस्नेछ ।

४.५. **कार्य समिति गठन विधिः**

(क) कार्य समिति ७ देखि ११ सदस्य हुनेछ ।

(ख) कार्य समितिमा अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्य हुने छन् । आवश्यकता अनुसार उपाध्यक्ष तथा सह-सचिवको पनि व्यवस्था गर्न सकिनेछ ।

(ग) कार्य समितिका पदाधिकारीहको नियमित बैठक हरेक महिनाको ... ... ... गते/दिन हुनेछ । तर आवश्यकता भए जुनसुकै समयमा पनि बस्न सक्ने छ ।

(घ) कार्य समितिको पदाधिकारीहरुको कार्य अवधि २ वर्षको हुनेछ ।

(ङ) कार्य समितिको कुनै पद खाली भएमा साधारण सदस्य मध्येबाट कसैलाई पनि कार्य समितिको पदमा समितिको बहुमतबाट मनोनित गर्न सक्नेछ ।

(च) कार्य समितिको गणपुरक संख्या २/३ लाई मानिनेछ तथा निर्णय बहुमतद्वारा हुनेछ।

(छ) साधारण सभाले निर्वाचन प्रकृयाद्वारा अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा अन्य पदाधिकारीहरुको चयन गरी कार्य समिति गठन गर्नेछ तर अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये एक पदमा महिला सदस्य अनिवार्य रुपमा हुनुपर्दछ ।

४.६. **कार्य समितिको काम, कर्तव्य र अधिकारः**

(क) विधानको परिधिभित्र रही, समूहको उद्देश्य अनुरुप साधारण सभाले गरेको नीति निर्देशनलाई पालन गर्ने।

(ख) समूहको वार्षिक कार्यक्रम बनाउने तथा समूहको क्रियाकलाप सञ्चालन गर्ने।

(ग) सरकारी तथा गैरसरकारी संस्थाहरुसँग सम्पर्क वृद्दि गर्ने तथा कृषि सम्बन्धी अन्य सङ्घ संस्थाहरुसँग सम्पर्क गरी बढी भन्दा बढी सहयोग प्राप्त गर्ने।

(घ) सहकारीमा जाने प्रयास गर्ने।

(ङ) समूहको कार्य योजना बनाई लागु गर्ने।

(च) समूहको वार्षिक प्रतिवेदन बनाउने र प्रस्तुत गर्ने।

(छ) अन्य तोकिए बमोजिम कार्य गर्ने।

४.७. **समूहको बैठकः** समूहको नियमित बैठक प्रत्येक महिनाको ... ... ... ... ... ... ... गते बस्नेछ। समूहको बैठक कार्य समितिले निधो गरेको स्थान, समय र मितिमा नियमित रुपमा बस्ने छ। पुर्व निर्धारित बैठकमा कुनै सदस्यले भाग लिन नसक्ने भएमा सो को जानकारी कारण सहित पहिले नै दिनुपर्नेछ। लगातार तीन बैठकमा अनुपस्थित हुने सदस्यलाई समूहको सहमतिको आधारमा निष्कासित गरिनेछ।

## ५. पदाधिकारीको काम, कर्तव्य र अधिकारः

### ५.१. अध्यक्षको काम, कर्तव्य र अधिकारः

(१) आवश्यकता अनुसार समूहको बैठक र साधारण सभा बोलाउने,

(२) बैठकको अध्यक्षता गर्ने तथा बैठक नियन्त्रण गर्ने,

(३) समूहलाई क्रियाशील गराउने र उद्देश्य प्राप्तिका लागि आवश्यक कार्य गर्ने,

(४) कुनै विषयमा मतदान हुँदा मत बराबर भएमा निर्णायक मत दिने,

(५) विधानमा तोकिए अनुसार साधारण सदस्यले माग गरे अनुरुप विशेष साधारण सभा बोलाउने,

(६) समूहले तोकेको काम कारबाही गर्ने,

(७) समूहमा उठेका विवाद समाधान गर्ने,

(८) समूह र कृषि विकाससँग सम्बन्धित निकायहरुसँग सम्पर्क व्यक्तिको रुपमा काम गर्ने,

(९) वार्षिक कार्य योजनाको कार्यान्वयन एवं समूह परिचालनको नेतृत्व लिने,

(१०) समूह बैठकमा भएका निर्णय, वार्षिक साधारण सभा, समितिका निर्णय, वार्षिक प्रगति प्रतिवेदन लगायतका कागजातहरु आवश्यकता अनुसार सम्बन्धित निकायमा पेस गर्ने,

(११) समूहका सदस्यहरुलाई आफ्ना समस्याहरुको पहिचान र तिनको प्राथमिकता तोक्न सघाउने साथै उक्त समस्याहरु समाधान गर्न कार्यक्रम बनाउन र कार्यान्वयन गर्न लगाउने,

(१२) सदस्यहरुलाई क्रियाशिल गराई समन्वय र सहकार्य गर्ने,

(१३) समूह सदस्यहरु बीच मतभेद व्यवस्थापनका लागि सहजीकरण गर्ने।

### ५.२. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः

(१) अध्यक्षको कार्यमा सहयोग गर्ने,

(२) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै कार्य गर्ने,

(३) कार्य समितिले तोकेको कार्य गर्ने।

**५.३. सचिवको काम, कर्तव्य र अधिकारः**

(१) अध्यक्षसँगको परामर्शमा बैठक बोलाउने,

(२) बैठकको तयारी गर्ने,

(३) समूहको माईन्यूट तयार गर्ने,

(४) समूहको सम्पूर्ण कागजातहरु सुरक्षित राख्ने,

(५) समूह बैठक एवं साधारण सभाबाट पारित निर्णयको कार्यान्वयनका लागि पहल गर्ने,

(६) वार्षिक प्रतिवेदन तयार पारी साधारण सभामा पेस गर्ने,

(७) समूहको कार्य योजना निर्माणमा सहयोग गर्ने,

(८) कार्य समितिले तोकेको कार्य गर्ने।

**५.४. कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

(१) समूहको हितकोष रकम नियमित उठाउने र फरफारक गर्ने,

(२) समूहको हितकोष व्यवस्थापन गर्ने,

(३) समूहको सबै कोषको हिसाब किताब सुरिक्षत र दुरुस्त राख्ने,

(४) समूहको चल, अचल सम्पूर्ण सम्पत्तिको सुरक्षाको जिम्मेवारी लिने,

(५) समूहको वार्षिक बजेट तयार पार्न र साधारण सभामा वार्षिक प्रतिवेदन पेस गर्ने एवं लेखा परीक्षण गराउने,

(६) समूह अध्यक्ष तथा सचिवसँग मिलेर खाता सञ्चालन गर्ने।

(७) कार्य समितिले तोकेको अन्य कार्य गर्ने।

**५.५. कार्य समिति सदस्यहरुको काम, कर्तव्य र अधिकारः**

(१) आवश्यकता अनुसार समूहका अन्य उपसमितिमा रहि जिम्मेवारी बहन गर्ने,

(२) कार्य समितिले तोकेको अन्य कार्य गर्ने।

**६. आर्थिक व्यवस्थाः**

**६.१. आर्थिक स्रोतः**

(क) यस समूहको सदस्यहरुबाट उठेको सदस्यता शुल्क,

(ख) समूहको अन्य क्रियाकलापबाट भएको आम्दानी,

(ग) समूहको सदस्यले बचत गर्ने मासिक रकम,

(घ) समूहबाट ऋण लगानी गर्दा उठेको ब्याज,

(ङ) समूहले अन्य संघ/संस्थाबाट पाएको अवसरबाट समूह सदस्यले पाउने निश्चित पारिश्रमिकबाट ... ... प्रतिशत लेबी रकम,

(च) समूह सदस्यले आफ्नो नामबाट गरेको बचत,

(छ) बिलम्व शुल्कबाट प्राप्त रकम,

(ज) अन्य कानुन अनुसार प्राप्त हुने रकम ।

६.२. हितकोषः

(क) श्री ... ... ... ... ... ... ... ... ... ... कृषक समूहको एक हितकोष हुनेछ ।

(ख) श्री ... ... ... ... ... ... ... ... ... ... ... ... बैङ्कमा समूहको खाता रहनेछ ।

६.३. हितकोष परिचालनः

(क) हितकोष रकमको कम्तिमा ५० प्रतिशत कृषि कार्यमा लगानी गर्नु पर्नेछ ।

(ख) समूह सदस्यलाई आवश्यकता भएमा हितकोषबाट ऋण/सापटी लिन सकिनेछ।

(ग) सदस्यले ऋण माग गर्न समूहले तोकेको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(घ) कृषि कार्यको लागि लिइएको ऋणमा ... ... प्रतिशत मासिक ब्याज लाग्नेछ ।

(ङ) अन्य ऋणमा ... ... प्रतिशत मासिक ब्याज लाग्ने छ ।

(च) मासिक ब्याज, मासिक बचत रकम एवं ऋणी सदस्यले तोकिए बमोजिम ऋण किस्ता प्रत्येक महिना बुझाउनु पर्नेछ ।

(छ) ऋण लिँदा ऋण रकमको ... ... प्रतिशत सेवा शुल्क बुझाउनु पर्नेछ ।

(ज) ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... बैङ्कमा समूहको अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ ।

(झ) श्रोत/हितकोष परिचालनका उपायहरुलाई मुख्यतया दुई वर्ग (आवश्यक खर्च र आन्तरिक लगानी) मा विभाजन गर्न सकिन्छ।

(१) **आवश्यक खर्चः** आवश्यक खर्च भन्नाले समूहको कार्यालय र प्रशासनिक खर्च भन्ने जनाउँदछ। जस्तै :-

- कार्यालय खर्च (कापी, कलम, बिल, भौचर, फाइल, रजिष्टर, खाता, पत्रपत्रिका)
- फर्निचर खर्च
- ढुवानी तथा घर भाडा
- अन्य संस्थासँग सदस्यता लिँदा तिर्नुपर्ने खर्च र वार्षिक नवीकरण खर्च
- लेखा परीक्षण खर्च
- कर्मचारी पारिश्रमिक खर्च
- साधारण सभा खर्च
- विविध (समूहको बैठकमा चिया, नास्ता आदि) ।

(२) **आन्तरिक लगानीः** आन्तरिक लगानी भन्नाले समूहभित्रको सदस्य बीचको लगानी भन्ने जनाउँदछ ।जस्तै :-

- उत्पादनमूलक कार्य (उत्पादन तथा उत्पादन सामग्री खरिद-बिक्री),
- मल, बीउ, बाली संरक्षण, तरकारी, बोट बिरुवा किन्न र प्रयोग गर्न,
- आयमुलक कार्य गर्न (फलफूल खेती, बङ्गुरपालन आदि),

- घरेलु आयमुलक कार्य गर्न (स्थानीय सिप, रेशमपालन, सिलाई बुनाई, मौरीपालन, तरकारी खेती, करेसाबारी, फलफूल खेती आदि),
- सामाजिक कार्य जस्तै :- सफाई अभियान, पहिरो नियन्त्रण, वृक्षारोपण, कुलो निर्माण, स्वास्य् , महिला विकास, वातावरण संरक्षण आदि•,
- सीप विकास जस्तै प्याकेजिङ, नर्सरी स्थापना, तालीम आदि,
- बौद्धिक कार्य जस्तै तालीम, प्रवचन, भ्रमण, गोष्ठी आदि,
- पूँजी लगानी, कर्जा प्रवाह, शेयर खरिद आदि।

६.४. **बिलम्ब शुल्कः**

(क) मासिक बचत रकम तोकेको समयमा नतिरेमा पहिलो महिना रु. ... ... बिलम्ब शुल्क लाग्नेछ ।

(ख) दोस्रो महिना रु. ... ... बिलम्ब शुल्क लाग्ने छ।

(ग) तेस्रो महिना रु. ... ... ...

(घ) चौथो महिनाबाट सदस्यता खारेज हुनेछ।

(ङ) प्रत्येक महिना बुझाउनु पर्ने ऋण किस्ता र ब्याज नबुझाएमा पहिलो महिना रु. ... ... दोस्रो महिना रु. ... ... ... र तेस्रो महिना रु. ... ... ... बिलम्ब शुल्क लाग्ने छ। चौथो महिना ऋण रकम तथा ब्याजहरु ऋणी र जमानी सदस्यहरुबाट असुलउपर गरिनेछ।

(च) एक सदस्यको जमानी बसेको सदस्यले अर्कोको पुनः जमानी बस्न पाउने छैन।

(छ) जमानी सदस्यले ऋण पाउने छैन तर ऋणी सदस्यले ऋण तिरीसकेपछि जमानी सदस्यले ऋण पाउन सक्ने छ।

(ज) ऋण लिएको सदस्यले अर्को सदस्यको जमानी बस्न पाउने छैन।

(झ) ऋण लिनको लागि ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... सम्म एक सदस्यको जमानी ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... सम्म दुई सदस्य र ... ... सम्मको अवधिको लागि तीन सदस्यको जमानी चाहिनेछ ।

६.५. **लगानीको सुरक्षणः** कुनै पनि व्यक्तिले आफ्नो नाममा जम्मा भएको हितकोषको अधिकतम ९०% सम्म मात्र ऋण लिन पाउनेछ। यदि व्यक्तिको नाममा सङ्कलित हितकोषको ९०% भन्दा बढी ऋण लिनुपर्ने भएमा सोही समूहका अन्य २ जना सदस्यको सामूहिक जमानीमा ऋण दिन सकिनेछ। ऋण लिने व्यक्तिले तिर्नुपर्ने साँवा र ब्याज रकम नतिरेको/तिर्न नसकेको खण्डमा जमानी बसेका सदस्य मार्फत असुल उपर गरिनेछ। यदि जमानी मार्फत पनि असुल उपर हुन नसकेको अवस्थामा नेपाल सरकारको प्रचिलत नियमानुसार कारबाही प्रकृया अगाडी बढाईनेछ। ऋण लगानी एवं असुल उपर गर्न ऋण

उप-समितिको स्वीकृति लिनुपर्ने छ। ऋण उप-समितिका सदस्यहरु कसैको पनि जमानी बस्न पाईने छैन।

६.६. **लेखा परीक्षणः** प्रत्येक कृषक समूहले रजिष्टर्ड लेखा परीक्षकबाट आर्थिक वर्षको पहिलो त्रैमासिक भित्र लेखा परीक्षण अनिवार्य रुपमा गराउनु पर्दछ । यसरी गरिएको लेखा परीक्षण वार्षिक साधारण सभाको पूर्ण बहुमतबाट अनुमोदन गर्नुपर्दछ। मुनाफा सम्पूर्ण सदस्यलाई प्रत्येक वर्षको लेखा परीक्षणपछि निजहरुको हिसाब खातामा जम्मा गर्नुपर्दछ।

## ७. विविध

७.१. **निर्वाचन सम्बन्धी व्यवस्थाः** यस समूहको कार्य समिति कायम रहेको अवस्थामा सोही कार्य समितिले र सो समिति कायम नरहेको अवस्थामा साधारण सदस्यहरुको बैठकले एक स्वतन्त्र निर्वाचन अधिकृत १ सहित ३ सदस्य निर्वाचन समिति नियुक्त गर्नेछ। निर्वाचन अधिकृतले नियुक्त भएको मितिले एक महिना भित्र निर्वाचन गराई सक्नु पर्नेछ। सो निर्वाचनमा पर्ने खर्च कार्य समितिले व्यवस्था गर्ने छ। यसमा कार्य समितिको पदाधिकारीहरुलाई मतदान वा सहमतिद्वारा साधारण सभाको सदस्यहरुले छान्ने छन् ।

७.२. **पदावधिः**

(क) कार्य समिति सदस्य तथा पदाधिकारीहरुको पदावधि निर्वाचित भएको मिति देखि २ वर्षको हुनेछ।

(ख) गठित कार्य समितिको पदावधि समाप्त हुन १ महिना अगावै समूहको साधारण सभा बोलाई नयाँ कार्य समितिको चुनाव गराउन अनिवार्य हुनेछ।

(ग) कार्य समितिले विधानमा उल्लेखित आफ्नो कार्यकाल समाप्त हुन १ महिना अगावै निर्वाचन गराउन नसकेको तथा निजको कार्य अवधि समाप्त भएपछि सो कार्य समितिले बैठक बोलाई एउटा तदर्थ (प्रबन्ध वा तयारी) समिति खडा गरी सो तदर्थ समितिद्वारा साधारण सभाको बैठक बोलाई नयाँ कार्य समितिको गठन गर्नेछ।

(घ) कार्य समितिको पदावधि समाप्त हुनु अगावै कार्यरत कार्य समिति कुनै किसिमबाट भङ्ग हुन गएमा भङ्ग भएको कार्य समितिले आफ्नो जिम्मामा रहेको कागजपत्र, नगद, जिन्सी कार्य भार समेत सम्पूर्ण सदस्यको सभा बोलाई अथवा कार्यालय सचिवलाई बुझाई सो को भरपाई लिनु पर्नेछ। यसो नगरेर समूहलाई हानी नोक्सानी भएमा सो को जिम्मेवारी कार्य समितिका अध्यक्ष र सचिव दुवैले संयुक्त रुपमा बेहोर्नु पर्नेछ।

धर्मदेवी नगरपालिका, संखुवासभा

७.३. **उम्मदेवारको अयोग्यताः**

(क) जो कृषि पेशामा संलग्न छैन,

(ख) जो कृषक समूहमा छैन,

(ग) जसले समूहको उद्देश्य विपरीत कार्य गर्दछ,

(घ) जसको मानसिक अवस्था सामान्य छैन,

(ङ) फौजदारी अभियोगमा सजाय पाएको व्यक्ति ।

७.४. **अविश्वासको प्रस्तावः** साधारण सभाको सदस्यहरु मध्येबाट एक तिहाई सदस्यहरुले कार्य समिति उपर अविश्वासको प्रस्ताव ल्याई दुई तिहाई सदस्यहरुबाट सो प्रस्ताव पारित भएमा कार्य समिति विघटन हुनेछ। तर अविश्वासको प्रस्ताव आएमा सफाईको मौकाबाट बञ्चित गरिने छैन ।

७.५. **राजिनामाः** यस समूहको अध्यक्षले उपाध्यक्ष (भए) समक्ष वा सचिव समक्ष र अध्यक्ष बाहेक अन्य कार्य समितिका पदाधिकारीहरुले अध्यक्ष समक्ष राजीनामा दिन सक्नेछन् । तर कार्य समितिको बैठकबाट स्वीकृत नभए सम्म आफ्नो पदमा बहाली रहिरहने छन्।

७.६. **विधान संशोधनः** समूहको विधान संशोधन गर्न आवश्यकता पर्न आएमा साधारण सभाको सदस्यहरु मध्येका कम्तिमा ५१ प्रतिशत सदस्यहरुको उपस्थितिमा विधान मस्यौदा पेस गरिने छ । उपस्थित सदस्यहरु मध्येका दुई तिहाई बहुमतबाट विधान संशोधन मस्यौदा पारित भएमा विधान संशोधन गरिने छ तर संशोधित विधान धर्मदेवी नगरपालिकाबाट अनुमोदित नभएसम्म संशोधन भएको मानिने छैन ।

७.७. **नियम बनाउनेः** साधारण सभाले आन्तरिक सञ्चालन नियमहरु बनाउन सक्नेछ ।

७.८. **उपसमितिहरु गठन गर्न सक्नेः** साधारण सभाले एवं कार्य समितिले साधारण सभाको स्वीकृति लिई आफ्ना कार्यक्रमहरु सञ्चालन गरी समूहको लक्ष्य र उद्देश्य पुरा गर्न उपसमितिहरु बनाउन सक्नेछ ।

७.९. **बिघटनः** समूहको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकि वा उद्देश्य पुरा गर्न असफल भए वा २ वषर्सम्म समूह नवीकरण नभएमा समूह विघटन हुनेछ । यसरी समूह विघटन भए बचत रकम सम्पूर्ण सदस्यलाई फिर्ता गर्नुपर्नेछ ।

७.१०. **समूह छोड्नुपर्ने अवस्था/ सदस्यको मृत्यु/ सदस्यले पाएको अवसरः** कुनै पनि सदस्यले समूह छोड्न चाहेको खण्डमा निजको नाममा सङ्कलन भएको हितकोष रकमबाट ३% कट्टा गरी बाँकी रकम भुक्तानी दिईनेछ। यदि कुनै सदस्यको मृत्यु भएमा निजले बचत गरेको सम्पूर्ण रकम निजको एकाघरको आफन्तलाई समूहले दिने ब्याज सहित फिर्ता दिइनेछ। समूहले कुनै पनि संघ/संस्था/कार्यालयबाट पाएको कुनै पनि अवसर, सामग्रीहरु आवश्यकता हेरी समूहको बैठकबाट निर्णय गराई पालो-पालो सबै सदस्यले पाउने गरी वितरण गरिनेछ ।

७.११. **समूहको चल अचल सम्पत्तिः** समूह विघटन भए पश्चात् समूहको चल अचल सम्पत्ति धर्मदेवी नगरपालिकाको कार्यालयको निर्णय बमोजिम हुनेछ। उक्त निर्णय चित्त नबुझेको खण्डमा धर्मदेवी नगरपालिकाको न्यायिक समिति समक्ष निवेदन पेस गर्न सकिनेछ र सो सन्दर्भमा न्यायिक समितिको निर्णय नै अन्तिम हुनेछ ।

## कृषक समूह दर्ता फारम (१ .फाराम नं)

१. दर्ता नं.ः
२. समूहको नामः
३. समूहको किसिमः
४. समूहको ठेगानाः सङ्खुवासभा जिल्ला धर्मदेवी नगरपालिका वडा नं. ... ...
५. गठन मितिः
६. समूहको किसिमः महिला ( ) पुरुष ( ) मिश्रित ( ) बाली विशेष ( ) पशुपन्छीपालक ( )
७. जम्मा सदस्य संख्याः महिलाः पुरुषः
८. गठन हुँदा समूहको उद्देश्यः

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

## समूह दर्ताको लागि निवेदन

श्री नगर कार्यपालिकाको कार्यालय
धर्मदेवीनगर कार्यपालिकाको कार्यालय
मुढेशनिश्चरे, सङ्खुवासभा ।

श्री ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... को सहयोगमा / हामी आफैं सङ्गठित भई गठन भएको हाम्रो समूह दर्ता गरी पाउन निम्न विवरणहरु संलग्न गरी सम्बन्धित वडा कार्यालयको सिफारिस, समूहको विधान र पदाधिकारीहरुको नेपाली नागरीकताको प्रतिलिपि सहित यो निवेदन पेस गरिएको छ ।

**तपसिल**

<u>समूहको विवरण</u>

१. कृषक समूहको नाम ... ... ... ... ... ... ... ... ... ... ... ... स्थापना वर्ष ... ... ...

२. धर्मदेवी नगरपालिका वडा नं. ... ... टोल ... ... ... ... ... संखुवासभा कोशी प्रदेश, नेपाल समूहको उद्देश्य ... ... ... ... ... ... ... ... ... ... समूहको किसिम ... ... ...

३. सदस्य संख्याः पुरुष ... महिला ... ... ... जम्मा ... ... ...

<u>पदाधिकारीहरुको विवरण</u>

| क्र.सं. | नाम | पद | शैक्षिक योग्यता | उमेर | जग्गाको क्षेत्रफल | दस्तखत | फोटो |
|---|---|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | | | | | |
| २ | | उपाध्यक्ष | | | | | |
| ३ | | सचिव | | | | | |
| ४ | | कोषाध्यक्ष | | | | | |
| ५ | | सदस्य | | | | | |
| ६ | | सदस्य | | | | | |
| ७ | | सदस्य | | | | | |

नियमित बैठक बस्ने दिन ... ... ...
प्रति महिना समूहको हितकोषमा जम्मा सङ्कलन हुने रु. ... ... ...
हालसम्म हितकोषमा जम्मा रकम रु. ... ... ...

... ... ...
अध्यक्ष

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

## कृषक समूह दर्ता प्रमाणपत्रको नमुना

धर्मदेवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मुढेशनिश्चरे, संखुवासभा

### कृषक समूह दर्ता प्रमाणपत्र

समूह पद्धतिलाई सुव्यवस्थित गर्दै कृषि प्रसार कार्यलाई टेवा पुर्याउने उद्देश्यले संखुवासभा जिल्ला, धर्मदेवी नगरपालिका, वडा नं. ... ... मा मिति ... ... ... ... ... मा गठित श्री ... ... ... ... ... ... ... कृषक समूहलाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

दर्ता नंः
मितिः

... ... ... ... ... ... ... ...
प्रमुख प्रशासकीय अधिकृत

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

नवीकरण विवरण

| क्र.सं. | नवीकरण मिति | | नवीकरण दस्तुर रु. | नवीकरण गर्ने पदाधिकारी | कैफियत |
|---|---|---|---|---|---|
| | देखि | सम्म | | | |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

## समूह सदस्यताको लागि निवेदनको ढाँचा

श्री अध्यक्षज्यू,

… … … … … … … … … … कृषक समूह, … … … … … … … … … … संखुवासभा

महोदय,

म यस समूहको विधानलाई स्वीकार गरी समूहको सदस्यता प्राप्त गर्ने इच्छा भएकोले नियमानुसार सदस्यता प्रदान गर्नु हुन विनम्र अनुरोध गर्दछु ।

**निवेदकको विवरण**

नामः

बाबुको नामः

ठेगानाः

शैक्षिक योग्यताः

कृषि पेसामा दखलः

खेती/जग्गाको विवरणः

लगाउने गरेको बालीहरुः

**समूहको सदस्यताको लागि सिफारिस गर्ने समूह सदस्यकोः**

१) नामः

दस्तखतः

२) नामः

दस्तखतः

निवेदकको नामः … … … … … … …

दस्तखतः … … … … … … … … …

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

## ऋण माग फारामको नमुना

**मितिः** ... ... ... ... ... ... ... ... ... ... ... ...

श्री अध्यक्षज्यू,

... ... ... ... ... ... ... ... ... ... ... ... कृषक समूह, ... ... ... ... ... ... ... ... ... ... ... ... संखुवासभा

**विषयः** ऋण उपलब्ध गराई दिने बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा मलाई ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... कामको लागि रकमको आवश्यकता परेकोले रु. ... ... ... ... ... ... ... ... ... ... ... ... अक्षरेपि ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... मात्र समूह हितकोषबाट ऋण उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु । साथै यसै निवेदनको साथ जमानी सदस्यहरुको सिफारिस समेत पेस गरेको छु । नियमानुसार ऋणको किस्ता, मासिक ब्याज, मासिक बचत नियमित रुपले प्रत्येक महिना बुझाउने छु ।

निवेदकको नामः ... ... ... ... ... ... ... ... ... ... ...

दस्तखतः ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

**जमानी सदस्यहरुः**

दस्तखतः नाम, ठेगानाः

दस्तखतः नाम, ठेगानाः

दस्तखतः नाम ठेगानाः

**समूहको कार्यालय प्रयोजनको लागि**

माग भए बमोजिमको ऋण रु. ... ... ... ... ... ... ... ... (अक्षरेपि ... ... ... ... ... ... ... ... ... ... ... ... मात्र)

मासिक किस्ता रु. ... ... ... ... ... ... ... ... ... ... ... ... (अक्षरेपि ... ... ... ... ... ... ... ... ... ... ... ... मात्र)।

उपलब्ध भएको मितिः ... ... ... ... ... ... ... ... ... ... ... ...

उपलब्ध भएको चेक नं.: ... ... ... ... ... ... ... ... ... ... ... ...

कोषाध्यक्ष सचिव अध्यक्ष

**प्रमाणीकरण मितिः** २०८१/०६/१३

आज्ञाले

प्रयाश भट्टराई

प्रमुख प्रशासकीय अधिकृत